

आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा आयोगको प्रयास

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर
२०७५

आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा आयोगको प्रयास

२०७५

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

आयोगका पदाधिकारीहरू

अध्यक्ष माननीय अनूप राज शर्मा

सदस्यहरू

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

सचिव

वेदप्रसाद भट्टराई

प्रतिवेदन तयारी समूह

कमल थापा क्षेत्री, मानव अधिकार अधिकृत (आप्रवासन सम्पर्क अधिकृत), राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर

रविलाल नेपाली, अधिकृत तृतीय

विजया दाहाल, उप-प्राध्यापक

द्वन्द्व, शान्ति र विकास अध्ययन विभाग, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग
पोस्ट बक्स नं ९१८२, काठमाडौँ, नेपाल
प्रकाशन मिति : मंसीर, २०७५
प्रकाशन प्रति : १२००

प्रकाशन न : २३५ केन्द्रीय कार्यालय

मुद्रणः ऋचा अफसेट प्रेस

सर्वाधिकारः

राष्ट्रिय मानव अधिकार आयोगको पूर्व स्वीकृतिविना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिने छ ।

मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणको विषयलाई प्रमुख प्राथमिकतामा राखी विगत तीन वर्षदेखि सक्रियरूपमा कार्यहरू सम्पादन गर्दै आइरहेको छ । आयोगले केन्द्रीय कार्यालयलगायत क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमा आप्रवासन सम्पर्क अधिकृत तोकी कार्य गरिरहेको छ भने नीतिगत तहमा भने एक जना माननीय सदस्यलाई जिम्मेवारी तोकी कार्यहरू गर्दै आएको छ । वैदेशिक रोजगारमा जाने कामदारहरूको मूलभूत समस्याहरू देशभित्रै ठगीमा पर्ने र गन्तव्य मुलुकमा विभिन्न समस्याहरू झेल्नु परिरहेको देखिन्छ । गन्तव्य मुलुकहरूमा पर्ने समस्याहरूका सम्बन्धमा नेपाल सरकारको श्रम कूटनीतिक सम्बन्धको प्रभावकारिताका आधारमा निर्भर रहन्छ । वैदेशिक रोजगारमा नेपालभित्रै देखिएको समस्या समाधानका लागि नेपाल सरकारको सक्रिय इच्छाशक्ति, निजी क्षेत्रको इमानदारिता र रोजगारमा जाने व्यक्तिहरूको ज्ञान र सिपका कुराहरू प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेमा मात्रै समस्या समाधान हुने देखिन्छ भने गन्तव्य मुलुकमा देखिएका समस्याहरू समाधानतर्फ भने नेपाल सरकारको सवल र प्रभावकारी कूटनीतिक उपस्थितिले नै गर्न सक्दछ ।

आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणका विषयलाई केन्द्रित गरी नेपाल सरकारलाई समेत सहयोग हुने गरी यस आयोगले गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग द्विपक्षीय समझदारीका कार्यहरू अगाडि बढाइरहेको छ । यसको ज्वलन्त उदाहरणका रूपमा यो आयोग र राष्ट्रिय मानव अधिकार समिति कतारसँग सन् २०१५ मा गरिएको समझदारीपत्रलाई लिन सकिन्छ । यस समझदारीपत्रका आधारमा पीडितहरूलाई उपचार प्रदान गर्ने कार्यहरू हुँदै आएका छन् । गन्तव्य मुलुकका अन्य राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग पनि समझदारीपत्र तयार गर्ने कार्यहरू आयोगले अगाडि बढाइरहेको छ । यस्ता प्रकारका समझदारीपत्रले सरकारले गर्ने कामलाई प्रत्यक्ष सहयोग पुग्ने आशा गर्न सकिन्छ । यस आयोगले यस्ता विषयहरू राष्ट्रिय मानव अधिकार संस्थाको एसिया प्रशान्त मञ्च र राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्व मञ्चसमेतमा छलफल गर्दै आएको छ । नेपाल सरकारले नीतिगत तथा कार्यविधिगत सुधारका लागि गर्नुपर्ने विषयमा समेत आयोगबाट समय समयमा सिफारिस हुँदै आएको छ भने कार्यान्वयनका लागि नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरूसँग समेत छलफल हुँदै आइरहेको छ ।

यो प्रतिवेदन आयोगबाट आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि गरिएको प्रयासहरूसँग मात्र सम्बन्धित रहेको छ र यसबाट सबै सरोकारवालाहरूलाई आयोगको प्रयासहरूका बारेमा समेत जानकारी हुने छ भन्ने समेत अपेक्षा राखेको छु । प्रतिवेदन तयारीका लागि सुपरिवेक्षण गर्ने माननीय सदस्य सुदिप पाठक, प्रतिवेदनलाई यो स्वरूपमा ल्याई अन्तिम रूप दिने आप्रवासन सम्पर्क अधिकृत कमल थापा क्षेत्रीलगायत आयोगबाट सम्पदान गरिएका प्रमुख कार्यहरूमा आर्थिक सहयोग गर्ने सोलिडारिटी सेन्टर श्रीलङ्कालाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा सबै सरोकारवालाहरूसँग आयोगले सम्पादन गर्ने कार्यमा सहयोग र सुझाव आगामी दिनमा पनि प्राप्त हुने छ भन्ने विश्वाश समेत मैले लिएको छु ।

अनूप राज शर्मा
अध्यक्ष

भूमिका

वैदेशिक रोजगारका लागि आप्रवासन कहीँ इच्छा तथा कहीँ बाध्यताको परिवेश विश्वमा देखिन्छ । वैदेशिक रोजगार एकातर्फ विकासका लागि सकारात्मक रूपमा लिइन्छ भने अर्कोतर्फ यसको व्यवस्थापन उत्पत्ति मुलुक र गन्तव्य मुलुकलाई चुनौतीका रूपमा देखा परेको छ । उत्पत्ति मुलुकहरूबाट बहुसंख्यक अदक्ष कामदारहरू गैरकानूनी रुपमा वैदेशिक रोजगारमा जाने हुनाले श्रमशोषण, यौनशोषण, अलपत्रलगायतका समस्याहरू उनीहरूले भोग्नु परिरहेका तथ्यहरू देखा परेका छन् । नेपालका सन्दर्भमा वार्षिक रूपमा उत्पादन हुने श्रमशक्तिलाई स्वदेशमै पर्याप्त आय आर्जन हुने रोजगारी प्राप्त नहुनाले समेत वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता रहेको छ । कुनै पनि व्यक्तिले व्यक्तिगत वा संस्थागत रूपमा कानुनको परिधिभित्र रही व्यवसाय गर्न पाउने अधिकारको राष्ट्रिय मानव अधिकार आयोग सम्मान गर्दछ । तर, व्यवसाय गर्ने नाममा श्रमिकको मानव अधिकार हनन गर्ने छुट कुनै व्यक्तिलाई वा संस्थालाई हुनु हुँदैन भन्ने आयोगको धारणा रहेको छ ।

वैदेशिक रोजगारीका लागि आप्रवासनको प्रक्रियामा वा विदेशमा कार्यरत हुँदा वा अप्ठ्यारोमा परी फर्केर आएपश्चात् सम्बन्धित श्रमिकको मानव अधिकार र श्रम अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हुन आउँछ । नेपालले पनि आफ्ना नागरिकको अधिकार संरक्षणको दायित्व पूरा गर्नका लागि विभिन्न प्रयासहरू गरेको छ; जसअन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने भन्दै वैदेशिक रोजगार नीति, ऐन, नियमावली तथा निर्देशिकाहरू जारी गरिएका छन् । त्यति मात्र नभई वैदेशिक रोजगार विभाग, न्यायाधिकरण, प्रवर्द्धन बोर्डजस्ता संस्थाहरू निर्माण गर्नु र श्रम सहचारीको नियुक्ति वा दूतावास खोली श्रमिकको समस्या समाधानका प्रयास गर्नु सकारात्मक कदम देखिन्छ । तर, अन्य क्षेत्रमा झैँ विद्यमान ऐन कानुन कार्यान्वयनमा कमजोरी, कानुन उल्लङ्घन गर्नेलाई कारवाही गर्नमा इच्छाशक्तिमा कमी हुनु, सुशासन कायम राख्न नसक्नु र पीडितको अधिकार संरक्षणमैत्री प्रभावकारी कार्यक्रम नहुनु मूल समस्या रहेको देखिन्छ । खासगरी आप्रवासी श्रमिकहरूविरुद्ध गंम्भीर ज्यादतीमा संलग्न व्यवसायीहरूउपर कारवाही गरी दण्डहीनता अन्त्य गर्नेतर्फ राज्यका संयन्त्रहरूले हस्तक्षेपकारी भूमिका खेल्न नसक्दा दिनानुदिन पीडितहरूको मानव अधिकार उल्लङ्घन हुन गई सबैभन्दा गरिव तप्काका आप्रवासी श्रमिकहरू शोषित र पीडित हुनु परिरहेको अवस्थामा आयोगको गम्भीर सरोकार रहेको छ । गन्तव्य मुलुकमा आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि श्रमिक पठाउने मुलुकहरूसँग Bilateral Agreement हरू गर्न र श्रम कूटनीति बलियो बनाई विदेशमा पनि श्रमिकहरू अप्ठ्यारोमा पर्दा प्रभावकारी सम्बोधन गरी सहयोग पुऱ्याउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ । त्यसैगरी नेपालभित्रै वैदेशिक रोजगारका कारण पीडित भएकाहरूका लागि काठमाडौँमा मात्रै केन्द्रीकृत वैदेशिक रोजगारसम्बन्धी निकायहरूको विकेन्द्रीकरण गरी श्रमिकहरूको सेवा र न्यायमा पहुँच सहज बनाउनुपर्ने आवश्यकता रहेको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको अधिकार हनन नेपालको मानव अधिकारको समग्र अवस्थामा एक जटिल विषय बन्दै गएको कुरालाई मध्यनजर गर्दै राष्ट्रिय मानव अधिकार आयोगले यस विषयलाई आफ्नो प्राथमिकतामा राखेको छ । पछिल्ला वर्षहरूमा आयोगले

आफ्नो केन्द्रीय कार्यालय र सबै क्षेत्रीय वा उपक्षेत्रीय कार्यालयहरूमा फोकल अफिसरकै व्यवस्था गरी यस विषयमा उजुरी ग्रहण गर्ने, अनुगमन गर्ने, परामर्शहरू एवम् सरकारलाई सिफारिसहरू गर्ने गर्दै आएको छ । यो प्रतिवेदन बिशेष गरी आयोगले आप्रवासी नेपाली कामदारहरूको अधिकार संरक्षणमा हालसम्म गरेका प्रयासहरूमा केन्द्रित रही तयार गरिएको छ । आप्रवासनमा जानेहरूमा त्यस देशमा काम गर्दा अपर्याप्त ज्ञान सिप तथा सुरक्षाका कारणबाट मृत्यु वरण गर्नुपर्ने, अङ्गभङ्ग हुनुपर्ने र नेपाल फर्किएपछि न्यायका लागि समेत लामो समय कुर्नुपर्ने अवस्था रहेको छ । राष्ट्रिय मानव अधिकार आयोग यसको अन्त्य भएको हेर्न चाहन्छ । तसर्थ, राष्ट्रिय मानव अधिकार आयोगले यस विषयलाई मानव अधिकारको एक महत्त्वपूर्ण प्रमुख विषय मान्दै आयोग क्रियाशील रहने छ । आगामी दिनहरूमा आयोगले यस विषयलाई प्राथमिकतामा राखी समाधानका लागि गर्नुपर्ने कार्यहरूका बारेमा सबै सरोकारवालाहरूको सहयोग र सुझावको समेत अपेक्षा राखेको छ । आयोगका प्रयासहरूको विषयमा प्रशासनिक संयोजन एवम् सुझाव तथा सल्लाहको लागि आयोगका सचिव वेदप्रसाद भट्टराईसमेत धन्यवादका पात्र हुनुहुन्छ । यो प्रतिवेदन तयार गर्ने क्रममा प्रतिवेदनलाई अन्तिम रूप दिने आप्रवासन सम्पर्क अधिकृत कमल थापा क्षेत्री, अधिकृत तृतीय रविलाल नेपाली, प्रतिवेदन तयारी कार्यलाई सहयोग गर्ने उप-प्राध्यापक विजया दाहाल, विज्ञ सुझावका लागि आप्रवासन अधिकार अनुसन्धानकर्ता रामेश्वर नेपाल एवम् प्रतिवेदन तयारीका लागि सुझाव दिने आयोगका निर्देशक मुरारी खरेलसमेतलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आयोगबाट सम्पादन गरिएका मुख्य कार्यहरू, सम्मेलनहरू, राष्ट्रिय परामर्श गोष्ठी, क्षमता अभिवृद्धि कार्यक्रममा आर्थिक सहयोग गर्ने सोलिडारिटी सेन्टर श्रीलङ्कालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, यस कार्यमा सहयोग गर्नुहुने प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूलाई धन्यवाद दिन चाहन्छु ।

सुदिप पाठक
सदस्य
आप्रवासन कामदारसम्बन्धी

विषयसुची पृष्ठ नं.

परिच्छेद–एक

प्रारम्भिक

१.१ पृष्ठभूमि १
१.२ परिचय २
१.३ राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश २
१.४ प्रतिवेदनको उद्देश्य र औचित्य ४
१.५ प्रतिवेदन तयारी पद्धति ५
१.६ प्रतिवेदनको सीमा ५
१.७ अनुच्छेद योजना ५

परिच्छेद–दुई

आप्रवासी कामदारहरुको संरक्षणको लागि राष्ट्रिय कानून, संरचनाहरु र अन्तर्राष्ट्रिय दस्तावेजहरु

२.१ आप्रवासी कामदारहरूको राष्ट्रिय परिवेश ६
२.२ नेपालको कानुनी व्यवस्था र संरचनाहरु ९
२.३ मानव अधिकार अन्तराष्ट्रिय महासन्धिहरू र आप्रवासी कामदारहरूको अधिकार २०

परिच्छेद–तीन

राष्ट्रिय मानव अधिकार संस्थाका प्रयासहरू

३.१ राष्ट्रिय मानव अधिकार संस्थाको परिचय २८
३.२ राष्ट्रिय मानव अधिकार संस्थाहरूको क्षेत्रीय सञ्जाल २९
३.३ आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि राज्यले अवलम्बन गर्नुपर्ने मानव अधिकारका मूलभूत मापदण्डहरू २९
३.४ राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रमुख क्षेत्रीय तथा अन्तराष्ट्रिय सम्मेलनहरू ३०
३.५ राष्ट्रिय मानव अधिकार संस्थाहरू विच द्विपक्षीय सहयोगका अभ्यासहरू ३०
३.६ आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले योगदान गर्न सक्ने प्रमुख क्षेत्रहरू ३१
३.६ राष्ट्रिय मानव अधिकार आयोग नेपालको प्रयासहरू ३८

परिच्छेद–चार

प्राप्त तथ्यहरू, विश्लेषण र सिफारिसरू

४.१ प्राप्त मुख्य तथ्यहरू ६७
४.२ विश्लेषण ६९

४.३ नेपाल सरकारलाई गरिएका सिफारिसरू ७०

अनुसूचीहरू

अनुसूची–एक

सम्मेलन तथा गोष्ठीबाट प्राप्त घोषणपत्र तथा सुझावहरू ७९
विराटनगर सम्मेलनबाट प्राप्त सुझावहरू ७९
जनकपुर सम्मेलनबाट प्राप्त सुझावहरू ८१
राष्ट्रिय परामर्श गोष्ठीबाट प्राप्त सुझावहरू ८२

अनुसूची–दुई

सउल निर्देशिका (Seoul Guideline) ८४

अनुसूची–तीन

तालिम तालीका ९१

अनुसूची–चार

कार्यक्रममा सहभागीहरूको नामावली ९५

अनुसूची–पाँच

तस्वीरहरू ११५

परिच्छेद : एक

प्रारम्भिक

१.१ पृष्ठभूमि

वैदेशिक रोजगारीका लागि श्रम आप्रवासन नेपालको लागि मात्र नभई विश्व परिवेशमा नियमित रूपमा भइरहेको प्रक्रिया हो । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउनुपर्ने विश्व मुलुकको चुनौतीको रूपमा रहेको छ । आप्रवासी कामदारहरूको सुरक्षा, अधिकार, कल्याणकारी कार्यहरूको प्रत्याभूति गर्नु हालका दिनहरूमा मुख्य सरोकार एवम् चुनौतीको विषय रहेको छ । अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (International Organization of Migration) को विश्व आप्रवासन प्रतिवेदन (World Migration Report) २०१८ अनुसार सन् २०१५ मा अन्तर्राष्ट्रिय आप्रवासनको तथ्याङ्क २४४ मिलियन रहेको थियो ।[१] दक्षिण एसियाली क्षेत्रमा आप्रवासनका प्रमुख कारण श्रम प्रयोजनका लागि भएको पाइन्छ । सन् १९७० देखि दक्षिण एसियाली श्रमिकहरूका लागि खाडी मुलुकहरू गन्तव्य मुलुकको रूपमा रहँदै आएको छ । अत्यधिक आर्थिक उपार्जनको आकर्षण र श्रम गर्न सम्भव रहेकाले श्रमिकहरूको रोजाइमा खाडी मुलुक रहेको छ ।[२] नेपालमा आप्रवासनमा गएका श्रमिकहरूले पठाएको विप्रेषणले देशको समग्र आर्थिक अवस्थामा योगदान गरी सुदृढ गर्नुका साथै आप्रवासी श्रमिकहरूको घरपरिवारको आर्थिक अवस्थामा पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ । यसप्रकारको योगदानले गरिबी न्यूनीकरणमा पनि विप्रेषणले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । वार्षिक रूपमा उत्पादन हुने श्रमशक्तिको रोजगारीमा सहज पहुँच नहुनु र स्वदेशमै आर्थिक उपार्जन गर्ने रोजगारीको सम्भावना नभएका कारण श्रम आप्रवासान बाध्यताका साथै आवश्यकतासमेत भएको छ । नेपालको लागि श्रम आप्रवासन नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिए तापनि अपेक्षित रूपले सुरक्षित बन्न सकेको छैन ।[३] संस्थागत रूपमा स्वीकृति लिई श्रम आप्रवासनका लागि खुला गरिएको देशको सङ्ख्या ११० वटा रहेको छ भने व्यक्तिगत श्रम स्वीकृति लिई श्रम आप्रवासनका लागि जान सकिने मुलुकको सङ्ख्या १७२ वटा रहेको छ ।

आप्रवासन श्रमिकहरूका मानव अधिकार संरक्षणका लागि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूले आआफ्नो क्षेत्रबाट विभिन्न प्रयासहरू जारी राखेका छन् । आप्रवासी श्रमिकका अधिकार पनि मानव अधिकार हो भन्ने विषयलाई मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्राथमिकता साथ अगाडि ल्याएका छन् भने नेपाल सरकारले पनि आप्रवासी श्रमिकका हक, अधिकार संरक्षण र संवर्द्धनका लागि विभिन्न ऐन, नीति, नियमावली ल्याई कानुनी संरक्षणका लागि प्रयास गरेको पाइन्छ । नेपाल सरकार अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को सदस्य राष्ट्र हो र नेपालले निष्पक्ष, मर्यादित, श्रम अभ्यासहरू सुनिश्चित गर्ने ११ वटा अभिसन्धिहरूको अनुमोदन गरेको छ । नेपाल श्रम आप्रवासनसँग क्षेत्रीय प्रक्रियाको सदस्य राष्ट्र र मानव अधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूको समेत पक्ष राष्ट्र बनिसकेको छ । सन् २००३ देखि कोलोम्बो प्रक्रियाको सदस्य राष्ट्रका साथै सन् २०१७ देखि कोलम्बो प्रक्रियाको अध्यक्षको जिम्मेवारीसमेत नेपालले

---

[१] विश्व आप्रवासन प्रतिवेदन २०१८

[२] Doherty et.al.,2014

[३] वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७

निर्वाह गर्दै आइरहेको छ।[४] वैदेशिक रोजगार ऐन,२०६४ को दफा २ (क) ले वैदेशिक रोजगारीलाई "कामदारले विदेशमा पाउने रोजगारी सम्झनुपर्छ" भनी परिभाषित गरेको छ। साथै, नेपाल सरकारको नियमअनुसार वैदेशिक रोजगारमा जाँदा काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र जानुपर्छ भन्ने कानुनी व्यवस्थासमेत गरेको छ। आप्रवासी नेपाली श्रमिकहरू लेखबद्ध भई नेपालको अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्नेको सङ्ख्या यकिन गर्न सकिन्छ भने नेपाल र भारतबीच खुला सीमा भएका कारण भारत हुँदै वैदेशिक रोजगारमा जाने अभिलेखबद्ध आप्रवासी नेपाली श्रमिकहरूको तथ्याङ्कलाई अनुमानकै भरमा प्रक्षेपण गर्नुको विकल्पसमेत रहेको छैन। यस अवस्थाले वैदेशिक रोजगारीमा जाने आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षण गर्न नेपाल सरकारलाई चुनौतीको रूपमा रहेको छ। खुला सिमानाका कारण नेपाली श्रमिकहरू भारतमा सहज आवातजावत गर्न सक्ने भएकोले भारतमा काम गर्न गएका नेपाली श्रमिकहरूको सङ्ख्या र उनीहरूबाट प्राप्त विप्रेषणको तथ्याङ्क छैन र सोका लागि हालसम्म कुनै ठोस पहलसमेत भएको देखिँदैन।

१.२ परिचय

वैदेशिक रोजगारीको लागि आप्रवासन हुने विषय बहुआयामिक रहेको छ। यस विषयले घरपरिवार, समाजिक मूल्य, आर्थिक योगदान, हिंसा, स्वास्थ्यमा पर्ने असरलगायत विविध विषयहरूमा सकारात्मक र नकारात्मक दुवै असर पारेको देखिन्छ। वैदेशिक रोजगारका लागि हुने आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले वैदेशिक रोजगार नीति, वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४ समेत प्रयोगमा आएको छ र यसबमोजिम नै व्यवस्थापनका कार्यहरू नेपाल सरकारबाट हुँदै आएको छ। आर्थिक समृद्धितर्फ विप्रेषणको योगदान रहेको छ भने आप्रवासी नेपाली श्रमिकहरूले विभिन्न समस्याहरू भोग्दै आएका तथ्यहरू वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, कन्सुलर सेवा विभाग, गन्तव्य मुलुकका कूटनीतिक नियोगहरू, आयोगमा दर्ता भएको उजुरीका अभिलेखहरूबाट समेत देखिन्छ। वैदेशिक रोजगार ऐनले वैदेशिक रोजगार व्यवस्थापन, श्रम स्वीकृति, संरचनागत व्यवस्था, न्याय सम्पादन तथा कामदारको पुनः एकीकरणका पक्षहरूमा महत्वपूर्ण व्यवस्थाहरू गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट आप्रवासी नेपाली श्रमिक कामदारहरूको हकहित संरक्षणका लागि एवम् वैदेशिक रोजगारलाई मर्यादित र व्यवस्थित बनाउन समयसमयमा विभिन्न निर्देशन, कार्यविधिहरू लागू गरेको देखिन्छ। आयोगबाट यस विषयलाई मानव अधिकार उल्लङ्घनको प्रमुख विषय महसुस गरी विविध कार्यहरू गर्दै आइरहेको छ।

१.३ राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश

नेपालको संविधान २०७२ को धारा २४९ को उपधारा (१) अनुसार मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य रहेको छ।

आयोगलाई संविधान तथा कानुनबमोजिम उल्लेख भएका कर्तव्य र कार्यादेशबमोजिम आप्रवासी कामदारहरूको अधिकार संरक्षणमा हालसम्म गरिएको प्रयासहरूलाई संहिताबद्ध गरी प्रतिवेदनमार्फत सरोकारवालाहरू सबैलाई जानकारी गराउने यस प्रतिवेदनको प्रमुख उद्देश्य रहेको

[४] वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति प्रतिवेदन २०७२/७३-२०७३/७४

छ । आयोगको कार्यादेशका सम्बन्धमा नेपालको संविधान २०७२ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को आधारमा देहायबमोजिम वर्गीकरण गरी हेर्न सकिन्छ :

(क) संरक्षण

- मानव अधिकारको अवस्थाको अनुगमन गरी सरकारलाई सिफारिस गर्ने र अवस्था प्रतिवेदन सार्वजनिक गर्ने,
- कारागार, सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण वा अनुगमन गर्ने,
- मानव अधिकारको उल्लङ्घन तथा दुरुत्साहनमा उजुरी ग्रहण (निवेदकहरूबाट प्राप्त वा स्वविवेक) गरी छानबिन तथा अनुसन्धान गर्ने,
- मानव अधिकारको कुनै गम्भीर उल्लङ्घनमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गरी लिखत, प्रमाण वा सूचना कब्जामा लिने एवम् पीडितको उद्धार गर्ने,
- दोषीउपर कारबाही (मानव अधिकार उल्लङ्घनविरुद्ध मुद्दा चलाउनुपर्ने भए अदालतमा मुद्दा दायर) र पीडितलाई क्षतिपूर्ति, राहत तथा अन्तरिम राहतको लागि सिफारिस गर्ने ।
- पीडितले चाहेमा मानव अधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनबाहेकका निवेदनमा मेलमिलाप गराउने,
- मानव अधिकार संरक्षणका लागि ध्यानाकर्षण गराउने ।

(ख) संवर्द्धन

- मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,
- विद्यालय, विश्वविद्यालयका पाठ्यक्रममा मानव अधिकारसम्बन्धी विषय समावेश गर्न सिफारिस गर्ने,
- मानव अधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,
- मानव अधिकार संवर्द्धन सम्बन्धमा ध्यानाकर्षण गराउने ।

(ग) अन्तर्राष्ट्रिय सन्धि कार्यान्वयन सम्बन्धमा

- मानव अधिकारसम्बन्धी कुनै सन्धिको अनुमोदन गर्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने,
- सरकारले संयुक्त राष्ट्रसङ्घका निकायहरूमा पठाउनुपर्ने प्रतिवेदनमा पठाउनुअघि राय दिने,
- नेपालले अनुमोदन गरिसकेका सन्धिसम्झौताको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने । कार्यान्वयन भएको नपाइएमा कार्यान्वयनका लागि सिफारिस गर्ने ।

(घ) कानुन कार्यान्वयन सम्बन्धमा

- मानव अधिकारसम्बन्धी प्रचलित कानुनको कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने,
- मानव अधिकारसम्बन्धी कानुनहरूको आवधिक रूपमा पुनरावलोकन गर्ने,
- कानुनमा सधार तथा संशोधन गर्नुपर्ने विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने,
- कानुन निर्माण वा संशोधन सम्बन्धमा नेपाल सरकारलाई राय उपलब्ध गराउने ।

ङ) विशेष कार्यादेश

मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगले गरेका सिफारिस वा निर्देशन कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने ।

१.४ प्रतिवेदनको उद्देश्य र औचित्य

राष्ट्रिय मानव अधिकार आयोग नेपाली जनताको मानव अधिकार संरक्षणका लागि संवैधानिक कार्यादेश प्राप्त निकाय रहेको र सोहीबमोजिम मानव अधिकार संरक्षण, संवर्द्धनमा आयोगले काम गर्दै आइरहेको छ । वैदेशिक रोजगार ऐन, २०६४ को कार्यान्वयन भएको एक दशक व्यतित भइसकेको छ । यस ऐनको समेत पीडितहरूको अधिकार संरक्षणका लागि प्रभावकारी भए-नभएको तर्फ पुनरोवलोकन गरी संशोधन गर्नुपर्ने आवश्यकतासमेत देखिन्छ । नेपालको संवैधानिक इतिहासमा पहिलोपटक नेपालको संविधान २०७२ को धारा ५१ मा वैदेशिक रोजगारको विषयहरू राज्यका निर्देशक सिद्धान्तमार्फत सम्बोधन गरेको छ । नेपाल सरकारले वि.सं.२०६८ सालमा वैदेशिक रोजगार नीति तर्जुमा गरी प्रयोगमा ल्याएको छ । वैदेशिक रोजगार ऐन २०६४ को १० वर्षको अभ्यासले कानुनलाई समय सापेक्षरूपमा समस्या समाधानका लागि परिमार्जन गर्नुपर्ने आवश्यकताहरूसमेत देखाउँदै आएको छ र सोहीअनुरूप नीतिगत सुधारका आवश्यकताहरू देखिएका छन् । नेपालको संविधान २०७२ अनुसार नेपाल अहिले राज्यको पुनर्संरचना भइसकेको छ; जसमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू सक्रिय रहेका छन् । राज्य पुनःसंरचनासँगै वैदेशिक रोजगारको व्यवस्थापनको स्थानीयकरण प्रमुख विषय बनेको छ । स्थानीयस्तर नै वैदेशिक रोजगारमा जाने कामदारहरूको उत्पत्तिको ठाँउ रहेका र स्थानीय तहमा नै प्रभावकारी व्यवस्थापन गर्न सकेमा देशभित्र वैदेशिक रोजगारीका लागि हुने आप्रवासन व्यवस्थापनमा देखिने समस्याहरूको न्यूनीकरण हुँदै जाने सम्भावना प्रवल देखिन्छ ।

नेपालले संयुक्त राष्ट्रसङ्घका प्रमुख मानव अधिकार महासन्धिहरू अनुमोदन गरेको छ । आप्रवासनसम्बन्धी विश्व मञ्च, (GFMD) Global Compact on Migration, Abu Dhabi Dialogue (ADD), Colombo Process (CP), Bali Process (BP), र सार्क सङ्गठनजस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्रहरूको पक्ष/योगदानकर्ता रहिआएको छ । संयुक्त राष्ट्रसङ्घको महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाविरुद्धको महासन्धि समिति, आर्थिक समाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धिको प्रतिवेदनमा समितिहरूले दिएका निष्कर्ष र सुझावहरू, विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारलाई दिएका सुझावहरू, सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा जारी भएका परमादेशहरू, राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएका सिफारिस तथा सुझावहरू आप्रवासी नेपाली श्रमिकहरूको अधिकार संरक्षणसँग केन्द्रित रहेको छ ।

वैदेशिक रोजगारीका लागि हुने आप्रवासनलाई मानव अधिकारको संरक्षण र सम्मान हुने गरी सुरक्षित र मर्यादित बनाउनको लागि आयोगबाट हालसम्म भएका प्रयासहरू अनुगमन, अन्तरक्रिया, परामर्श छलफल, विज्ञहरूसँग परामर्श, प्रादेशिक सम्मेलनहरू, राष्ट्रिय परामर्श गोष्ठी, नेपाल भारतको सीमानाकाहरूको अनुगमन, अध्यागमन विभागको अनुगमन, वैदेशिक रोजगार विभागको अनुगमन, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कक्ष र श्रम कक्षको अनुगमन, पीडितहरूसँगको प्रत्यक्ष भेटघाट तथा छलफलहरूबाट प्राप्त भएको तथ्य तथा सुझावहरूका

आधारमा नेपाल सरकारलाई नीतिगत तथा कार्यविधिगत सुधारका लागि आयोगबाट सिफारिस गरिएको छ । यिनै विषयहरूलाई केन्द्रित गरी आयोगबाट यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदन तयारीको प्रमुख उद्देश्य आयोगबाट वैदेशिक रोजगारका हुने आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउनको भएका प्रयासहरू र सोको आधारमा नेपाल सरकारलाई गरिएको सिफारिसहरू सरोकारवालाहरू सबैलाई प्रतिवेदनमार्फत जानकारी गराउनु रहेको छ । यसका अलावा आयोगबाट वार्षिक रूपमा अध्ययन तथा अनुसन्धान, अनुगमन, विभिन्न अध्ययन तथा अनुसन्धानबाट प्राप्त तथ्यहरूका आधारमा तयार गरिने मानव बेचबिखनको अवस्थासम्बन्धी प्रतिवेदनमा वैदेशिक रोजगारका लागि हुने श्रम आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउन नेपाल सरकारलाई गरिएका सिफारिसहरूका बारेमा समेत जानकारी गराउनु मुख्य उद्देश्य रहेको छ ।

१.५ प्रतिवेदन तयारी पद्धति

(क) आयोगको अनुगमनबाट प्राप्त तथ्यहरू,

(ख) आयोगबाट सरोकारवालाहरूसँग गरिएको अन्तरक्रिया, परामर्श छलफल, प्रादेशिक सम्मेलनबाट प्राप्त भएको तथ्यहरू,

(ग) विज्ञहरूसँगको परामर्श र छलफल,

(घ) आयोगबाट हालसम्म सम्पन्न भएका गतिविधिहरू ।

१.६ प्रतिवेदनको सीमा

यो प्रतिवेदन मुख्यरूपमा आयोगले हालसम्म आप्रवासी नेपाली कामदारहरूको अधिकार संरक्षणका सम्बन्धमा सम्पन्न गरेको गतिविधिसँग सम्बन्धित रहेको छ । यस प्रतिवेदनमा आयोगबाट सम्पन्न गरिएको प्रकाशित तथा अप्रकाशित अध्ययन तथा अनुसन्धान प्रतिवेदनहरूका केही अंशहरू साभार गरिएका छन् । अङ्ग्रेजी माध्यममा प्रकाशन भएका प्रतिवेदन तथा स्रोत-सामग्रीहरूलाई नेपाली भाषामा अनुवाद गरी उल्लेख गरिएको छ ।

१.७ प्रतिवेदनको अनुच्छेद योजना

यस प्रतिवेदनमा पहिलो परिच्छेदमा परिचय प्रतिवेदन तयारी पद्धति र प्रतिवेदनको सीमा, दोस्रो परिच्छेदमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजहरूका साथै मानव अधिकार संरक्षणका लागि अन्तर्राष्ट्रिय संरचना एवम् राष्ट्रिय संरचनाहरू रहेका छन् । अनुच्छेद तिनमा आयोगबाट हालसम्म आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि भएका प्रयासहरू रहने छन् भने परिच्छेद चारमा प्राप्त प्रमूख तथ्यहरू, विश्लेषण र नेपाल सरकारलाई गरिएका सिफारिसहरू रहेका छन् ।

परिच्छेद : दुई

मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय कानुन र संरचनाहरू

२.१ आप्रवासी कामदारहरूको राष्ट्रिय परिवेश

वैदेशिक रोजगारमा हुने श्रम आप्रवासनको इतिहास फर्केर हेर्दा वि.सं. १८१६ को नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबीच सम्पन्न भएको सुगौली सन्धिलाई हेर्न सकिन्छ र यही सन्धिलाई वैदेशिक रोजगारको औपचारिक सुरुवात मानिदै आएको छ। यस सन्धिपश्चात् धेरै नेपालीहरू इस्ट इन्डिया कम्पनीमा भर्ना भई गोर्खा सैनिकका रूपमा सेवा गरेको इतिहास पाइन्छ भने सन् १८८६ देखि मात्र नेपालीहरूलाई औपचारिक रूपमा ब्रिटिस सेनामा भर्ति गरिएको पाइन्छ।[५] भारतको स्वतन्त्रतासँगै केही गोरखा सैनिकका रेजिमेन्ट भारतमा र केहीलाई मलेसिया स्थानान्तरण गरेको पाइन्छ। मलेसिया ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भएपछि त्यहाँको सैनिक रेजिमेन्टलाई हङकङमा सारियो भने हङकङ पनि चीनको अधीनमा आएपछि त्यहाँ कार्यरत सैनिकहरूलाई आफ्नै भूमिमा स्थानान्तरण गरेको देखिन्छ। हालको अवस्थामा नेपालीहरू विदेशस्थित सेनाको रूपमा मुख्यत: भारतीय सेना, ब्रिटिस सेनामा कार्यरत रहेका छन् भने सिङ्गापुर पुलिस फोर्सअन्तर्गत सिङ्गापुरमा आफ्नो सेवा दिइरहेको पाइन्छ।[६]

सन् १९७३/७४ पछि तेलको मूल्यमा वृद्धिसँगै मध्यपूर्वका देशमा आम्दानीमा वृद्धि भयो र यी देशले विभिन्न क्षेत्रमा लगानी गर्न सुरु गरेपछि कामदारहरूको आवश्यकता बढ्न थाल्यो। सन् १९८० को दशकमा विश्वव्यापी रूपमा उदारीकरणको लहरसँगै उदारीकरणको अभ्यास नेपालमा पनि सुरु हुन थाल्यो र वैदेशिक रोजगार_नेपालीहरूको आकर्षण हुन पुग्यो। यसै क्रममा सरकारले वैदेशिक रोजगारका लागि हुने श्रम आप्रवासनलाई संस्थागत रूपमा व्यवस्थापन, नियमन गर्नका लागि वैदेशिक रोजगार ऐन २०४२ जारी गरी कार्यान्वयनमा ल्यायो। सो ऐन कल्याणकारी तथा संरक्षणमुखी हुन नसकेकाले २०५६ सालमा नियमावलीलाई कार्यान्वयनमा ल्याइयो। यी ऐन र नियमावलीले पनि वैदेशिक रोजगारीको हुने श्रम आप्रवासनमा देखिएका चुनौती प्रभावकारी रूपमा सामना गर्न नसकेकाले वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४ जारी भई कार्यान्वयनमा रहेको छ।[७]

हालका वर्षसम्म आइपुग्दा नेपाल सरकारले औपचारिक रूपमा वैदेशिक रोजगारीको लागि हुने श्रम आप्रवासनका लागि विश्वका ११० मुलुकहरू खुला गरेको छ भने व्यक्तिगत श्रम स्वीकृति दिई श्रम आप्रवासनका लागि खुला गरिएको मुलुकहरूको सङ्ख्या १७२ वटा रहेको छ। प्रारम्भिक सरकारी

---

[5] (New Era, 1981). 'Study in Inter-Regional Migration in Nepal'. Kathmandu: National Planning Commission

[६] जीवनकुमार राई (२०७३/२०७४). *वैदेशिक रोजगारी र नेपालको पुनर्निर्माण* श्रम तथा रोजगार मन्त्रालय बुलेटिन आ.व. २०७३/२०७४

[७] पौरखी नेपाल (२०७०).सुरक्षित वैदेशिक रोजगार हाते किताब

प्रतिवेदनहरूमा सन् १९९३/९४ मा केवल ३,६०५ नेपालीहरू वैदेशिक रोजगारीका लागि आप्रवासनमा गएको देखिन्छ भने दुई आर्थिक वर्षहरू २०७२/७३ र २०७३/७४ को वैदेशिक रोजगार विभागमा अभिलेख भएका लेखबद्ध कामदारहरूको तथ्याङ्कअनुसार वैदेशिक रोजगार ऐन, २०६४ लागू भएपश्चात्का नौ वर्षमा करिब ३५ लाख हाराहारीमा श्रम स्वीकृति प्रदान गरिएको छ ।[८] यो तथ्याङ्क वैदेशिक रोजगारमा जानेको मात्र रहेको र यसमा फर्केकाहरूको तथ्याङ्कको अभिलेख नभएको हुँदा हालका दिनहरूमा कति सङ्ख्यामा वैदेशिक रोजगारमा छन् भन्ने तथ्याङ्क अभिलेखीकरण हुन नसकेको अवस्था देखिएको छ । नेपाल सरकारले हालै मात्र एकीकृत तथ्याङ्क प्रणालीमा अध्यागमन विभाग, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार विभाग र नेपालका कूटनैतिक नियोगहरूजस्ता निकायहरूसमेतलाई एकीकृत गरी तथ्याङ्क प्रणालीको सुरुवात गरेको छ ।

आ.व. २०५०/२०५१ देखि २०७४/२०७५ सम्म वैदेशिक रोजगारमा गएका सङ्ख्याहरू पुरुष ४८,६९,४५४ जना र महिलाहरू १,९९,९५१ जना लेखबद्ध रूपमा गएकाहरूको तथ्याङ्क वैदेशिक रोजगार विभागमा अभिलेखीकरण भएको छ ।

वैदेशिक रोजगारमा श्रम स्वीकृति लिने नेपाली श्रमिकहरूको सङ्ख्या तल उल्लिखित तालिकामा हेर्दा सन् २००८/२००९ देखि सन् २०१३/२०१४ सम्म बढेको देखिन्छ भने सन् २०१४/२०१५ देखि सन् २०१६/२०१७ को अवधिमा घटेको देखिन्छ ।

तालिका नं २.१ बैदेशीक रोजगार विभागबाट स्विकृती लिई गन्तव्य मुलुकमा गएकाहरुको संख्या

आर्थिक वर्ष	पुरुष	महिला	जम्मा	वार्षिक बड्दो र घट्दो दर	वार्षिक बृद्धि/घट्दो प्रतिशत
सन् २००८/२००९	२,११,३७१	८,५९४	२,१९,९६५	–	–
सन् २००९/२०१०	२,८४,०३८	१०,०५६	२९४,०९४	७४,१२९	३३.७ %
सन् २०१०/२०११	३,४४,३००	१०,४१	६३५४,७१	६०,६२२	२०.६
सन् २०११/२०१२	३६१,७०७	२२,९५८	३८४६६५	२९,९४९	८.४
सन् २०१२/२०१३	४२३,४८२	२७,७६७	४५१,२४९	६६,५८४	१७.३
सन् २०१३/२०१४	४९२,६५०	२९,१९९	५२१,८४९	७०,६००	१५.६
सन् २०१४/२०१५	४७७,६९१	२१,१४१	४९९,१०२	-२२,७४७	-४.४
सन् २०१५/२०१६	३८५,२२७	१८,६४०	४०३,६८७	-९५,४१५	-१९.१
सन् २०१६/२०१७	३६२,८२	६२०,१२०	३८२,९४६	-२०,७४१	-५.१
जम्मा	३३,४३,२९२	१६८,९८१	३५,१२,२७३		

स्रोत : श्रम तथा रोजगार मन्त्रालयको प्रतिवेदन २०१८, सारांश

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार श्रम स्वीकृति लिएर श्रम आप्रवासनका लागि वैदेशिक रोजगारमा जाने उच्च १० जिल्लाहरूमा धनुषा, झापा, मोरङ, सिरहा, महोत्तरी, सर्लाही, सुनसरी, नवलपरासी, रूपन्देही र सप्तरी रहेका छन् । त्यसैगरी वैदेशिक रोजगारमा जाने महिलाहरूको

[८] वैदेशिक रोजगारका लागि श्रम आप्रवासन, नेपालको स्थिति प्रतिवेदन २०७२/७३-२०७३/७४

सङ्ख्या उच्च १० जिल्लाहरूमा झापा, सिन्धुपाल्चोक, मकवानपुर, मोरङ, काठमाडौँ, काभ्रे, नुवाकोट, सुनसरी, इलाम र चितवन रहेका छन् ।

संयुक्त अरव ईमीरेट्स, मलेसिया, कतार, साईप्रस, साउदी अरेवीया, कुवेत,लेबनान, जोर्डन, ओमन र गणतन्त्र दक्षिण कोरिया आप्रवासी नेपाली श्रमिक महिलाहरूका सबैभन्दा उच्च १० गन्तव्य मुलुकहरू रहेका छन् ।

सन् २०१७ मा नेपाल सबै मुलुकहरूमध्ये कुल गाहर्स्थ उत्पादनको हिस्सामा चौथो ठूलो र सार्क मुलुकहरूका विप्रेषण प्राप्त गर्ने मुलुकहरूमध्ये सबभन्दा उच्च विप्रेषण प्राप्त गर्ने मुलुकमा नेपाल पर्दछ ।[9] आर्थिक वर्ष २०६५/६६ मा भित्र्याएको २०९.७ अर्ब नेपाली रुपियाँको विप्रेषणमा वृद्धि भई आर्थिक वर्ष २०७३/७४ मा ६९९ अर्ब नेपाली रुपियाँ पुग्यो ।

आर्थिक वर्ष २०६९/७० देखि आर्थिक वर्ष २०७२/७३ को बीचमा वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार न्यायाधीकरणमा दर्ता गरिएको कुल १२,०९० उजुरीहरूमध्ये ४,६२७ व्यक्तिहरूको विरुद्धमा थिए । वैदेशिक रोजगारीका क्रममा मानव बेचबिखन तथा ओसारपसराका कसुरमा महानगरीय प्रहरी परिसर काठमाडौँमा सन् २०१६/२०१७ मा छवटा मुद्दा दर्ता भएको थियो । भारत हुँदै विभिन्न मुलुकहरूमा, बैङ्कक हुँदै विभिन्न अफ्रिकन मुलुकहरू, ल्याटिन अमेरिका र अमेरिका गैरकानुनी रूपमा जाने प्रवृत्तिमा पनि बढोत्तरी देखिन्छ ।

वैदेशिक रोजगार विभागमा सन् २०१५/२०१६ र २०१६/२०१७ मा क्रमशः व्यक्ति विरुद्ध ७०४ र ९३१ रहेको त्यसैगरी संस्थागत उजुरी क्रमशः १४६८ र १४५२ रहेको । त्यसैगरी वैदेशिक रोजगार न्यायाधीकरणमा सन् २०१५/२०१६ र २०१६/२०१७ मा लगत सरिआएको र नयाँ दर्ता गरी क्रमशः ४३६ र ५६२ मुद्दा रहेको । यी मुद्दाहरूमा क्रमशः १८५ र २०४ वटा मुद्दाहरूमा फैसला भएको । *(स्रोतः वैदेशिक रोजगार विभाग र न्यायाधीकरणको वार्षिक प्रतिवेदन)*

यस तथ्याङ्कलाई हेर्दा उजुरी फछ्यौंटको सङ्ख्या न्यून देखिन्छ अर्थात् पीडितहरूले समयमै न्याय प्राप्त गर्नेको सङ्ख्या न्यून रहेको छ ।

आप्रवासी नेपाली कामदारहरूको दक्षता (Skill) का सम्बन्धमा हेर्दा चार जनामा तीन जना अदक्ष कामदारहरू रहेका खाडी मुलुक र मलेसियामा जाने नेपाली महिला कामदारहरूमध्येमा ९० प्रतिशत र पुरुषहरू ७५ प्रतिशत अदक्ष रहेका छन् ।[10] वैदेशिक रोजगार विभागको सन् २०१२/२०१३ देखि सन् २०१६/२०१७ सम्मको तथ्याङ्क २,४१८ वटा रहेको जसमा व्यक्तिगत उजुरीको सङ्ख्या ३९ प्रतिशतबाट बढेर ५४ प्रतिशतले गिरावट आएको देखिएको छ । विभागले व्यक्तिगत उजुरीहरूको तुलनामा संस्थागत उजुरीहरूको समाधानमा ४७ प्रतिशत र व्यक्तिगत उजुरीको समाधानमा १७ प्रतिशत सफलता प्राप्त गरेको पाइन्छ । सन् २०१६/२०१७ को उजुरी फछ्यौंट जम्मा ३६ प्रतिशत रहेको छ । उजुरीका मुख्य प्रकृतिहरूमा (१) पीडकलाई कारबाही, रकम फिर्ता र क्षतिपूर्ति (२) रकम फिर्ता र स्वदेश फिर्ती (३) क्षतिपूर्ति (४) स्वदेश फिर्तीजस्ता प्रकृतिका उजुरीहरू विभागमा दर्ता भएको देखिन्छ[11]वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधीकरण नै मुख्य सरकारका निकायहरू हुन् । जसले पीडितहरूलाई भर्ना गर्ने कम्पनी र ऐजेन्टबाट कानुनबमोजिम क्षतिपूर्ति दिलाउन सक्दछन् तर पर्याप्त मात्रामा पीडितहरूले क्षतिपूर्ति

[9] विश्व बैङ्क (२०१७)
[10] Trafficking in Persons Report 2018, Page No. XVIII, Natinal Human Rights Commission, Nepal
[11] Ibid

प्राप्त गर्न सकेका छैनन् । यी निकायहरूबाट पूर्ण उपचार प्राप्त गरेका छन् कि छैनन् भनी ५४ जना आप्रवासी नेपाली कामदारहरूसँग अन्तर्वार्ता लिँदा कसैले पूर्ण उपचार प्राप्त गर्न सकेका थिएनन् । यसको प्रमुख कारणमा सरकारी निकायहरूको केन्द्रीकरण, अपर्याप्त स्रोत र अधिकारीहरूलाई तालिमको कमी, आप्रवासी नेपाली कामदारहरू विशेष गरी महिला, अनियमित आप्रवासी कामदारहरू उपचार प्राप्त गर्ने कानुनी अधिकारको विषयमा जानकारीको अभाव र कानुनी उपचारका लागि दावी गर्ने कागजातहरूको अभाव नै प्रमुख कारक तत्वका रूपमा रहेको छ *(स्रोत: Migrant Workers' Access to Justice at Home: Nepal, Page, 23, Open Society Foundation)* .

नेपाल राष्ट्र बैङ्कले वि.सं २०७५ जेठमा प्रकाशित गरेको फ्री टिकट र फ्री भिसाको कार्यान्वयन अवस्थाको ३६९ जनाबीचमा गरिएको प्रतिवेदनका अनुसार एक तिहाइले ५० हजारभन्दा बढी रकम तिरी वैदेशिक रोजगारका लागि श्रम आप्रवासनमा गएका छन् भने केवल १५ प्रतिशतले मात्र रु. १०,०००/ तिरी उक्त सुविधा प्राप्त गरेका छन् *(स्रोत: निःशुल्क भिसा तथा टिकटको वैदेशिक रोजगारमा प्रभाव, पृष्ठ ११, नेपाल राष्ट्र बैङ्क, २०७५)।*

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको अभिलेखअनुसार आ.व. २०६७/२०६८ देखि २०७४/२०७५ सम्म मृतक कामदारको सङ्ख्या महिला १२२ र पुरुष ५७१० गरी जम्मा ५८३२ रहेको । त्यसैगरी अङ्गभङ्ग/अशक्त बिरामीको सङ्ख्या पुरुष ७५९ र महिला २८ गरी ७८७ जनाको सङ्ख्या रहेको । स्थापना कालदेखि हालसम्म आर्थिक सहयोग गरेको मृतक कामदार परिवारलाई पुरुष ६६३९ र महिला १५० जना, बिरामी तथा अङ्गभङ्ग १२०२ जना, उद्धार गर्नका लागि सहयोग गरिएको १०५ जना, शव झिकाइएको सङ्ख्या २०६ जना, शव ढुवानी १००३ जना, स्वास्थ्य उपचार सहयोग ५९ जना रहेको । यस प्रयोजनको लागि बोर्डबाट हालसम्म रु. एक अर्ब ५६ करोड ७७ लाख ९४ हजार रुपियाँ खर्च भएको ।

२.२ नेपालको कानुनी व्यवस्था

क) नेपालको संविधान, २०७२

नेपालको संविधान २०७२ को धारा ५१ मा राज्यका निर्देशक सिद्धान्तमा वैदेशिक रोजगारलाई सुरक्षित बनाउने विषयमा राज्यले अवलम्बन गर्नुपर्ने नीतिको विषयमा उल्लेख गरिएको छ :

- वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,
- वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

नेपालको संविधानको धारा २९ ले शोषणविरुद्धको हकको व्यवस्था गरिएको छ :

(१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ ।
(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।
(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।
(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन ।

माथि उल्लिखित प्रकरण ३ र ४ मा उल्लेख गरिएको कार्यहरूलाई कानुनबमोजिम दण्डनीय हुने व्यवस्थाका साथै क्षतिपूर्तिको समेत संवैधानिक व्यवस्था गरेको छ ।

ख) वैदेशिक रोजगार नीति २०६८

नेपाल सरकारले वि.सं. २०६८ (सन् २०१२) मा वैदेशिक रोजगार नीतिलाई प्रयोगमा ल्याएको थियो । यो नीति वैदेशिक रोजगारमा बढ्दो श्रम आप्रवासनको प्रवृत्तिहरूको सामाजिक-आर्थिक परिवेशलाई सम्बोधन गर्ने विषयमा लक्षित रहेको छ । यस नीतिले प्रमुख रूपमा रोजगारीका लागि आप्रवासन प्रक्रियाको व्यवस्थापनमा हुने गरेको अनियमितताहरू, वैदेशिक रोजगार प्रक्रियामा सुशासनको अभावलाई प्रमुख समस्याको रूपमा पहिचान गरेको छ । पर्याप्त जानकारी प्राप्त नगरेका, पूर्व तयारी बेगर गएका आप्रवासी कामदारहरू शोषण तथा ठूलो जोखिममा रहेको विषयहरूलाई समेत यस नीतिले पहिचान गरेको, महिला श्रमिक आप्रवासीहरूको बढ्दो सङ्ख्या र प्रवृत्ति, उनीहरूले आप्रवासन प्रक्रियाको क्रममा सामना गर्नुपर्ने समस्याहरूलाई समेत दृष्टिगत गरेको छ । आप्रवासी नेपाली कामदारहरूका परिवारका सवालहरूलाई मध्यनजर गर्दै फिर्ती हुने आप्रवासीहरूको लागि पुनः एकीकरणका लागि रणनीति तय गर्नुपर्ने प्राथमिकतासमेत औँल्याएको छ ।

यस नीतिले वैदेशिक रोजगारका लागि हुने श्रम आप्रवासनलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यसहित निम्न सातवटा 'नीतिगत आधारहरू' तय गरेको छ :

(१) अन्तर्राष्ट्रिय बजारमा रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्द्धन गर्ने,
(२) वैदेशिक रोजगारबाट अधिकतम लाभ लिनका लागि प्रतिस्पर्धात्मक क्षमताको सीपयुक्त मानव स्रोतहरूको विकास गर्ने,
(३) वैदेशिक रोजगार प्रक्रियाको प्रत्येक चरण सरल, पारदर्शी, व्यवस्थित र सुरक्षित बनाउने,
(४) महिला आप्रवासी कामदारहरूका सरोकारहरूलाई सम्बोधन गर्ने र समग्र आप्रवासनको चक्रमा उनीहरूका अधिकारहरू सुनिश्चित गर्ने,
(५) वैदेशिक रोजगारको व्यवस्थापनमा सुशासन सुनिश्चित गर्ने,
(६) वैदेशिक रोजगारको व्यवस्थापन गर्नका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोत साधनहरूको प्रबन्ध मिलाउने र क्षेत्रगत साझेदारी वृद्धि गरी सहयोगात्मक प्रयासहरूको प्रवर्द्धन गर्ने,
(७) आप्रवासी कामदारहरूले आर्जन गरेको विप्रेषण सम्भव भएसम्म उनीहरूको आफ्नै 'मानव विकासका लागि' उपयोग गर्न सहयोग गर्ने ।

ग) चौधौँ त्रिवर्षीय योजना (आ.व.२०७३/२०७४-२०७५/२०७६)

राष्ट्रिय योजना आयोगबाट तयार गरी चौधौँ त्रिवर्षीय योजनामा श्रम तथा रोजगार साथै सामाजीक सुरक्षाको कुरालाई प्राथमिकता साथ योजनामा समावेश गरिएको छ । यस योजनाले स्वदेशमै दक्ष जनशक्तिको उत्पादन गरी बेरोजगारी तथा अर्ध बेरोजगारीलाई न्यूनीकरण गरी रोजगारीको हकलाई सुनिश्चित गर्नु प्रहिलो लक्ष्य राखेको छ । त्यसैगरी दोस्रो लक्ष्यमा सीप तथा तालिमको महत्वलाई प्राथमिकतामा राखिएको छ । तस्रो लक्ष्यमा वैदेशिक रोजगारीलाई बढी उत्पादक, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने विषयलाई प्राथमिकतामा दिइएको छ ।

यस योजनाले लक्ष्य हासिल गर्नका लागि १६ वटा कार्यनीतिहरू तय गरेको छ। ती कार्यनीतिहरूअनुसार सरकारले आफ्नो वार्षिक कार्यक्रम तयार गरी उल्लिखित तीनवटै लक्ष्य हासिल गर्ने वार्षिक कार्यक्रमहरू तयार गर्दै कार्यान्वयनमा ल्याएको छ। ती १६ वटा कार्यनीतिहरूलाई देहायअनुसार चर्चा गरिएको छ:

१) श्रम प्रधान उत्पादन क्षेत्रको विस्तार र प्रविधिको उपयोगबाट रोजगारी बढाइने छ।
२) श्रम तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ।
३) रोजगारसम्बन्धी माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
४) सीप प्रदायक तालिम केन्द्रहरूलाई क्रमश: एकीकृत गरी एकै ठाउँबाट सीप विकास तालिम दिइनेछ। प्रत्येक प्रदेशमा एउटा विषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ।
५) सीप र सूचना उपलब्ध गराई वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई तालिमको व्यवस्था गरिनेछ।
६) सीपयुक्त जनशक्तिलाई तालिमपछिका सेवाहरू जस्तै: उद्यमशीलता विकास, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनको गुणस्तर परीक्षण र बजारको सहज पहुँचसम्बन्धी व्यवस्था गरिनेछ।
७) राष्ट्रिय रोजगार नीतिको प्रभावकारी कार्यान्वयन गर्दै श्रमिकको हक एवम् रोजगारीको हकसम्बन्धी कानुन निर्माण गरिनेछ।
८) एकीकृत सामाजिक सुरक्षा ऐन र श्रम ऐन जारी गरी सामाजिक सुरक्षा योजना कार्यान्वयन र असल श्रम सम्बन्ध विकास गरिनेछ।
९) रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यवस्था गरिनेछ।
१०) वैज्ञानिक मापदण्डका आधारमा विभिन्न क्षेत्रका कामदारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गरिनेछ।
११) विभिन्न क्षेत्रमा रहेका अनौपचारिक मजदुरहरूको औपचारिकीकरण गरिनेछ।
१२) बाल श्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ।
१३) औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागू गरिनेछ।
१४) जोखिममा परी वैदेशिक रोजगारीबाट फर्केका महिला कामदारहरूलाई विशेष सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ।
१५) वैदेशिक श्रम बजारलाई कामदारमैत्री बनाउन जनशक्तिको विकास र थप गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम-सम्झौता गरिनेछ।
१६) विप्रेषणलाई औपचारिक माध्यमबाट देशमा ल्याउने व्यवस्था गर्ने र सोको उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

घ) वैदेशिक रोजगार ऐन २०६४

वैदेशिक रोजगार ऐन, २०६४ ले कामदारहरूको हक अधिकार संरक्षणका लागि प्रगतिशील व्यवस्थाहरू गरेको छ। ऐनको प्रस्तावनाले नै वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षणको उद्देश्यले ऐन निर्माण भएको उल्लेख छ। कामदारको हकअधिकार संरक्षणमा वैदेशिक रोजगार व्यवसायीलाई थप उत्तरदायी बनाएको छ। कामदारविरुद्ध हुने अपराधहरूमा सजायको वृद्धि भएको र सो सजाय कार्यान्वयनको संरचनाहरूलाई व्यावहारिक र व्यावसायिक बनाएको छ।

कामदारको आपत्कालीन उद्धार र व्यवसायको प्रवर्धनका लागि कल्याणकारी कोषको अवधारणा अगाडि ल्याएको छ। वैदेशिक रोजगार व्यवसायको प्रर्वद्धनमा सरकारको भूमिका बढाएको छ। वैदेशिक रोजगारीमा महिला र पुरुषलाई समान व्यवस्था गरी महिलाप्रति सकारात्मक विभेदको नीति अङ्गालेको छ। वैदेशिक रोजगार ऐनका केही महत्ववपूर्ण व्यवस्थाहरू देहायअनुसार चर्चा गरिएको छ:

➢ सरकारले नै कामदार पठाउन सक्ने

वैदेशिक रोजगार ऐन, २०६४ ले नेपालसँग कूटनैतिक सम्बन्ध भएका सरकारसँग सन्धिसम्झौता गरी नेपाल सरकारमार्फत कामदार पठाउन सक्ने व्यवस्था गरेको छ। [१२] यसरी कामदार पठाउँदा छनौट प्रक्रियालाई व्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी बनाउन निजी क्षेत्रको समेत संलग्नतामा संयन्त्र बन्ने कुराको व्यवस्था गरिएको छ।[१३]

➢ वैदेशिक रोजगारमा महिलामाथिको विभेद हटाउने

वैदेशिक रोजगारमा कामदार पठाउदा लैङ्गिक भेदभाव नगरिने प्रत्याभूति ऐनले गरेको छ।[१४] नेपाल सरकारले वैदेशिक रोजगारमा जाने महिला कामदारलाई विशेष सुविधा प्रदान गर्न सक्ने र वैदेशिक रोजगारमा कामदार पठाउदा महिलालाई आरक्षण प्रदान गर्ने व्यवस्था गरेको छ।[१५] यस व्यवस्थाले कानुनी रूपमा वैदेशिक रोजगारमा महिलाउपर भएको भेदभावको अन्त्य गर्ने उद्देश्य राखेको देखिन्छ।

➢ भर्पाइको अनिवार्यता

वैदेशिक रोजगार ऐन, २०६४ ले इजाजतबालाले कामदारसँग सेवाशुल्कबापत रकम लिँदा भर्पाइ दिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ। रकम यस ऐनले श्रम स्वीकृतिको निस्साका लागि व्यवसायीले वैदेशिक रोजगार विभागमा निवेदन दिँदा कामदारले व्यवसायीलाई तिरेको रकम रसिद वा बैङ्क भौचर पेस गर्नुपर्ने व्यवस्था गरेको छ।[१६]

➢ सेवाशुल्क र प्रवर्धन खर्चको हद तोकिने

नेपाल सरकारले इजाजतपत्रबालाले कामदारबाट लिन पाउने रकमको अधिकतम हद तोक्ने व्यवस्था गरेको छ।[17] यसको साथै सेवाशुल्क बढी लिने इजाजतपत्रवालालाई बढी लिएको रकम फिर्ता गर्न लगाई वैदेशिक रोजगार विभागले एक लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ। सरकारले मिति २०७२।२।२६ बाट मलेसिया र खाडीका छ मुलुकमा फ्री भिसा फ्री टिकटको व्यवस्था ल्याएको छ, जसअनुसार व्यवसायीले गन्तव्य देशबाट सेवाशुल्क (कमिसन) नपाएको अवस्थामा प्रतिकामदारबाट रु १०,००० लिन पाउने व्यवस्था गरेको छ।

---

[१२] दफा ६, वैदेशिक रोजगार ऐन, २०६४

[१३] दफा ६, ऐजन।

[१४] दफा ८,ऐजन।

[१५] दफा ९, ऐजन।

[१६] दफा १९ (च), वैदेशिक रोजगार ऐन, २०६४

[१७] दफा २४, ऐजन।

➢ वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था

वैदेशिक रोजगारमा लेखबद्ध रूपमा गएका तथा वैदेशिक रोजगारबाट फर्किआएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा र कल्याणकारी कार्यका लागि वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गर्ने व्यवस्था गरेको छ।[१८] कोषको प्रयोग कामदारलाई आपत्कालीन सहयोग जुटाउन र वैदेशिक रोजगारको प्रवर्द्धन गर्नमा खर्च हुने व्यवस्था छ।

➢ वैदेशिक रोजगार प्रवर्धन बोर्ड

वैदेशिक रोजगार व्यावसायलाई प्रवर्द्धन गर्ने र सो व्यावसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यावसायीको हकहितको संरक्षण गर्नका लागि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको व्यवस्था ऐनमा रहेको छ।[१९] साथै त्यस्तो बोर्डमा सरकारका प्रतिनिधि, वैदेशिक रोजगार व्यवसायीको प्रतिनिधि र ट्रेड युनियनको प्रतिनिधि रहने व्यवस्था गरिएको छ।

➢ दण्डसजाय

वैदेशिक रोजगार ऐन, २०६४ ले इजाजत पत्र नलिईकन वैदेशिक रोजगार व्यावसाय गर्ने व्यक्तिलाई पीडितको बिगो रकम र सोको ५०% हर्जना असुल गरी तीन लाख रुपियाँदेखि पाँच लाख रुपियाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्था गरेको छ।[२०] इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार पठाएमा पनि सोही सजाय हुने व्यवस्था गरिएको छ।[२१] वैदेशिक रोजगारमा गरिने ठगीसम्बन्धी कसुर गर्ने व्यक्तिलाई पीडितबाट लिएको रकम र सोको ५० प्रतिशतले हुने हर्जाना रकम र विदेश आउन-जान लागेको खर्चसमेत भराई तीन लाखदेखि पाँच लाखसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्थासमेत ऐनमा रहेको छ। वैदेशिक रोजगारमा हुने ठगीसम्बन्धी कसुरको यो दायराभित्र व्यवसायीलाई पनि समावेश गरी सजाय हुने व्यवस्था गरेको छ।[२२]

➢ ऐनको बहिर्क्षेत्रीय प्रयोग

नेपालबाहिर बसी वैदेशिक रोजगार ऐन २०६४ मा उल्लेख गरिएको प्रावधान विपरीत कार्य गरेमा निजको हकमा समेत ऐन लागू हुने व्यवस्था गरी क्षेत्राधिकारको दायरालाई फराकिलो बनाएको छ।[२३] यस प्रावधानले विदेशी भूमिमा बसी वैदेशिक रोजगारसम्बन्धी ठगीजन्य कसुर गर्ने व्यक्तिहरूलाई दण्डसजायको दायराभित्र समेटेको छ।

---

[१८] दफा ३२,ऐजन।

[१९] दफा ३५, ऐजन।

[२०] दफा ४३, ऐजन।

[२१] दफा ४४,ऐजन।

[२२] ऐजन।

[२३] दफा १,ऐजन।

➢ अनुसन्धान र अभियोजन प्रक्रिया

वैदेशिक रोजगारसम्बन्धी कसुरलाई फौजदारी प्रकृतिको मुद्दाको रूपमा राखिएको छ। वैदेशिक रोजगार कसुरको अनुसन्धान र तहकिकात गर्ने क्षेत्राधिकार वैदेशिक रोजगार विभागलाई प्रदान गरिएको छ।[२४] अभियोजन वैदेशिक रोजगार विभागको अनुसन्धान अधिकृतले गर्ने र मुद्दा दायर गर्दा अनुसन्धान अधिकारीले सरकारी वकिलको राय लिनुपर्ने व्यवस्था गरिएको छ।[२५] इजाजतपत्र नलिई वैदेशिक रोजगार गर्ने व्यक्ति वा वैदेशिक रोजगारसम्बन्धी कसुर गर्ने व्यक्तिलाई प्रहरीले विनापुर्जी पक्राउ गर्न सक्ने व्यवस्थासमेत ऐनमा गरिएको छ।[२६]

➢ वैदेशिक रोजगार न्यायाधीकरण र सङ्क्षिप्त कार्यविधिको व्यवस्था

वैदेशिक रोजगारसम्बन्धी कसुरको सम्बन्धमा न्यायिक निकायबाट सुरु कारबाही र किनारा गर्नका लागि वैदेशिक रोजगार न्यायाधीकरणको व्यवस्था गरिएको छ भने न्यायाधीकरणले गरेको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको छ।

➢ श्रमसहचारी नियुक्तिको व्यवस्था

ऐनले पाँच हजार वा सोभन्दा बढी कामदार रहेको मुलुकमा श्रम सहचारी राख्ने व्यवस्थालाई बाध्यात्मक बनाएको छ।[२७]

➢ वैदेशिक रोजगार ऐन २०६४ ले कामदारका लागि थप निम्न कुराहरुको प्रत्याभूति गरेको छ :

- गलत स्वास्थ्य परीक्षणका कारण स्वदेश फर्कनुपरे स्वास्थ्य परीक्षण गर्ने संस्थाबाट आउँदा-जाँदाको खर्च भराई पाउने,
- करार विपरीत काम लगाएमा इजाजतवालाबाट नपुग रकम असुल गरिने,
- व्यवसायीले राखेको धरौटी रकमबाट क्षतिपूर्ति भराइदिने,
- पन्ध्र लाख रुपियाँको अनिवार्य बिमाको व्यवस्था,
- अभिमुखीकरण तालिमको पाठ्यक्रम निर्माण र अनुगमन वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले गर्ने व्यवस्था,
- कामदारको विदेशमा मृत्यु वा अङ्गभङ्ग भएमा रु. सात लाख क्षतिपूर्ति दिने व्यवस्था।

ङ) अन्य कानुनी व्यवस्थाहरू

वैदेशिक रोजगारसँग सम्बन्धित भएर अन्य अपराधहरूसमेत हुने भएकाले यस विषयमा निम्न कानुनी प्रावधानहरू पनि आकर्षित हुन्छन् :

क) मानव बेचबिखन र ओसारपसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५
ख) अध्यागमन ऐन २०४९ र राहदानी नियमावली २०५१
ग) राहदानी ऐन २०२४ र राहदानी नियमावली २०६७
घ) श्रम ऐन २०७४ (बाध्यकारी श्रमससम्बन्धी व्यवस्थाका लागि)

---

[२४] दफा ६१,ऐजन।
[२५] दफा ६१, ऐजन।
[२६] दफा ६२, ऐजन।
[२७] दफा ६८, ऐजन।

च) नेपाल सरकारका वर्तमान प्रयासहरू

- प्रादेशिक स्तरमा रहेका श्रम कार्यालयहरूलाई वैदेशिक रोजगारमा जानका लागि अपनाउनुपर्ने प्रक्रियाका सम्बन्धमा काठमाडौँबाहिर रहेका श्रम कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गर्नेतर्फ छलफल भइरहेको । विराटनगर, बुटवल, पोखरा, धनगढी, वीरगञ्ज र सुर्खेतमा श्रम कार्यालय खुल्ने प्रक्रिया अघि बढिरहेको छ । करिब दुई महिनाभित्र कार्यालय खोलिसक्ने तयारी भइरहेको ।
- वैदेशिक रोजगार ऐन २०६४ लाई संशोधन गर्नका लागि केही नेपाल संशोधन ऐनमार्फत प्रयास भइरहेको छ, जसमा व्यक्तिगत ठगीका उजुरीहरूलाई सम्बोधन गर्नका लागि जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारलाई अधिकार दिने गरी प्रस्ताव गरिएको ।
- वैदेशिक रोजगार (Manpower) कम्पनीले ऐजेन्ट राख्ने प्रावधानलाई खारेज गर्ने प्रस्ताव संशोधनमा गरिएको छ । धरौटीको सम्बन्धमा रु दुई करोड नगद र चार करोड जेथा जमानीको प्रस्तावको विषयमा व्यवसायीहरूसँग छलफल भइरहेको ।
- नेपालमा ५००० भन्दा बढी कामदारहरू वैदेशिक रोजगारका लागि गएका जिल्लाहरू जम्मा ३९ वटा रहेको भन्ने विभागको तथ्याङ्कअनुसार देखिएको छ । तिनै जिल्लाहरूमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले सुरक्षित आप्रवासन परियोजना (Safer Migration Initiatives, SAMI) कार्यान्वयन तथा विस्तार भएको ।
- गन्तव्य मुलुकमा कानुनी विवादमा रहेका, अपराधको आरोप लागेका आप्रवासी नेपाली कामदारहरूलाई कानुनी प्रतिनिधित्व गर्नका लागि मन्त्रालयबाट निर्देशिका स्वीकृति भइसकेको छ । उक्त कार्यका लागि रकम मात्र नभई एक जना स्थानीय कर्मचारीसमेत सहयोगका लागि उपलब्ध गराउने प्रस्ताव गरिएको छ ।
- नीतिगत एवम् कानुनी सुधारका विषयमा वैदेशिक रोजगार नियमावलीलाई आप्रवासी कामदारहरूको हकहितलाई ध्यानमा राखी संशोधन गरिएको ।
- कल्याणकारी कोषको रकम (वाणिज्य बैङ्कमा) निक्षेप लगानी गर्नेसम्बन्धी कार्यविधि २०७५ स्वीकृति भई कार्यान्वयनको चरणमा रहेको ।
- पीडित कामदार तथा तिनका आफन्तलाई दिने सहयोग निवेदन दिएको दिनमा नै प्राप्त गर्न सक्ने व्यवस्था वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा गरिएको ।
- आप्रवासी नेपाली कामदारहरूको उद्धार, स्वदेश फिर्ती तथा सहयोगका लागि बोर्डको सचिबालयमा छुट्टै कक्षको व्यवस्था गरी शीघ्र उद्धारको व्यवस्थापन गरिएको ।
- वैदेशिक रोजगारमा जाने कामदारको अङ्गभङ्ग हुँदा दिइने उपचारखर्च रु. एक लाख पचास हजारबाट वृद्धि गरी सात लाख पुऱ्याइएको ।
- वैदेशिक रोजगारमा जाने कामदारहरूको मृत्यु भएमा परिवारलाई दिइने आर्थिक सहायता खर्च रु. एक लाख पचास हजारबाट वृद्धि गरी सात लाख पुऱ्याइएको । कामदारको परिवारको सदस्यलाई गम्भीर प्रकृतिको रोग लाग्दा रु पचास हजार औषधी उपचारखर्च उपलब्ध गराउने व्यवस्था मिलाइएको ।
- कामदारको वैदेशिक रोजगार जीवन बिमा वृद्धि गरी रु पन्ध्र लाख पुऱ्याइएको । कामदारहरूलाई लाग्न सक्ने पन्ध्र प्रकारका मुख्य रोगहरू समेटी रु.पाँच लाखको स्वास्थ्योपचार बिमाको व्यवस्था गरिएको ।

- वैदेशिक रोजगारका क्रममा विदेशमा विविध अभियोग लागि जेलमा परेका आप्रवासी नेपाली कामदारहरूलाई कानुनी प्रतिरक्षाका लागि लाग्ने शुल्कको व्यवस्था गरिएको ।
- मृतक आप्रवासी नेपाली कामदारहरूको शव नेपालमा ल्याई घरसम्म लानका लागि शववाहनको सुविधा उपलब्ध गराइएको ।
- विभिन्न कूटनीतिक नियोगहरूलाई कामदारहरूको हक अधिकारको रक्षाका लागि र सुरक्षित गृह सञ्चालनका लागि नियमित रूपमा बजेटको व्यवस्था गरिएको ।
- अन्तर्राष्ट्रिय स्तरको घरेलु कामदारहरूको तालिम पाठ्यक्रम स्वीकृति गरी २१ दिने तालिमलाई ३५ दिनको आवासीय तालिमको सुरुवात गरिएको । त्यसैगरी केयर गिभर तालिम पाठ्यक्रम लागू गरी एक महिनाको तालिमलाई तीन महिनाको समय बनाइएको ।
- G to G (Government to Government) सम्झौताअनुसार दक्षिण कोरिया, इजरायलमा कामदार पठाइएको र जोर्डनसँग समेत घरेलु कामदारसँग सम्बन्धित श्रम-सम्झौता भइसकेको छ । मलेसियासँग द्विपक्षीय श्रम-सम्झौता सम्पन्न भइसकेको ।
- वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ जारी गरी मागपत्र प्रमाणीकरण गर्ने अधिकार गन्तव्य मुलुकस्थित नेपाली दूतावासलाई दिने व्यवस्था नेपाल सरकारबाट लागू गरिएको । यस निर्देशिकाले विभागले मागपत्र जाँचबुझ गर्ने, कूटनीतिक नियोगले सिफारिस गर्नुपर्ने, विभागले मागपत्र स्वीकृतिको अन्तिम निर्णय गर्नुपर्ने साथै केही कारण देखिएमा पूर्व-स्वीकृति प्रक्रिया स्थगित गर्न सक्ने प्रावधानको व्यवस्था गरिएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वैदेशिक रोजगारीमा जाने र फर्कनेहरूका लागि छुट्टै कक्ष र सूचना प्रणालीको स्थापना गरिएको । वैदेशिक रोजगारीमा गएकाहरूको समस्या र उजुरी सुनुवाइ र समस्या समाधान गर्न टोल-फ्री नम्बरसहितको संयन्त्रको व्यवस्था गरिएको ।

वैदेशिक रोजगारलाई व्यवस्थित बनाउनका लागि २०७५ साल वैशाख ३ गते बसेको बोर्डको बैठकबाट देहायबमोजिमको अध्ययन तथा अनुसन्धान गर्नका लागि कार्यदल गठन भएको :

क्र.सं.	कार्यदल	संयोजक
१	विदेशस्थित नेपाली नियोगहरूमा स्थानीय कर्मचारी राख्नेसम्बन्धी अध्ययन कार्यदल	सहसचिव श्री रामप्रसाद घिमिरे, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय
२	बोर्डबाट प्रदान गरिँदै आएको आर्थिक सहायता स्थानीय तहबाट प्रवाह गर्न गठित कार्यदल	सचिव, श्री महेश दाहाल, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय
३	अन्तर्राष्ट्रिय श्रम बजारको विश्लेषण गरी श्रमिकको माग गर्ने तुलनात्मक रूपले सुरक्षित र प्रतिफलयुक्त देशहरू पहिचान गर्न गठित कार्यदल	श्री उदयराज पाण्डे, साउदी अरबका लागि पूर्व राजदूत
४	वैदेशिक रोजगार नीति तथा सुरक्षित वैदेशिक रोजगार व्यवस्थापनका लागि	श्री पूर्णचन्द्र भट्टराई, पूर्व सचिव, नेपाल सरकार

	सुधार कार्यदल	
५	विप्रेषणलाई औपचारिक माध्यमबाट नेपाल भित्र्याउने र त्यसको उत्पादनमूलक उपयोगका लागि अध्ययन गर्न गठित समिति	श्री महेशप्रसाद दाहाल, सचिव, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय

छ) नेपाल सरकारबाट जारी गरिएको कार्यविधि, निर्देशिका र मार्ग निर्देशिकाहरू

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र न्याय प्रदान गर्नका लागि नेपाल सरकारले निम्नबमोजिम कार्यविधि र निर्देशिकाहरू लागू गरेको छ :

१. वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७
२ . रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३
३. इजरायलमा भएको MOU (Memorandum of Understanding) बमोजिम नेपाली कामदारलाई केयर गिभरको रूपमा पठाउने निर्देशिका, २०७२
४ इजाजतपत्रवाला र तालिम प्रदायक संस्थाहरूको अनुगमनसम्बन्धी कार्यविधि, २०७३
५. वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५
६. कल्याणकारी कोषको रकम (वाणिज्य बैङ्कमा) निक्षेप लगानी गर्नेसम्बन्धी कार्यविधि २०७५

ज) नेपाल सरकारबाट भएका श्रम-सम्झौता र समझदारीपत्र

नेपाल र गन्तव्य मुलुकहरूसँग आप्रवासी नेपाली कामदारहरूको संरक्षणका लागि श्रम-सम्झौता एवम् समझदारीपत्रमा हस्ताक्षर भई वैदेशिक रोजगारका व्यवस्थापनसम्बन्धी कार्यहरू भइरहेका छन् । तलका तालिकामा देखाइएअनुसार कुन देशसँग सम्झौता गर्दा कुन-कुन प्रयोजनलाई समावेश गरिएको भन्ने व्यहोरा स्पष्ट हुने देखिन्छ भने यस्ता प्रकारका सम्झौताका प्रयासहरू सन् २००५ देखि सुरु भएको पाइन्छ ।

तालीका नं २.२ गन्तव्य मुलुकहरुसँग भएको सम्झौताहरु

देश	उद्देश्य	रोजगार करार	भर्ना शुल्क	विवाद समाधान	श्रम कानुनअन्तर्गत संरक्षण	महिला आप्रवासी कामदारहरूको सवाल	विप्रेषण पठाउन सहजीकरण गर्ने
नेपाल र कतार (सम्झौता, सन् २००५)	छ	छ	छैन	छ	छैन	छैन	छ
नेपाल र जोर्डन (सम्झौता, सन् २०१७)	छ	छ	छ	छ	छ	छ	छ
नेपाल र बहराइन (समझदारीपत्र, सन् २००८)	छ	छ	छैन	छ	छैन	छैन	छ
नेपाल र संयुक्त अरब इमिरेट्स, सन् २००७	छ	छ	छ	छ	छैन	छैन	छ
नेपाल र इजरायल (सरकार र सरकारबीच, सन् २०१५)	छ	छ	छ	छैन	छ	– –	– –

नेपाल र जापान (सरकार र सरकारबीच), सन् २०११	छैन	छ	छ	छैन	छैन	छैन	छैन
नेपाल र दक्षिण कोरिया (सरकार र सकारबीच), सन् २०११	छ	छ	छ	छ	छैन	छैन	छैन

स्रोतः प्रस्तुति, सोम लुइँटेल, गन्तव्य देशमा नेपाली कामदारहरूलाई उपलब्ध कन्सुलर सेवा, अन्तरक्रिया कार्यक्रम, २०७५ भदौ २५, होटल येल्लो प्यागोडा

झ) नेपाल सरकारका संरचनाहरू

(क) **श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय** : श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगारमा जाने कामदारहरूको मानव अधिकार संरक्षणका लागि नीति निर्माण गर्ने, मलेसिया समझदारी, सम्झौतापत्रहरू गर्ने सम्बन्धमा पहल गरी श्रम-सम्झौता/समझदारीपत्रहरू सम्पन्न गर्ने, नीतिगत सुधारका लागि कार्य गर्नेलगायतका कार्यहरू यस मन्त्रालयबाट हुने गरेको छ। राज्यका तर्फबाट आप्रवासनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागिता जनाई वैदेशिक रोजगारको व्यवस्थापनमा गरिएका प्रयासहरूका बारेमा जानकारी गराउने कार्यसमेत यस मन्त्रालयले गर्दै आएको छ।

(ख) **वैदेशिक रोजगार विभाग** : वैदेशिक रोजगार ऐन २०६४ ले विभागलाई वैदेशिक रोजगार व्यवस्थापनसम्बन्धी अधिकार प्रदान गरेको छ। व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति प्रदान गर्ने, पीडितहरूबाट दर्ता गरिएको उजुरीसम्बन्धी कारबाहीहरू गर्नेलगायतका कार्यहरू यस विभागबाट सम्पादन गर्ने गरिएको छ। अभिलेखबद्ध कामदारहरूको अभिलेख राख्ने, एउटा काम भनी विदेशमा अर्को काम लगाइएकोमा स्वदेश फर्काउनका लागि म्यानपावर कम्पनीलाई आदेश दिने, विदेशमा अलपत्र परेका कामदारहरूलाई स्वदेश फर्काउनका लागि परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डसँग अन्तर समन्वय गर्ने, वैदेशिक रोजगार न्यायाधीकरणमा दायर गर्ने मुद्दाहरूको विषयमा अनुसन्धान गरी मुद्दा दायर गर्नेलगायतका कार्यहरू गर्ने कामहरू यस विभागका अधिकार क्षेत्र पर्दछन्।

(ग) **वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** : वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले मुख्य रूपमा विदेशमा जाने कामदारहरू, फर्किएका कामदारहरू र तिनका परिवारहरूको विषयमा कल्याणकारी कार्यहरू गर्दछ। वैदेशिक रोजगारमा पठाउने निजी कम्पनीहरूको अनुगमन, वैदेशिक रोजगारका लागि जान चाहने कामदारहरूलाई सीप विकाससम्बन्धी तालिमहरू प्रदान गर्ने, विदेशमा मृत्यु भएका नेपाली कामदारहरूको शव नेपालमा आएपछि घरसम्म पुऱ्याउनका लागि आर्थिक सहयोग, विदेशमा कानुनी समस्यामा परेका नेपाली श्रमिकहरूको लागि आवश्यक पर्ने कानुनी प्रतिनिधित्वको लाग्ने खर्चको नियमावलीको अधीनमा रही व्यवस्थापन गर्ने, आप्रवासी कामदारका परिवारका बच्चाहरूलाई अध्ययन, सीप विकास तालिमलगायतका कार्यहरू यस बोर्डको अधिकारक्षेत्रभित्र पर्दछन्।

(घ) **वैदेशिक रोजगार न्यायाधीकरण** : वैदेशिक रोजगार विभागले न्यायाधीकरणमा दर्ता गरेका मुद्दाहरूमा फैसला गरी पीडितहरूलाई न्याय प्रदान गर्ने कार्यहरू यस न्यायाधीकरणको अधिकारक्षेत्रभित्र पर्दछन्।

(ङ) **कूटनैतिक नियोग र श्रम सहचारी** : विदेशमा रहेका कामदारहरूको समस्या समाधानका लागि गन्तव्य मुलुकका सम्बद्ध मन्त्रालयहरूसँग समन्वय गरी कामदारहरूलाई स्वदेश फिर्ती गराउने, मृतकका शवहरू स्वदेश फिर्ता पठाउने, विदेशमा बेपत्ता भएका, अस्पतालमा उपचार गराइरहका, हिरासत तथा जेलमा रहेकाहरूका विषयमा अधिकारक्षेत्रभित्र रही समन्वय र सहयोग गर्ने, आप्रवासी नेपाली कामदारहरूको अधिकार संरक्षणका लागि कूटनैतिक पहल गर्ने, समझदारीपत्र तथा श्रम-सम्झौताका लागि गन्तव्य मुलुकका अधिकारीहरूसँग छलफल तथा परामर्शलगायतका कार्यहरू कूटनैतिक नियोगले गर्दछन् भने श्रम सहचारीले कूटनैतिक नियोगको सहयोगमा कार्यहरू सम्पादन गर्ने गर्दछन् ।

(च) कन्सुलर सेवा विभाग : विदेशमा विभिन्न पेसा-व्यवसाय गरी बसेका नेपाली नागरिकहरूलाई आवश्यक पर्ने कानुनी सहयोग, क्षतिपूर्ति तथा बिमा रकम कानुनी हकदारलाई दिलाउने प्रक्रिया, अलपत्र परेका नेपालीहरूको उद्धार, मृत्यु भएकाको शव नेपालमा भिकाउनेजस्ता कार्यहरू सम्पादन गर्नका लागि विदेशस्थित नेपाली कूटनैतिक नियोगहरूसँग समन्वय गर्ने कार्यहरू कन्सुलर सेवा विभागअन्तर्गत पर्दछन् ।

(च) **स्थानीय निकायहरू** : नेपालको संविधान २०७२ अनुसार सङ्घीय संरचनामा परिवर्तन भएपछि स्थानीय निकायहरूले प्रयोग गर्न पाउने अधिकारहरूका विषयमा केही व्यवस्थाहरू गरिएको छ । स्थानीय निकायहरूले नागरिकको आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारहरू संरक्षणका लागि गर्न सक्ने धेरै व्यवस्थाहरू गरिएका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) १ थ मा व्यवस्था भएअनुसार गाउँपालिका तथा नगरपालिकाका अधिकारहरू रोजगार तथा वैदेशिक रोजगारका सम्बन्धमा देहायअनुसार रहेको छ :

(१) रोजगारी तथा बेरोजगारी श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
(२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,
(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,
(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,
(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,
(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन,
(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूका लागि समाजिक पुनः एकीकरण,
(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,
(९) बेरोजगारको तथ्याङ्क सङ्कलनसम्बन्धी अन्य कार्यहरू ।

२.३ मानव अधिकारका अन्तर्राष्ट्रिय महासन्धिहरू र आप्रवासी कामदारहरूको अधिकार

सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्र मानव अधिकारको प्रथम संहिताबद्ध दस्तावेज रहेको छ । नागरिक तथा राजनैतिक अधिकार र आर्थिक, समाजिक तथा सांस्कृतिक

अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ ले नागरिकहरूलाई विभिन्न अधिकारहरू प्रदान गरेको छ। आप्रवासी कामदारहरूको अधिकार तथा तिनीहरूको परिवार संरक्षणसम्बन्धी महासन्धि १९९० ले विशेष खालका अधिकारहरू लेखबद्ध र अलेखबद्ध कामदारहरूका अधिकारको विषयमा व्यवस्था गरेको छ। मानव अधिकारका विभिन्न सन्धिमहासन्धिहरू निम्नबमोजिम रहेका छन् :

क) नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
ख) आर्थिक, तथा सामाजिक तथा सांस्कृतिक अधिकार अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
ग) महिलाविरुद्धका सबै भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९
घ) बाल अधिकारसम्बन्धी महासन्धि, १९८९
ङ) सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९६५
च) यातना, क्रूर तथा अमानवीय व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८७
छ) सबै आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०
ज) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००७

सन् १९६६ मा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी दुवै महासन्धि जारी भए। त्यसपछि अन्तर्राष्ट्रिय समुदायबाट विशेष वर्ग; जस्तै- महिला तथा बालबालिकासम्बन्धी महासन्धिहरू जारी भए। पछिल्लो चरणमा आएर आप्रवासी कामदार, अपाङ्गता भएका व्यक्तिका अधिकार र सामूहिक अधिकारका विषयमा महासन्धिहरू जारी भएका छन्। उल्लिखित महासन्धिहरूमा आप्रवासी कामदारका बारेमा छुट्टै अधिकारहरू व्यवस्था नगरिए तापनि मानवका नाताले/व्यक्तिका नाताले आप्रवासी कामदारहरूलाई निम्नबमोजिमका प्रमुख अधिकारहरू सुनिश्चित गरिएको पाइन्छ :

क) कामको अधिकार,
ख) महिला र पुरुषबीच समान काममा समान ज्यालाको अधिकार,
ग) देशभित्र वा देशबाहिर घुमफिरको स्वतन्त्रता,
घ) सम्मानपूर्ण तथा सुरक्षित कार्य वातावरणको अधिकार,
ङ) ट्रेड युनियनमा सहभागी हुन पाउने अधिकार,
च) रङ, जाति तथा राष्ट्रियताको आधारमा भेदभाव नगरिने कुराको सुनिश्चितता,
छ) कानुनको अगाडि समानताको अधिकार,
ज) फौजदारी अभियोग लागेको अवस्थामा स्वच्छ पुर्पक्षको अधिकार,
झ) कमाएको सम्पत्तिको उपयोग र स्थानान्तरणको अधिकार,
ञ) धार्मिक, सांस्कृतिक तथा शैक्षिक अधिकार।

क) सबै आप्रवासी कामदारहरू तथा तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

यो महासन्धि आप्रवासी कामदारहरूका अधिकारका विषयमा बनेको विशिष्टीकृत महासन्धि हो। यस महासन्धिले अन्य विभिन्न महासन्धिहरूमा छरिएर रहेका आप्रवासी कामदारका अधिकारहरूलाई संहिताबद्ध गरेको छ। आप्रवासी कामदारहरूको हकअधिकार संरक्षण गर्ने उद्देश्यले महासन्धिले महत्वपूर्ण व्यवस्था गरेको छ। ***महासन्धिले आप्रवासी कामदारको परिभाषा गरेको छ;***

जसअनुसार आप्रवासी कामदार भन्नाले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने, लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ ।

यो महासन्धि सन् २००३ कार्यान्वयनमा आएको हो । महासन्धिले आप्रवासी कामदारका अधिकारको संरक्षणका लागि उत्पत्तिको राष्ट्र, बाटोमा पर्ने राष्ट्र र रोजगारीका राष्ट्रलाई विभिन्न दायित्वहरू तोक्नुका साथै निम्नलिखित अधिकारहरूको प्रत्याभूति गरेको छ :

- बाँच्न पाउने अधिकार,
- अनिवार्य श्रमविरुद्ध संरक्षणको अधिकार,
- दासताविरुद्ध संरक्षणको अधिकार,
- रोजगारीका राष्ट्रका नागरिकहरूसरह सहुलियत र सुविधा प्राप्त गर्ने अधिकार,
- कानुनका अगाडि समानताको अधिकार,
- सामूहिक रूपमा निष्कासनविरुद्धको अधिकार,
- राष्ट्रको कूटनीतिक निकायबाट संरक्षण र सहयोग पाउने अधिकार,
- विचार धर्म र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,
- ट्रेड युनियन र आप्रवासीका सङ्घसंस्थामा आबद्ध हुने तथा त्यसको बैठक र क्रियाकलापमा सहभागी हुने अधिकार,
- आप्रवासी कामदारका बच्चाको नाम, जन्मदर्ता र नागरिकताको अधिकार,
- उत्पत्तिको राष्ट्रलगायत अन्य कुनै पनि राष्ट्र छाड्ने र फर्कन पाउने अधिकार,

ख) महिलाविरुद्धका सबै भेदभाव उन्मूलनसम्बन्धी महासन्धि समितिको (सिड) को साधारण सिफारिस २६

महिलाविरुद्धका सबै भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ अन्तर्गतको (सिड) समितिले डिसेम्बर ५, २००८ मा महिला आप्रवासी कामदारसम्बन्धी सामान्य सिफारिस सङ्ख्या नं. २६ पारित गरेको छ । यसले महिला अधिकारसम्बन्धी महासन्धिको मर्म र भावनालाई कामदारहरूको मुद्दाप्रति संवेदनशील रही थप व्याख्या र दिशानिर्देश गरेको छ । समितिले आप्रवासी महिलाहरूलाई पनि उनीहरूको जीवनका कुनै पनि पक्षमा भेदभाव गरिनु हुँदैन भनेको छ । साथै उत्पत्तिको राष्ट्र, बाटोमा पर्ने राष्ट्र र रोजगारीको राष्ट्रलाई आप्रवासी कामदारको अधिकार संरक्षणको निम्ति विभिन्न दायित्वहरूको बारेमा उल्लेख गरेको छ :

ग) घरेलु कामदारसम्बन्धी अभिसन्धि, २०११ (नं १८९)

घरेलु कामदारहरूको हकहित र अधिकार उल्लेख भएको अन्तर्राष्ट्रिय महासन्धिलाई घरेलु कामदारसम्बन्धी महासन्धि, २०११ भनिन्छ । यो अभिसन्धि अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को साधारण सभाबाट १६ जुन, २०११ मा पारित भएको हो । यसले घरेलु कामदारको रूपमा कार्यरत रहँदा हुन सक्ने विभिन्न किसिमका जोखिमहरूबाट बचाउने विषयमा उल्लेख गरेको छ । यसमा लेखिएका कुराहरू अन्तर्राष्ट्रिय श्रम सङ्गठनका सदस्य राष्ट्रहरूले अनिवार्य (वाध्यात्मक) रूपले पालना गर्नुपर्दछ । घरेलु कामदार देश र विदेश जहाँ पनि हुन सक्दछन् । यो महासन्धि देश-विदेश जुनसुकै स्थानमा पनि समान रूपमा लागू हुन्छ ।

- विदेशमा काम गर्ने महिला कामदारलाई आप्रवासी महिला कामदार भनिन्छ । नेपालबाट वैदेशिक रोजगारमा जानेको सङ्ख्या उल्लेख्य छ, जसमा महिलाहरूको सङ्ख्या पनि

रहेको देखिन्छ। इजरायल, दुबही, कतार, जोर्डन, मलेसियालगायतका देशहरू यसका प्रमुख उदाहरणहरू हुन्। यस महासन्धिमा घरेलु कामदारको परिभाषामा रोजगारीसँग सम्बन्धित घरेलु काममा संलग्न व्यक्तिलाई घरेलु कामदार भनिएको छ भने घरेलु कामदार र रोजगारदाताका बीचमा आपसी सहमति भएपछि मात्र काम गर्ने र काममा लगाउने व्यवस्था गरेको छ। सहमतिपत्र र नियुक्तिपत्र कामदारले बुझ्न सक्ने भाषामा लेखिएको हुनुपर्ने, घरेलु कामदारले रोजगारदाताको घरमा वा आफ्नै घरमा बसेर एक वा एकभन्दा बढी रोजगारदाताहरूको घरमा काम गर्न सक्ने, उनीहरूलाई अरु श्रमिकसरह काम गर्ने समय, हप्तामा एक दिन बिदा, बढी समयको कामबापत अतिरिक्त पारिश्रमिक, आराम गर्ने समय, कामदार (महिला तथा पुरुष) ले समान रूपमा न्यूनतम पारिश्रमिक पाउने, आफ्नो राहदानी , सम्झौतापत्र आफूसँगै राख्न पाउनेजस्ता प्रमुख व्यवस्थाहरू यस अभिसन्धिमा रहेका छन्।

घ) अन्तर्राष्ट्रिय श्रम सङ्गठनअन्तर्गतका अभिसन्धि र अधिकारहरू

आप्रवासी कामदारहरूको हक अधिकारहरूको संरक्षण गर्ने सिलसिलामा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले स्थापनादेखि नै विशेष गरी सन् १९३९ देखि अन्तर्राष्ट्रिय कानुनका माध्यमबाट प्रयास सुरु गरेको इतिहास पाइन्छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले कामदारहरूको हकहितका लागि विभिन्न १७८ वटा महासन्धिहरू जारी गरेको छ। ती महासन्धिका कतिपय व्यवस्थाहरू आप्रवासी कामदारहरूका हकमा समेत समान रूपमा लागू हुन्छन्। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धिहरु देहायबमोजिम रहेका छन् :

ङ) कामका लागि आप्रवासन (पुनरावलोकन गरिएको) महासन्धि, १९४९

- महासन्धिको सदस्य राष्ट्रहरूले कामका लागि आप्रवासन हुने व्यक्तिहरूलाई निःशुल्क सेवाहरू प्रदान गर्नुका साथै सुचनाहरू उपलब्ध गराउनुपर्दछ।
- सदस्य राष्ट्रहरूले प्रस्थान, यात्रा र कामका लागि आप्रवासन हुने व्यक्तिहरूको आगमन र प्रस्थानलाई सहजीकरण गर्नुपर्दछ।
- महासन्धिले सामाजिक सुरक्षाका विषयमा आप्रवासी कामदारहरूलाई नागरिकसरह अधिकार प्रदान गर्नुपर्दछ।
- कानुनी तवरले आफ्नो भूभागमा बसेका आप्रवासी कामदारहरूलाई आफ्ना नागरिकसरह व्यवहार गर्नुपर्दछ।
- ट्रेड युनियनको सदस्यता र सामूहिक सौदाबाजीको वातावरण निर्माण गर्नुपर्दछ।

च) आप्रवासी कामदारहरू (पूरक प्रावधानहरू महासन्धि), १९७५

यस महासन्धिले आप्रवासी कामदारको अधिकारको संरक्षण गर्दै सदस्य राष्ट्रहरूले आप्रवासी कामदारहरूको आधारभूत मानव अधिकारको सम्मान गर्नुपर्दछ भनी उल्लेख गरेको छ। यस महासन्धिले आप्रवासी कामदारहरूका सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरेको छ :

- महासन्धिले मानव बेचबिखन अपराधमा कानुनको बहुक्षेत्रीय प्रयोगको व्यवस्था गरेको छ।
- त्यस्तै गरी महासन्धिले आफ्नो भूभागमा कानुनी तवरले रोजगारीका लागि बसेको आप्रवासी कामदारहरूलाई ऊ कार्यविहीन भएको अवस्थामा गैरकानुनी नमानिने व्यवस्था गरेको छ।

महासन्धिले पक्ष राष्ट्रलाई निम्नबमोजिमको दायित्व तोकेको छ :

- निष्कासन नगरिएको अवस्थामा आप्रवासी कामदारहरू वा निजको परिवारको सदस्यहरूलाई खर्च व्यहोर्न नलगाइने,
- कानुनी तवरले बसेका आप्रवासी कामदार वा तिनका परिवारको सदस्यहरूलाई रोजगारी र पेसा, सामाजिक सुरक्षाजस्ता अवसर र व्यवहारमा समानता सुनिश्चित गर्न राष्ट्रिय नीति तय गर्ने,
- कानुनी तवरले रहेको आप्रवासीहरूको पुनर्मिलनलाई सहजीकरण गर्ने,
- बच्चाहरूलाई मातृभाषाको ज्ञान दिने र समानताको व्यवहार सुनिश्चित गर्ने,
- कानुनी तवरले बसोवास गरेका आप्रवासी कामदारहरूलाई आफ्नो भूभागमा आवतजावतको अधिकार प्रदान गर्ने ।

छ) मानव बेचबिखनसम्बन्धी इच्छाधीन आलेख, २०००

संयुक्त राष्ट्रसङ्घले मानव बेचबिखनलाई अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको मान्दै सन् २००० मा राष्ट्रसङ्घीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने तथा सजाय गर्ने सन्धिको परिपूरक आलेख, २००० जारी गरेको छ । उक्त परिपूरक आलेखले गरेको बेचबिखनको परिभाषामा ***मानिसहरूको बेचबिखन तथा ओसारपसार भन्नाले शोषण गर्ने उद्देश्यले मानिसहरूलाई धम्की बल प्रयोग गरेर वा अन्य तरिकाले जबरजस्ती बन्धक बनाएर, जालसाजी गरेर, ढाँटेर, शक्ति वा ओहोदाको दुरुपयोग गरी, लोभ देखाएर, पैसा दिएर वा अन्य कुनै फाइदाको आस देखाएर भर्ती गर्ने सहमति गराई अर्को व्यक्तिमाथि नियन्त्रण कायम गरी शोषण गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने एक ठाउँबाट अर्को ठाउँमा लगेर राख्ने, आश्रयमा लिने कार्यलाई जनाउँछ । इच्छाधीन आलेखले शोषणविरुद्धको अधिकार, भेदभावविरुद्धको अधिकार, स्वैच्छिक फिर्ताको अधिकार तथा न्यायसम्बन्धी अधिकारको व्यवस्था गरेको छ ।*** मानव बेचबिखनको अन्त्यका लागि परिपूरक आलेखले निम्न उपायहरू (Measures) को व्यवस्था गरेको छ :

क) राष्ट्रहरूले मानव बेचबिखन रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त नीतिहरू तथा कार्यक्रमहरू लागू गर्नुपर्ने,

ख) बेचबिखनको कारणबारे अनुसन्धान गर्ने, सञ्चार अभियान सञ्चालन तथा आर्थिक तथा सामाजिक कार्यक्रमहरू सञ्चालन गर्ने,

ग) बेचबिखन नियन्त्रणका लागि गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने,

घ) बेचबिखनको मूल कारण जस्तै : गरिबी, बेरोजगारी तथा अविकसित रूप हटाउन बहुपक्षीय तथा अन्तरदेशीय सहयोग आदानप्रदान गर्ने,

ङ) बेचबिखनविरुद्ध प्रभावकारी कानुन निर्माण र कार्यान्वयन गर्ने,

च) बेचबिखन नियन्त्रणका लागि सीमा नियन्त्रण गर्ने ।

छ) बेचबिखनका पीडितहरूलाई न्याय प्रदान गर्ने सम्बन्धमा कानुनी सहयोगको आदानप्रदान गर्ने ।

ज) वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखनविरुद्धको सार्क महासन्धि, २००२

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) ले वेश्यावृत्तिका लागि हुने महिला तथा बालबालिकाको बेचबिखनविरुद्धको सार्क महासन्धि २००२ जारी गरेको छ। महासन्धिको परिभाषाअनुसार ***वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन गर्ने, बेचबिखनका लागि कुनै ठाउँको व्यवस्था गर्ने, राख्ने, जानीजानी लगानी गर्ने वा लगानीमा भाग लिने र कुनै घर वा त्यसको भाग भाडामा दिने वा उपलब्ध गराउने*** लाई मानव बेचबिखन भनिएको छ। उल्लिखित अपराधको उद्योग गर्ने वा त्यस्तो कार्य गर्न प्रोत्साहित गर्ने वा उक्साउने कार्यलाई समेत यस महासन्धिअनुसार दण्डनीय हुने उल्लेख गरिएको छ।

महासन्धिले बेचबिखनबाट असर परेका व्यक्तिहरूको घर फिर्ता र पुनःस्थापनामा सदस्य राष्ट्रहरूको सहयोगलाई विकास गर्नुपर्दछ। बेचबिखनलाई फौजदारी कानुनअन्तर्गत राखी उपयुक्त सजायको व्यवस्था गर्न राज्यलाई दायित्व तोकेको छ। सदस्य राष्ट्रहरूबीचमा बेचबिखन अपराधको अनुसन्धान, अभियोजन तथा न्याय निरोपणमा पारस्परिक सहयोगको व्यवस्था गरेको छ। पीडितको गोपनीयता कायम राख्दै उनीहरूलाई घर फिर्ता गर्ने र पुनर्स्थापना गर्ने कार्यमा सदस्य राष्ट्रहरूबीचमा सहयोगको आदानप्रदानको मार्ग प्रशस्त गरेको छ। महासन्धिले बेचबिखनलाई रोकथाम गर्न विभिन्न उपायहरू (Measures) समेत सिफारिस गरको छ। सार्क महासन्धिका प्रमुख विशेषताहरू निम्न रहेका छन् :

- महासन्धिले बेचबिखन तथा ओसारपसार भएका व्यक्तिहरूको मानव अधिकारप्रति सम्मान व्यक्त गरेको छ।
- महासन्धिले १८ वर्ष उमेर पूरा नभएको व्यक्तिलाई बालबालिका भनी परिभाषा गरेको छ।
- बेचबिखन अपराधको न्यायिक कार्यविधिमा गोपनीयता कायम गर्न बन्द इजलासको अवधारणा अपनाएको छ।
- पीडित व्यक्तिको हेरचाह, पुनर्स्थापनको व्यवस्था तथा कानुनी सहयोगमा जोड दिएको छ।
- एक देशमा अपराध गरी अर्को देशमा भागी जाने कसुरदारको सुपुर्दगी गर्ने व्यवस्था गरेको छ।
- राष्ट्रहरूबीचमा पारस्परिक कानुनी सहयोगको अवधारणा स्वीकार गरेको छ।
- बेचबिखनबाट पीडित व्यक्तिलाई उत्पत्तिको देशमा फिर्ता पठाउने व्यवस्था भएको छ।
- बेचबिखन अन्त्यका लागि गैरसरकारी क्षेत्रको योगदानलाई स्वीकार गरिएको छ।
- महासन्धिका व्यवस्थाहरूको कार्यान्वयन र आवधिक पुनरावोलोकनका लागि पक्ष राष्ट्रका अधिकारीहरू सम्मिलित क्षेत्रीय कार्यदल (Task Force) स्थापना गर्ने व्यवस्था गरेको छ।

झ) आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रक्रिया तथा प्रतिबद्धताहरू

आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि उत्पत्ति मुलुक र गन्तव्य मुलुकहरूको सहभागितासहित, उत्पत्ति मुलुकहरूको क्षेत्रीय प्रतिबद्धताका प्रयासहरू भएको छ। नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुन र नैतिक बन्धनकारी (Morally Binding) अन्तर्राष्ट्रिय प्रतिबद्धता र

निर्देशिकाहरू पालना गर्नु नेपालको दायित्व हुन आउँदछ। नेपालले संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य (Sustainable Development Goals - SDG) कार्यान्वयनको प्रतिवद्धता गरेको छ भने यो आप्रवासनसम्बन्धी विश्व मञ्च (Global Forum for Migration and Development), Global Compact on Migration(GCM), Abu Dhabi Dilolage (ADD), Colombo Process (CP) र सार्कजस्ता क्षेत्रीय र अन्तर्राष्ट्रिय संयन्त्रहरूको पक्ष/योगदानकर्ता रही आएको छ। त्यस्तै ढाका सिद्धान्त (Dhaka Principle) को कार्यान्वयनमा पनि नेपालको प्रतिबद्धता रहेको छ। ती प्रतिबद्धता पालना गर्नु नेपालको दायित्व हुन आउँछ।

१. **Sustainable Development Goals 2030– SDG:** दिगो विकास लक्ष्यको कार्ययोजना कार्यान्वयनका लागि तयार गरिएको Agenda for Sustainable Development मा आप्रवासी श्रमिकहरूको संरक्षण सुनिश्चित गरिने विषयहरू उल्लेख गरिएको छ। दिगो विकास लक्ष्य ८ को सूचक ८.७. ले बाध्यकारी श्रम, आधुनिक दासत्व र मानव तस्करी उन्मूलन गर्न तात्कालिक र प्रभावकारी उपायहरू अपनाउने र बाल सैनिकहरूको प्रयोग र भर्तीलगायत सबै प्रकारका बालश्रमलाई सन् २०२५ सम्ममा निषेधित एवम् निर्मूल गर्ने, सूचक ८.८. आप्रवासी कामदारहरू र त्यसमा पनि खासगरी महिला आप्रवासीहरू र अनिश्चित वा असुरक्षित रोजगारी भएका कामदारहरूको श्रम अधिकारको सुरक्षा गर्ने र सुरक्षित काम गर्ने वातावरणको प्रवर्धन गर्ने, सूचक १०.७. योजनाबद्ध र व्यवस्थित आप्रवास नीतिहरूको कार्यान्वयनमार्फत मानिसहरूको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवार आप्रवासन र आवतजावत सहज बनाउने व्यवस्थाहरू गरिएको छ। आप्रवासी कामदारहरूको अधिकारलाई प्रत्याभूत गराउन दिगो विकास लक्ष्यको १० वटा सूचक प्रत्यक्षरूपमा सम्बन्धित छन्। उता १७ वटा लक्ष्यहरूभित्रका सूचकहरूमा कुनै न कुनै रूपमा सुरक्षित आप्रवासनका लागि अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरूका विषयमा पनि उल्लेख गरिएको पाइन्छ। (*स्रोत : http:// www.un. org/ga/ search/ view _doc.asp? symbol =A/ RES /70/1&Lang=E*

२. **Global Forum for Migration and Development:** विभिन्न क्षेत्र र वर्गका जानकारहरूको बीचमा आप्रवासन र विकाससम्बन्धी नीति तथा अवसरहरूका बारेमा छलफल गर्ने स्थल जसको विश्वका सरकारहरूले अगुवाइ गरेका हुन्छन्। यो संयुक्त राष्ट्रसङ्घको प्रयासबाट प्रारम्भ गरिएको अनौपचारिक मञ्च हो, जसमा नेपालको पनि सहभागिता र समर्थन रहेको छ।

३. **Global Compact on Migration(GCM):** यसलाई Global Compact on Safe, Regular and Orderly Migration पनि भनिन्छ, जो आप्रवासीहरूको मानव अधिकार र आधारभूत स्वतन्त्रताको प्रभावकारी संरक्षणका लागि राष्ट्रहरूले एक आपसमा गर्ने Agreement हो। यस कार्यका लागि विभिन्न चरणका अन्तरसरकारी, गैरसरकारी, राष्ट्रिय मानव अधिकार संस्थाहरूको बैठक, सम्मेलनहरूबाट छलफल हुँदै आप्रवासन र शरणार्थीका समस्याहरूलाई विश्वव्यापी रूपमा कसरी समाधान गर्न सकिन्छ भन्ने मूल उद्देश्य राखी एक दस्तावेज तयार गरियो। सो दस्तावेजका विषयमा सन् २०१८ को सेप्टेम्बरमा भएको संयुक्त राष्ट्रसङ्घको सभामा छलफल भएको थियो। उक्त छलफलले मार्गनिर्देशक सिद्धान्तका आधारमा रही २३

बुँदाका मुख्य उद्देश्यहरूसहित एक दस्तावेज तयार गऱ्यो । उक्त दस्तावेज सन् २०१८ को डिसेम्बरमा मोरक्कोको माराकेसमा राष्ट्रहरूको एक भेलामा सहमती गरिनेछ ।

उक्त दस्तावेजको मुख्य निर्देशक सिद्धान्तहरूमा जनता केन्द्रित (People Centered), अन्तर्राष्ट्रिय सहयोग (International Cooperation), राष्ट्रिय सार्वभौमसत्ता (National Sovereignty), कानुनी शासन र प्रक्रिया (Rule of Law and Due Process), दिगो विकास (Sustainable Development), मानव अधिकार (Human Rights), लैङ्गिक उत्तरदायी (Gender Responsive), बाल उत्तरदायी (Child Sensitive), पूर्ण सामाजिक पद्धति (Whole -of- Society Approach) रहेका छन ।

त्यसैगरी मस्यौदा गरिएको २३ मुख्य उद्देश्यहरूमा नीतिनिर्माणका लागि तथ्य र प्रमाणमा आधारित तथ्याङ्कहरू सङ्कलन गर्ने, सबै चरणका आप्रवासनका विषयमा समयमै सही सूचना प्रदान गर्ने, आप्रवासनका लागि उत्पत्ति मुलुक छाड्नुपर्ने वाध्यात्मक वातावरणको न्यूनीकरण गर्ने, सबै आप्रवासीहरूको कानुनी पहिचान र पर्याप्त अभिलेखीकरण, नियमित आप्रवासनको लागि उपलव्धता र लचकता अपनाउने, मर्यादित कामको लागि स्वच्छ र निष्पक्ष वातावरणको अभिवृद्धि गर्ने, आप्रवासनको जोखिमहरू घटाउने, हराएका आप्रवासी कामदारहरूको जीवनरक्षा गर्ने र समन्वयात्मक रूपमा अन्तर्राष्ट्रिय प्रयास गर्ने, आप्रवासी तस्करीका लागि बहुदेशीय सम्बोधनलाई सुदृढीकरण गर्ने, अन्तर्राष्ट्रिय आप्रवासनका सन्दर्भमा हुने मानव बेचबिखन रोकथाम, नियन्त्रण र उन्मूलन गर्ने, सीमानाकालाई व्यवस्थापन गर्ने र समन्वयात्मक रूपमा सुरक्षा गर्ने, आप्रवासनको प्रक्रियामा उपर्युक्त छनौट, मापन र प्रेषण गर्ने, आप्रवासन हिरासतलाई अन्तिम विकल्पको रूपमा प्रयोग गर्ने र त्यसको विकल्पका लागि कार्य गर्ने, आप्रवासनका सम्पूर्ण चक्रमा कन्सुलर सुरक्षा, सहायता र सहयोगको अभिवृद्धि गर्ने, आप्रवासीहरूलाई न्यूनतम सेवामा पहुँच पुऱ्याउने, आप्रवासीहरू र समाजहरूलाई पूर्ण समावेशी र सामाजिक एकताको विषयमा सशक्तीकरण गर्ने, सबै प्रकारका भेदभाव उन्मूलन गर्ने र तथ्यगत रूपमा आप्रवासनको विषयमा सार्वजनिक धारणा बनाउने, सीप विकासमा लगानी गर्ने र सीप, योग्यता र दक्षताको मलेसिया मान्यता प्रदान गर्न सहजीकरण गर्ने, आप्रवासीहरू र डायस्पोराहरूको सबै देशको दिगो विकासका लागि योगदान गर्ने अवस्थाको सिर्जना गर्ने, छिटो, सुरक्षित र सस्तो प्रक्रियामा विप्रेषण पठाउने कार्यको प्रवर्द्धन गर्ने, मर्यादित रूपमा फिर्ती, पुनः भर्नाका साथै दिगो पुनःएकीकरणको लागि सहयोग गर्ने, सामाजिक सुरक्षाको प्राप्ति र कल्याणकारी सेवा प्राप्तिका लागि पद्धतिको स्थापना गर्ने, सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनको लागि अन्तर्राष्ट्रिय सहयोग र विश्व साझेदारीलाई सुदृढीकरण गर्ने ।

४. **Abu Dhabi Dilolage (ADD)** : श्रमिकको गन्तव्य र स्रोत मुलुकहरूका बीच सन् २००८ मा सुरु गरिएको यो प्रक्रियाले खास गरी चारवटा क्षेत्रलाई प्राथमिकतामा राखेको छ : (१) श्रमबजारसम्बन्धी सूचना र जानकारीहरू तयारी एवम् आदानप्रदान गर्ने, (२) श्रमिकहरूको माग र आपूर्तिबीचमा अझ प्रभावकारी सन्तुलन कायम राख्न क्षमता अभिवृद्धि गर्ने, (३) अवैधानिक भर्ना रोक्ने एवम् श्रमिकहरूको कल्याण र संरक्षण अभिवृद्धि गर्ने र (४) दुवै (

श्रमिकका स्रोत र गन्तव्य) देशहरूले श्रमिकहरूको आप्रवासनको सम्पूर्ण प्रक्रियाको बृहत्तर व्यवस्थापनको संयन्त्र विकास गर्ने ।

५. **Colombo Process (CP)** : श्रमिक पठाउने एसियाली देशको यस मञ्चको सुरुआत सन् २००८ मा भएको हो । यस मञ्चका पनि चारवटा प्रमुख प्राथमिकताहरू रहेका छन् : (१) वैदेशिक रोजगारीसम्बन्धी अनुभव र सिकाइका कुराहरू आदानप्रदान गर्ने, (२) वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले भोग्नुपरेका समस्याका बारेमा छलफल गरी व्यावहारिक समाधानहरू प्रस्ताव गर्ने, (३) सङ्गठित वैदेशिक रोजगारीबाट उच्चतम लाभ हासिल र गन्तव्य मुलुकहरूसँग संवाद र (४) सिफारिस कार्यान्वयनको पुनरावलोकन र आगामी कदमहरूको पहिचान गर्ने । नेपाल हाल यस कोलम्बो प्रोसेसको अध्यक्ष रहेको छ ।

६. **SAARC Declaration (2014) No. 21**: सन् २०१४ को नोभेम्बर २६-२७ मा काठमाडौँमा भएको सार्कको १८औँ शिखर सम्मेलनको घोषणा नं २१ मा यस क्षेत्रबाट अन्य मुलुकमा जाने आप्रवासी श्रमिकहरू संरक्षण, सुरक्षा र हितका निम्ति प्रभावकारी व्यवस्थापन गर्न एकआपसमा समन्वय र सहकार्य गर्ने विषय समावेश गरिएको छ ।

७. **Dhaka Principle** : रोजगारीका खातिर विदेश जानेहरूको आप्रवासन लागत शून्य गराउने, उनीहरूलाई दिइने करारपत्र स्पष्ट र पारदर्शी हुनुपर्ने, आप्रवासी श्रमिकहरूको पासपोर्ट वा परिचयात्मक कागजात नियन्त्रणमा नलिइने, नियमित तलव भुक्तानी दिइने, कार्यस्थल सुरक्षित हुनुपर्ने, सुरक्षित आवासको व्यवस्था, न्यायमा सहज पहुँच र काम परिवर्तन गर्ने कुराको सम्मान गरिनेलगायतका विषय ढाका प्रिन्सिपलमा उल्लेख गरिएको छ ।

परिच्छेद : ३

राष्ट्रिय मानव अधिकार संस्थाहरूका अन्तर्राष्ट्रिय प्रयासहरू

३.१ राष्ट्रिय मानव अधिकार संस्थाको परिचय

राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्थापनाको सुरुवातको महसुस विश्व समुदायले दोस्रो विश्वयुद्धपश्चात् गरेको देखिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको घोषणा हुनुभन्दा दुई वर्षअघि सन् १९४६ मा संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा समाजिक परिषद्ले यस्ता संस्थाको आवश्यकता महसुस गरी सबै देशका सबै नागरिकको प्राप्तिका लागि साझा मापदण्डअनुसार सूचना समूह र स्थानीय मानव अधिकार समितिको आवश्यकतालाई महसुस गर्नका लागि आह्वान गरियो। सन् १९९१ मा फ्रान्सको पेरिसमा भएको राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय कार्यशालामा पेरिस सिद्धान्तलाई स्वीकार गरियो। अस्ट्रियाको भियनामा सन् १९९३ मा भएको मानव अधिकारको विश्वव्यापी सम्मेलन, १९९३ ले राष्ट्रिय मानव अधिकार संस्थाको महत्त्वपूर्ण भूमिका मुख्य गरी सल्लाहकारी, मानव अधिकार उल्लङ्घनमा पीडितलाई प्रदान गरिने उपचार, मानव अधिकारसम्बन्धी सूचना प्रवाह एवम् मानव अधिकार शिक्षामा हुने छ[28] भनी स्वीकार गरेको पाइन्छ।

कुनै पनि राष्ट्रको मानव अधिकार संरक्षण र संवर्द्धन गर्नका लागि राष्ट्रिय प्रणालीको रूपमा राष्ट्रिय मानव अधिकार संस्थालाई संवैधानिक तथा कानुनी अधिकार र कार्यादेश दिइएको पाइन्छ। विभिन्न नाम र स्वरूपमा विश्वका विभिन्न देशहरूमा यस्ता संस्थाहरू स्थापना भएका छन्। राष्ट्रिय मानव अधिकार संस्थाहरूको नामकरणमा राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार आयोग, समिति, अम्बुड्सम्यानलगायतका नामहरूबाट स्थापना भएका छन्। सन् २०१८ फेब्रुअरी २१ सम्मको राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्व सञ्जाल (Global Allianc of National Human Rights Institution, GANHRI) को स्रोत[29] अनुसार "क" वर्गका ७७, "ख" वर्गका ३३ वटा र "ग" वर्गका १० वटा देशका राष्ट्रिय मानव अधिकार संस्था गरी जम्मा १२० वटा राष्ट्रमा राष्ट्रिय मानव अधिकार संस्थाको स्थापना भएको छ। जसमा क वर्गका राष्ट्रिय मानव अधिकार संस्थाहरूले पेरिस सिद्धान्तको पूर्ण पालना गरेको, ख वर्गले पेरिस सिद्धान्तको पूर्ण पालना गर्न नसकेको, ग वर्गले पेरिस सिद्धान्तको पालना नगरेको वर्गीकरण राष्ट्रिय मानव अधिकार संस्थाको विश्व सञ्जाल (Global Allianc of National Human Rights Institution, GANHRI) को वर्गीकरण उपसमितिले (Sub Acreditation Committee) गर्ने गरेको छ। पेरिस सिद्धान्तको प्रमुख छ आधार तथा विशेषताहरू राष्ट्रिय मानव अधिकार आयोग नेपालले पूर्ण रूपमा पालना गरी आफ्नो हैसियत "क" स्तरको वर्गीकरणमा राखेको छ र विभिन्न मतदानमा उम्मेदवारी दिने तथा मतदान दिने अधिकारसमेत सुनिश्चित गरेको छ।

(१) बृहत् कार्यादेश र दक्षता
(२) सरकारबाट स्वायत्त

[28] Vieena Declaration Proramme of Action 1993 , Para 36
[29] https://nhri.ohchr.org/EN/AboutUs/GANHRIAccreditation/ Documents/Status%20Accreditation%20Chart.pdf accessed on 17 September, 2018

(३) संविधान र कानुनबाट स्वतन्त्रताको सुनिश्चितता
(४) बहुलवाद
(५) पर्याप्त स्रोतको उपलब्धता
(६) अनुसन्धानका लागि पर्याप्त अधिकार ।

३.२ राष्ट्रिय मानव अधिकार संस्थाहरूको क्षेत्रीय सञ्जाल

राष्ट्रिय मानव अधिकार संस्थाहरूको क्षेत्रीय सञ्जालहरूमा वार्षिक बैठक हुने र सो बैठकमा समसामयिक मानव अधिकार उल्लङ्घनका विषयहरूमा छलफल गरी हस्तक्षेपको लागि निष्कर्षमा पुग्ने अभ्यासहरू प्रचलनमा रहेको छ। राष्ट्रिय मानव अधिकार संस्थाहरूका विश्वव्यापीरूपमा चारवटा क्षेत्रीय सञ्जाल रहेका छन्, जसलाई निम्नबमोजिम हेर्न सकिन्छ :[30]

S.No.	Name of the Network	Region
1	Asia Pacific Forum of National Human Rights Institution (APF)	Asia Pacific
2	European Network of National Human Rights Institution (ENNHRI)	Europe
3	Network of African National Human Rights Institution (NANHRI)	Africa
4	Red de Instituciones Nacionales para la Promociony Protection de los Derechos Humanos del Continente Americano	Americas

३.३ आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि राज्यले अवलम्बन गर्नुपर्ने मानव अधिकारका मूलभूत मापदण्डहरू

आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवार संरक्षणसम्बन्धी महासन्धि, सन् १९९० र अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अभिसन्धिहरूका आधारमा आप्रवासी कामदारहरूको अधिकारहरूको व्यवस्था गरिएको छ । आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षण गर्नका लागि मानव अधिकारका मूलभूत मापदण्डहरूको सम्मान, संरक्षण र परिपालना गरी उत्पत्ति मुलुक, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकहरूले नीति, कार्यक्रमहरू, संरचनाहरू निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। राष्ट्रिय मानव अधिकार संस्थाहरूले पनि यिनै मानव अधिकारका मापदण्डहरूलाई आधार बनाई आफ्ना कार्यहरूलाई नियमितरूपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ।

मानव अधिकारका मापदण्डहरूलाई केन्द्रविन्दु बनाई नेपाल सरकारले आफ्ना कार्यक्रमहरू निर्माण गर्नुका साथै भएका कार्यक्रमहरूलाई मानव अधिकारका मापदण्डअनुसार सुधार गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ। आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि तल उल्लिखित मानव अधिकारका प्रमुख मापदण्डहरू अवलम्बन गरी नीति, कानुन, संरचनाहरू निर्माण भएमा आप्रवासी कामदारहरूको अधिकार संरक्षणमा प्रत्यक्ष सहयोग पुग्न सक्ने देखिन्छ :

- मानव अधिकार केन्द्रित (Primacy of Human Rights)
- अविभेद (Non Discrimination)
- न्यायमा पहुँच (Access to Justice)
- उद्धार तथा तत्काल सहयोग (Rescue and Immediate Assistance)

[30] https://nhri.ohchr.org/EN/AboutUs/GANHRIAccreditation/Pages/default.aspx accessed on 17 September, 2018

- सीमानाकाको नियमन तथा सुशासन (Border Regulation and Governance)
- मानव अधिकारमैत्री फिर्ती (Human Rights-Based Return)
- हिंसा र शोषणविरुद्ध संरक्षण (Protection from Violence and Exploitation)
- अध्यागमन हिरासतको अन्त्य (Ending Immigration Detention)
- परिवारहरूको संरक्षण (Protecting Family)
- आप्रवासी कामदारहरूको बालबालिकाहरूको संरक्षण (Migrant Children)
- आप्रवासी महिला र बालबालिका (Migrant Women and Children)
- स्वास्थ्यको अधिकार (Right to Health)
- पर्याप्त आवासको अधिकार (Right to an Adequate Standard of Living)
- कामको अधिकार (Right to Work)
- शिक्षाको अधिकार (Right to Education)
- सूचनाको अधिकार (Right to Information)
- अनुगमन तथा उत्तरदायित्व (Monitoring and Accountability)
- मानव अधिकार रक्षकको दायित्व र सुरक्षा (Obligation of Human Rights Defenders)
- आप्रवासन प्रक्रियाको सुशाशन र सहयोग (Migration Governance and Cooperation)

३.४ राष्ट्रिय मानव अधिकार संस्थाहरूका प्रमुख क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरू

- **Zacatecas Declaration, 2004 (जकाटेकस घोषणपत्र):** International Workshop of National Institutions for the Promotion and Protection of Human Rights: Causes, Effects and Consequences of the Migratory Phenomenon and Human Rights Protection; Zacatecas, Mexico; 14–15 October 2004.
- **Santa Cruz Declaration, 2006 (शान्ता क्रुज घोषणपत्र):** 8th International Conference of National Institutions for the Promotion and Protection of Human Rights; Santa Cruz, Republic of Bolivia; 24–26 October 2006
- **Rabat Declaration on Migration and Human Rights, 2008 (आप्रवासन र मानव अधिकारको रावत घोषणापत्र):** 3rd Arab-European NHRI's Dialogue on Migration and Human Rights; Rabat, Morocco; 6–8 May 2008
- **Seoul Guidelines , 2008(सौल निर्देशिका) :** On the Cooperation of NHRIs for the Promotion and Protection of Human Rights of Migrants in Asia; International Conference on Human Rights of Migrants and Multicultural Society; Seoul, Korea; 10–12 November 2008
- **Edinburgh Declaration, 2010 (इडिनवर्ग घोषणापत्र):** 10th International Conference of National Institutions for the Promotion and Protection of Human Rights; Edinburgh, Scotland; 8–10 October 2010

३.५ राष्ट्रिय मानव अधिकार संस्थाहरूबीच सहयोगका अभ्यासहरू

- सन् २००९ मा जोर्डनको राष्ट्रिय मानव अधिकार आयोग र इन्डोनेसिया र फिलिपिन्सको मानव अधिकार आयोगबीच समझदारीपत्र सम्पन्न भएको,
- सन् २०१० मा यस आयोग र दक्षिण कोरियाको मानव अधिकार आयोग, सन् २०१५ मा राष्ट्रिय मानव अधिकार समिति कतारसँग आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणको लागि समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भई कार्यान्वयनमा आएको ।

३.६ आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले योगदान गर्न सक्ने प्रमुख क्षेत्रहरू

विश्वमा रहेका विभिन्न राष्ट्रिय मानव अधिकार संस्थाहरूले आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि विभिन्न भूमिकाहरू निर्वाह गरेको पाइन्छ। मुख्य गरी संयुक्त राष्ट्रसङ्घको विभिन्न प्रणालीहरूसँग प्रतिवेदनहरू पेस गर्ने, गन्तव्य मुलुकहरूमा रहेका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग सूचना आदानप्रदान गरी सहयोगका लागि अनुरोध गर्ने, समझदारीपत्र हस्ताक्षर गरी औपचारिक रूपमा सूचना आदानप्रदान गरी आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि प्रयास गर्ने, राष्ट्रिय मानव अधिकार संस्थाहरूमा आप्रवासन सम्पर्क अधिकृत तोकी कार्य गर्ने, विश्व सञ्जाल र क्षेत्रीय सञ्जालहरूमा समस्याहरूको समाधानका विषयमा छलफल गर्ने, राष्ट्रिय कानुनहरूको पुनरावलोकन गरी सुधारका लागि सरकारलाई सिफारिस गर्ने, आप्रवासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि तथा महासन्धिहरूको पक्ष बन्नका लागि सरकारलाई सिफारिस गर्ने, सरकारका निकायहरूले पीडितहरूलाई प्रदान गर्ने सेवाहरूको विषयमा अनुगमन गर्ने लगायतका कार्यहरू राष्ट्रिय मानव अधिकार संस्थाहरूले गर्ने गर्दछन्।

राष्ट्रिय मानव अधिकार संस्थाहरूको आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि हुने संलग्नतालाई देहायका प्रमुख बुँदाहरूमा केन्द्रित गरी हेर्न सकिन्छ :

(१) **नीति, कानुन र अभ्यासहरूमा सुधार** : विश्वभर रहेका राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रमुख कार्यको रूपमा नीति, कानुन र अभ्यासहरूको सुधारका लागि प्रमुख भूमिका रहेको पाइन्छ। कामदार प्राप्त गर्ने मुलुक र कामदार पठाउने मुलुकहरूले आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि आफ्नो देशको नीति, कानुन र अभ्यासहरूमा सुधारका लागि यसप्रकारका कार्यहरू गर्नुपर्ने विभिन्न क्षेत्रीय तथा विश्व सम्मेलनहरूको घोषणपत्रहरू र निर्देशिकाहरूले निर्देशित गरेको पाइन्छ। **"राष्ट्रिय मानव अधिकार संस्थाहरूले सबै आप्रवासी कामदारहरूको न्यायमा पहुँच, अविभेद, समान व्यवहारको सुनिश्चित गर्नका लागि समाजका सबै क्षेत्रका घरेलु कानुनद्वारा संरक्षणको प्रत्याभूति गराउने महत्वपूर्ण भूमिका हुन्छ।**[31] यसप्रकारको प्रयासहरू गन्तव्य मुलुकहरूभन्दा उत्पत्ति मुलुकका राष्ट्रहरूले प्रयास गरेको पाइन्छ। **त्यसैगरी राष्ट्रिय मानव अधिकार संस्थाहरूले आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि घरेलु कानुनहरूको पुनरावलोकन गर्दा अविभेदको सिद्धान्तलाई आधार बनाई अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजको मापदण्डभित्र पुनरावलोकन गर्न**[32] र यसरी घरेलु कानुनहरू, नियमावली, निर्देशिका, कार्यविधिहरू निर्माण गर्नका लागि सरकारसमक्ष सिफारिस गरी कार्यान्वयन गराउनतर्फ राष्ट्रिय मानव अधिकार संस्थाहरू अग्रसर हुन सक्दछन्। केही गन्तव्य मुलुकहरूमा यस्ता प्रयासहरू भएको पाइन्छ।

अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको पक्ष राष्ट्र बन्नका लागि वकालत गर्ने अर्को प्रमुख दायित्वसमेत राष्ट्रिय मानव अधिकार संस्थाको देखिन्छ। **सबै मुलुकहरू उत्पत्ति, बाटोमा पर्ने**

---

[३१] Santa Cruz Declaration, 8th International Conference of National Institution of for the Promotion and Protection of Human Rights, Santa Cruz, Republic of Bolivia, 24-26, October, 2006 Para 15

[32] Zacatecus Declaration, International Workshop of National Institution for the Promotion and Protection Human Rights Cuases, Effects and Cosnequences of the Migratory Phenomenan and Human Rights Protection ; Zacatecus , Mexico 14-15 October 2004, Para 7

र गन्तव्य मुलुकहरूको आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि आप्रवासी कामदारहरू र तिनीहरूको परिवार संरक्षणसम्बन्धी महासन्धिको अनुमोदन गरी क्षेत्रीय तथा राष्ट्रिय नीतिहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने गरी गराउनका लागि महत्वपूर्ण दायित्व हुने ।[33] यद्यपि धेरै राष्ट्रहरू आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारको अधिकार संरक्षणसम्बन्धी महासन्धि सन् १९९० अनुमोदन गर्नका लागि अनिच्छुक रहेको सन्धि अनुमोदनको पक्ष राष्ट्रहरूको सङ्ख्याबाट स्पष्ट देखिन्छ । **महासन्धिको अनुमोदनको सङ्ख्या न्यून देखिनुमा आफ्नो देशमा आउने आप्रवासी कामदारहरूको नियन्त्रण गर्न नसकिने गन्तव्य मुलुकहरूको फरक बुझाइ रहेको र केही देशहरूमा राष्ट्रिय राजनीतिमा समेत असर पर्ने देखिएको भन्ने बुझाइ रहेको** ।[34] अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको अनुमोदनको सन्दर्भमा गन्तव्य मुलुकका प्रयासहरूलाई हेर्दा राष्ट्रिय मानव अधिकार आयोग मलेसिया (National Human Rights Commission, Malasiya ,SUHAKAM) को प्रयास सान्दर्भिक देखिन्छ । **मलेसियास्थित आयोगले आप्रवासी कामदारसम्बन्धी सन्धि र आप्रवासी कामदारहरूको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रमसम्बन्धी अभिसन्धिहरूको अनुमोदनका लागि सरकारलाई गरेको औपचारिक सिफारिस, वार्षिक प्रतिवेदन र विशेष प्रतिवेदनमार्फत गरिएका सिफारिसहरू, सांसदहरूसँग, सरकारी पदाधिकारीहरूसँग कानुन र नीतिगत सुधारका लागि गरिएको छलफल तथा प्रयासहरू महत्वपूर्ण मान्न सकिन्छ ।**[35] राष्ट्रिय मानव अधिकार संस्थाहरूको अर्को प्रमुख भूमिका घरेलु कानुन र नीतिहरूको निर्माणका लागि सरकारलाई सुझाव तथा सिफारिस गर्न महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यस विषयमा अरब र युरोपियन मुलुकहरूको मोरक्कोको रावत सम्मेलनमा छलफल भई निष्कर्षमा पुगेको देखिन्छ । **सहभागी राष्ट्रिय मानव अधिकार संस्थाहरू आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण गर्नका लागि मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्डअनुसार कानुन निर्माण गर्नका लागि राज्यलाई सिफारिस तथा आह्वान गर्न सक्ने**[36] **निष्कर्ष रहेको छ ।**

निष्कर्षमा नीतिगत सुधारका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरूले अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको पक्ष राष्ट्र बन्नका लागि सुझाव तथा सिफारिस गर्ने, घरेलु नीति, कानुनहरूको निर्माण तथा सुधारको लागि सरोकारवालाहरूसँग नियमित संवादमार्फत समस्या पहिचान गरी सिफारिस गर्ने, व्यापारिक कम्पनी, वैदेशिक रोजगारको लागि भर्ना गर्ने कम्पनीहरूसँग समन्वय गरी सुधारका कार्यहरूलाई प्राथमिकता दिई कार्य गर्ने, मलेसिया सन्धिसम्झौता गर्ने विषयमा मानव अधिकारको मापदण्डमा रही योगदान गर्ने, अन्तर सरकारी निकायहरूको समन्वयमा भूमिका निर्वाह गर्ने, मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्माणमा योगदान गर्नेजस्ता प्रमुख कार्यहरूमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको कार्यक्षेत्र विभिन्न अभ्यासहरूबाट स्थापित भएका छन् ।

(२) **मानव अधिकार उल्लङ्घनमा अनुसन्धान एवम् अनुगमन :** आप्रवासी कामदारहरूले वैदेशिक रोजगारमा जाने क्रममा, प्रस्थानपूर्व, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकमा र

[33] Seoul Statement, International Conference on Human Rigths of Migrants and Multicultural Society, Seoul Korea; 10-12 November 2008; para 2
[34]OHCHR Report 2010, OHCHR Thematic Priorities, Migration; p 47
[35] Promoting and Protecting the Rights of Migrant Workers: The Role of National Human Rights Institutions, Asia Pacific Forum Page 87
[36] Rabat Declaration on Migration and Human Rights; 3rd Arab-European NHRIs' Diologue on Migration and Human Rights , Rabat Morroco, 6-8 May, 2008

फर्किसकेपश्चात् आफ्नो मुलुकमा उनीहरूले मानव अधिकार उल्लङ्घनका घटनाहरू भोगिरहेका हुन्छन् । राष्ट्रिय मानव अधिकार संस्थाको कार्यादेशअनुसार मानव अधिकार उल्लङ्घनमा संलग्न पक्षलाई कानुनीरूपमा बाध्य हुने गरी आदेश दिन सक्दछ । गम्भीर मानव अधिकार उल्लङ्घन नभएमा मेलमिलाप गराउने, अन्य दक्ष तथा आधिकारिक निकायमा प्रेषण (Referral) गरी उपचार प्राप्त गर्ने सल्लाहकारी भूमिकासमेत प्रदान गर्न सक्दछ । **आप्रवासी कामदारहरूको मानव अधिकार उल्लङ्घनका सम्बन्धमा प्रभावकारी उपचार प्रदान गर्न एसिया क्षेत्रमा रहेका राष्ट्रिय मानव अधिकार संस्थाहरूले उजुरी दर्ता, पीडितलाई परामर्श दिने, अनियमित आप्रवासन (Irregular Migration) , अलेखबद्ध आप्रवासी कामदार (Undocumented Migrant Workers), बेचबिखनबाट पीडित (Traffcked Victims), तस्करीबाट पीडितहरू (Victims of Smuggling) र यौन र्दुव्यवहार (Sexual Abuse) का विषयमा अनुसन्धान गर्न सक्ने**[37] व्यवस्था निर्देशित गरेको छ । पीडित आप्रवासी कामदारहरूको मानव अधिकारको उल्लङ्घनको उपचार प्राप्त गर्नका लागि उजुरीप्राप्तिको सहज पहुँचको व्यवस्था, व्यक्तिगत उजुरीको सम्बोधन, प्रमाण सङ्कलन, अन्तर्वार्ता, गोपनीयता तथा सुरक्षा, सुझाव तथा सिफारिसका चरण पूरा गरी अनुसन्धान कार्य पूरा गर्न सक्दछन् । **उजुरीका सहज पहुँचका सम्बन्धमा दक्षिण कोरियाको राष्ट्रिय मानव अधिकार आयोग तथा नेपालको आयोगले नेपाली र कोरियन भाषामा आप्रवासी कामदारहरूको अधिकारका सम्बन्धमा आधारभूत सूचना र उजुरी प्रक्रियाको कार्यविधि निश्चित गरेको थियो ।**[38] आप्रवासी कामदारहरूको अधिकार उल्लङ्घनको विषयमा कार्यस्थलमा गई अवलम्बन गर्नुपर्ने कानुनी प्रक्रिया, सरकारी निकायले कानुनबमोजिम पालना गर्नुपर्ने विषयलगायत अन्य सम्बद्ध विषयमा राष्ट्रिय मानव अधिकार संस्थाले नियमित अनुगमन गरी सरकारी अधिकारीहरूलाई जानकारी गराई पीडितमैत्री व्यवहारको सुनिश्चितता गर्नका लागि अनुरोध तथा सिफारिस गर्न सक्दछ । **राष्ट्रिय मानव अधिकार संस्थाहरूले नियमितरूपमा आप्रवासी कामदारहरूसँग सम्बन्धित वार्षिक प्रतिवेदन, विशेष प्रतिवेदनहरूमार्फत मानव अधिकार संरक्षणको लागि अनुगमन,अनुसन्धान गर्न सक्दछन् ।**[39] पीडितमैत्री वातावरण तथा पहुँच सिर्जना गर्ने व्यवस्थाको सम्बन्धमा हस्तक्षेप गरी आप्रवासी कामदारहरूको मानव अधिकार उल्लङ्घनको प्रभावकारी अनुसन्धान एवम् अनुगमन गर्ने कार्यहरू राष्ट्रिय मानव अधिकार संस्थाहरूले गर्न सक्दछन ।

(३) **हिरासत तथा कारागारमा रहेका आप्रवासी कामदारहरूको संरक्षण** : राष्ट्रिय मानव अधिकार संस्थाहरूको प्रमुख भूमिका स्वतन्त्ररूपमा हिरासत अनुगमन गरी स्वतन्त्रताबाट वञ्चित भएका आप्रवासी कामदारहरूको अधिकार संरक्षण र संवर्द्धन गर्ने हो । विश्वमा रहेका केही मानव अधिकार संस्थाहरूले अध्यागमन हिरासतको (Immigration Detention) अनुगमनको नियमित तथा आकस्मिक कार्यक्रमहरूमार्फत कार्य गरेको पाइन्छ भने केहीलाई यातनाविरुद्धको राष्ट्रिय रोकथाम पद्धति/प्रणालीको रूपमा अधिकार दिइएका अभ्यासहरूसमेत रहेको देखिन्छ । हिरासतमा रहेका व्यक्तिहरूबाट प्राप्त व्यक्तिगत उजुरीहरूको आधारमा समेत

[37] Seoul Guidleines on the Cooperation of NHRIs for the Promotion and Protection of Human Rights of Migrants in Asia; International Conference on Human Rights of Migrants and Multicultural Society; Seoul Korea 10-12 November 2008; Para 21

[38] MoU Between National Human Rights Commission South Korea and Nepal Section 6

[39] Seoul Guidleines on the Cooperation of NHRIs for the Promotion and Protection of Human Rights of Migrants in Asia; International Conference on Human Rights of Migrants and Multicultural Society; Seoul Korea 10-12 November 2008; Para 29

अनुगमन गर्ने अभ्यासहरूसमेत प्रचलनमा रहेको पाइन्छ। **राष्ट्रि मानव अधिकार संस्थाहरूले सरकारले पालना गर्नुपर्ने दायित्व सम्मान (Respect), पूरा (Fulifil), संरक्षण (Protection) गरे वा नगरेको अवस्थाको विशेष गरी जोखिम समूहका व्यक्तिहरूलाई लक्षित गरी अनुगमन गर्नुपर्ने।**[40] **राष्ट्रिय मानव अधिकार संस्थाले अध्यागमन अधिकारीहरू, सीमा सुरक्षा अधिकारीहरू, आप्रवासी कामदारहरूको प्रक्रियाका विषयमा संलग्न हुने अधिकारीहरू, हिरासतका अनुगमन गर्ने विषयमा प्रत्यक्ष सरोकार राख्ने सरकारी निकायका अधिकारीहरू, प्रहरीहरूलाई लक्षित गरी तालिमसम्बन्धी निर्देशिकाहरू र तालिम प्रदान गर्ने**[41] कार्यहरू अन्तर्राष्ट्रिय रूपमा विभिन्न राष्ट्रिय मानव अधिकार संस्थाहरूले गर्दै आएका छन्। अर्को महत्वपूर्ण भूमिकाको रूपमा राष्ट्रिय मानव अधिकार संस्थाहरू उत्पत्ति मुलुक, बाटोमा पर्ने सीमानाकाका मुलुकहरूको आप्रवासी र कन्सुलर सेवा दिने निकायहरूबीचको क्षेत्रीय तथ्याङ्क प्रणालीको स्थापना गर्ने[42] घोषणापत्र राष्ट्रिय मानव अधिकार संस्थाहरूको भेलाले पारित गरेको छ। यसैगरी राष्ट्रिय मानव अधिकार आयोग अस्ट्रेलियाले हिरासतको नियमित अनुगमन गर्ने गरेको अभ्याससमेत देखिएको छ। अस्ट्रेलियास्थित **आयोगले विगत दशकदेखि हिरासतको अनुगमनबाट प्राप्त गरेका तथ्यहरूमा लामो समयसम्म हिरासतमा रही यातनाका कारण विक्षिप्त भएको तथ्य देखाएको छ। यसका कारण हिरासतमा रहेका व्यक्तिहरू मानसिक स्वास्थ्यका बिरामी भएका, हिरासतमा प्राप्त हुने सुविधाबाट वञ्चित भएका तथ्यहरू अनुगमनबाट देखिएको छ।**[43] बन्द हिरासतमा राख्नुभन्दा सामुदायिक रूपमा व्यवस्थापन गर्ने विकल्पको लागि आयोगले वकालत गर्दै आइरहेको र यसको परिणामस्वरूप सन् २०११ मा अस्ट्रेलियन सरकारले अध्यागमन हिरासतबाट सामुदायिक हिरासतमा उल्लेख्य सङ्ख्यामा स्थानान्तरण गरेको देखिन्छ।

निष्कर्षमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले आफ्ना राष्ट्रहरूको अध्यागमन हिरासतहरूको अनुगमन गरी हिरासतमा रहेका आप्रवासी कामदारहरूको स्वतन्त्रता र मानव अधिकार संरक्षणको विषयमा अनुगमन एवम् अनुगमनबाट देखिएका समस्या र प्राप्त उजुरीहरूमाथि अनुसन्धान गरी मानव अधिकार उल्लङ्घनको विषयमा सरकारलाई सिफारिस गर्न सक्दछन्।

(४) **व्यवस्थित, नियमित र प्रणालीगतरूपमा भइरहेको मानव अधिकार उल्लङ्घनको सार्वजनिक/राष्ट्रिय छानबिन (Public/National Inquiry) गर्ने** : राष्ट्रमा भइरहेको व्यवस्थित, नियमित र प्रणालीगत रूपमा भइरहेको मानव अधिकार उल्लङ्घनको विषयमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले राष्ट्रिय/सार्वजनिक (National/Public Inquiry) गर्न सक्दछन्। अन्तर्राष्ट्रिय जगत्मा विभिन्न राष्ट्रिय मानव अधिकार संस्थाहरूले विभिन्न मानव अधिकार उल्लङ्घनका विषयहरूमा राष्ट्रिय जाँचबुझ सम्पन्न गरी सरकारलाई सिफारिस गरेको अभ्यासहरू देखिन्छ। **सार्वजनिक जाँचबुझका माध्यमबाट सबैको न्यायमा पहुँच विशेष गरी जोखिम समूह, सीमान्तकृत समुदायमा व्यापारिक संस्था र निजी कम्पनीहरूबाट हुने मानव**

[40] Nairobi Declaration; 9th International Conference of National institutions for the Promotion and Protection of

[41] Santa Cruz Declaration, 8th International Conference of National Institution of for the Promotion and Protection of Human Rights, Santa Cruz, Republic of Bolivia, 24-26, October, 2006 Para 39

[42] Zacatecus Declaration, International Workshop of National Institution for the Promotion and Protection Human Rights Cuases, Effects and Cosnequences of the Migratory Phenomenan and Human Rights Protection ; Zacatecus , Mexico 14-15 October 2004, Para 12

[43] National Report 2010-2011, Australian Human Rights Commission;2011;p. 36

अधिकार उल्लङ्घनको अवस्थाको पहिचान गर्न सकिने[44] **भनी निर्देशित गरेको छ ।** यस व्यवस्थाको आधारमा निजी क्षेत्रबाट भएका कानुनविपरीतका गतिविधिका सम्बन्धमा सार्वजनिक जाँचबुझ राष्ट्रिय मानव अधिकार संस्थाले गर्न सक्दछ । अन्य विभिन्न देशका राष्ट्रिय मानव अधिकार संस्थाहरूले मानव अधिकार उल्लङ्घनका विभिन्न विषयहरूमा सार्वजनिक/राष्ट्रिय जाँचबुझका कार्यक्रम गरी उल्लङ्घनको कारक तत्व पहिचान गर्ने र सरकारलाई नीतिगत परिवर्तनका लागि सिफारिस गर्ने कार्यहरू हुँदै आइरहका छन् । सन् २००५ मा राष्ट्रिय मानव अधिकार आयोग मङ्गोलियाबाट यातनाका विषयमा गरेको राष्ट्रिय छानबिन एक असल अभ्यासको रूपमा हेर्न सकिन्छ । जसमा हिरासतमा रहेका १४०० जना र करिब १०० का सङ्ख्यामा सरकारी अधिकारीहरूसँग अन्तर्वार्ता, हिरासत कक्षहरूको अनुगमनसमेत गरिएको थियो । यस अनुगमन कार्यक्रमले यातनाको अवस्थाको यथार्थ चित्रणसमेत गरेको थियो । **अनुगमन प्रतिवेदनमा मङ्गोलियाको संसद्मा समेत दुई दिन पक्ष-विपक्षमा छलफल भएको र सोको परिणाम कानुन सुधारका लागि सरकारलाई संसद्बाट आदेश भएको** पाइएको छ ।[45] अन्य देशहरूमा भएका राष्ट्रिय जाँचबुझका केही प्रमुख विषयहरूलाई उदाहरणस्वरूप तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालीका नं ३.१: अन्य राष्ट्रहरुका राष्ट्रिय मानव अधिकार संस्थाहरुबाट सम्पन्न गरिएका राष्ट्रिय जाँचबुझका अभ्यासहरु

राष्ट्रिय मानव अधिकार संस्थाहरू	राष्ट्रिय/सार्वजनिक जाँचबुझका/ छानवीनका विषयहरू	साल
अस्ट्रेलियन मानव अधिकार र समान अवसरसम्बन्धी आयोग	घरवारविहीन बालबालिकाहरू	सन् १९८७
	मानव अधिकार र मानसिक सन्तुलन गुमाएका बिरामीहरू	सन् १९९१
	आदिवासी र टोरेस स्ट्रेट टापुबाट उनीहरूका परिवारसँग छुट्टिएका बालबालिकाहरू	सन् १९९५
राष्ट्रिय मानव अधिकार आयोग, भारत	स्वास्थ्य हेरचाहको अधिकार	सन् २००३
राष्ट्रिय मानव अधिकार आयोग, न्युजिल्यान्ड	सार्वजनिक सवारी साधनको पहुँच	सन् २००३
राष्ट्रिय मानव अधिकार आयोग, मङ्गोलिया	यातनाबाट मुक्ति	सन् २००५
अफगानिस्तान स्वतन्त्र मानव अधिकार आयोग	महिलाहरूले प्रतिष्ठामा आँच पुऱ्याएको भनी गरिएको हत्या र जबरजस्ती करणी	सन् २०१३
राष्ट्रिय मानव अधिकार आयोग, फिलिपिन्स	महिलाहरूको प्रजनन स्वास्थ्य	सन् २०१५

[44] Edinbyrg Declaration 10th International Conference of National Institutions for the Promotion and Protectio of Human Rights; Edinburg, Scotland 8-10 October 2010; Section B: Monitoring Part II
[45] Promoting and Protecting the Rights of Migrant Workers: The Role of National Human Rights Institutions, Asia Pacific Forum Case Study Page 147

राष्ट्रिय मानव अधिकार आयोग, नेपाल	जबरजस्ती करणीबाट पीडित महिला तथा बालबालिकाको न्यायमा पहुँच, काभ्रे जिल्ला	सन् २०१६

स्रोत : Brochure of Natioanl Inquiry on Systematic Pattern of Human Rights Violations National Human Rigths Commission Nepal

आप्रवासी कामदारहरूको मानव अधिकार उल्लङ्घनको विषयमा कामदार प्राप्त गर्ने मुलुकहरू, कामदार पठाउने मुलुकहरू, बाटोमा पर्ने मुलुकहरूले राष्ट्रिय/सार्वजनिक जाँचबुझ गरी मानव अधिकार उल्लङ्घनको यथार्थ अवस्था पहिचान गरी पीडितले प्राप्त गर्ने उपचारका लागि नीति, कानुन, संरचनाहरूको सुधारका विषयमा सरकारलाई सिफारिस गर्न सक्दछन् । यस्ता प्रकारका कार्यहरू अति नै प्रभावकारी मानिन्छ ।

(५) **शिक्षा, तालिम, अध्ययन तथा अनुसन्धान :** राष्ट्रिय मानव अधिकार संस्थाहरूले आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि तोकिएका सरकारी निकायका पदाधिकारीहरू विशेषगरी प्रहरी, अध्यागमन अधिकारी, सीमा सुरक्षा निकाय, कन्सुलर सेवा र यस क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाका व्यक्तिहरूलाई क्षमता अभिवृद्धि, समय समयमा विषयको संवेदनशीलताको बारेमा अभिमुखीकरण, मानव अधिकारको मापदण्डभित्र रही पीडितमैत्री व्यवहार तथा अभ्यासहरूजस्ता विषयलाई केन्द्रित गरी कार्यक्रमहरू तर्जुमा गर्न सक्दछन् र सोहीअनुसार कार्यान्वयनमा ल्याउन सक्दछन् । त्यसैगरी आप्रवासन, मानव बेचबिखन, तस्करीजस्ता विषयहरूलाई केन्द्रित गरी पीडित हो होइन भन्ने विषय पहिचान गर्ने विषयमा तालिम पाठ्यक्रम तथा तालिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्दछन् । यसको उदाहरणका रूपमा राष्ट्रिय मानव अधिकार आयोग मलेसिया, अन्तर्राष्ट्रिय हिरासत सञ्जाल, अन्तर्राष्ट्रिय रेडक्रस समिति, शरणार्थीसम्बन्धी मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयद्वारा आयोजना गरिएको "हिरासतमा रहेका आप्रवासी कामदार र शरणार्थी" विषयको कार्यशालामा सहभागी मलेसियाका अध्यागमन विभाग, कारागार विभाग, सुरक्षा परिषद् र गृह मन्त्रालयका प्रतिनिधिहरूसमेतको सहभागिता रहेको थियो । यस कार्याशालामा मुख्य गरी हिरासतसम्बन्धी कानुन र मापदण्ड, अन्तर्राष्ट्रिय सफल अभ्यासहरू, हिरासतमा रहेका व्यक्तिहरूको संरक्षणका लागि विशेष आवश्यकताहरू, स्वास्थोपचार र अन्य आधारभूत सुविधाहरूको विषयमा छलफल केन्द्रित रहेको थियो ।[46] यस्ता कार्यक्रम खास गरी मानव अधिकार शिक्षासँग केन्द्रित रही सरकारका अधिकारीहरूलाई संवेदनशील बनाउनेतर्फ केन्द्रित गरी गरिएको पाइन्छ ।

कामदारहरू प्राप्त गर्ने अर्को मुलुक राष्ट्रिय मानव अधिकार समिति कतारले सम्पन्न गरेको निर्माण क्षेत्रमा कार्यरत अर्ध दक्ष कामदारहरूको विषयमा सन् २०११ मा गरिएको अध्ययन अति महत्वपूर्ण मान्न सकिन्छ । जसमा १११० जना निर्माण क्षेत्रका कामदारहरू, रोजगारदाताहरूसँग सर्भेक्षण प्रणालीमार्फत अध्ययन गरिएको थियो । एक तिहाइ

[46] Promoting and Protecting the Rights of Migrant Workers: The Role of National Human Rights Institutions, Case Study, Page 8

कामदारहरूले समयमा तलब नपाएको, कामदारहरू बस्ने आवास, शौचालय र अन्य सुविधाहरू स्वास्थ्य र सफाइको आधारभूत मापदण्डअनुसार नरहेको निष्कर्ष रहेको थियो ।[47]

निष्कर्षमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले आप्रवासी कामदारहरूको मानव अधिकार उल्लङ्घनलाई न्यूनीकरण गर्न शिक्षा प्रदान गर्ने, प्रत्यक्ष सरोकार राख्ने सरकारी निकायका पदाधिकारीहरू र गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरूलाई तालिम प्रदान गर्ने, मानव अधिकार उल्लङ्घनको अवस्थाको अध्ययन तथा अनुसन्धान गरी सरकारलाई सिफारिस तथा सुझाव दिने कार्यहरू गर्न सक्दछन् ।

(६) **मानव अधिकारका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रक्रियामा प्रणालीगत रूपमा योगदान गर्ने** : राष्ट्रिय मानव अधिकार संस्थाहरूले संयुक्त राष्ट्रसङ्घका विभिन्न निकायहरू सन्धि जनित, विश्वव्यापी आवधिक समीक्षालगायतका प्रक्रियाहरूमा योगदान गरी आप्रवासी कामदारहरूको अवस्थाका बारेमा प्रतिवेदनहरू पेस गर्ने गर्दछन् । उदाहरणका रूपमा राष्ट्रिय मानव अधिकार आयोग नेपालले अपाङ्गता अधिकारसम्बन्धी महासन्धिको समिति, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी समिति, विश्वव्यापी आवधिक समीक्षामा स्वतन्त्ररूपमा पेस गरिएको प्रतिवेदनलाई लिन सकिन्छ । उक्त प्रतिवेदनहरूमा प्राप्त सुझाव तथा निष्कर्षहरूलाई आधार बनाई कार्यान्वयनको सम्बन्धमा अनुगमन, अध्ययन तथा अनुसन्धान गरी प्राप्त तथ्यहरूका आधारमा सरकारलाई सिफारिस गर्ने गर्दछ । पीडितहरूले सन्धिजनित निकायहरूमा, विशेष समाधीक्षकको कार्यालयमा गर्ने उजुरीहरूमा राष्ट्रिय मानव अधिकार संस्थाहरूले सहजीकरण र सहयोग गर्ने कार्य गर्न सक्दछन् ।

(७) **राष्ट्रिय मानव अधिकार संस्थाहरू बीच सूचना आदानप्रदान गरी सहयोग र समन्वय गर्ने** : राष्ट्रिय मानव अधिकार संस्थाहरूको अर्को महत्वपूर्ण कार्य उत्पत्ति मुलुक र गन्तव्य मुलुकबीच समझदारीपत्र हस्ताक्षर गरी औपचारिक रूपमा सूचना आदानप्रदान गरी पीडित आप्रवासी श्रमिकहरूलाई गन्तव्य मुलुकको कानुनको अधीनमा रही उपचार प्रदान गर्नका लागि अनुरोध गर्न सक्दछन् । समझदारीपत्र हस्ताक्षर नभएको अवस्थामा पनि अनुरोध गरी समस्यामा परेको आप्रवासी श्रमिकहरूको संरक्षणका कार्यहरू भएका अभ्यासहरू नेपालको राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय मानव अधिकार आयोग मलेसिया र भारतसँग अनुरोध गरी सहयोग प्राप्त गरेको छ । त्यसैगरी यस आयोग र राष्ट्रिय मानव अधिकार समिति कतारबीच औपचारिक रूपमा समझदारीपत्रमा हस्ताक्षर गरी पीडित आप्रवासी नेपाली कामदारहरूलाई सहयोगको आदानप्रदान गरिएको अभ्याससमेत रहेको छ ।

(८) **समन्वय तथा सहकार्य** : राष्ट्रिय मानव अधिकार संस्थाहरूले आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि अध्यागमन कार्यालय, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग तथा कार्यालयहरू, वैदेशिक रोजगारलाई नियमन र व्यवस्थापन गर्ने कार्यालयहरू, गैरसरकारी संस्थाहरू, वैदेशिक रोजगारका निजी कम्पनीहरू विकासका साझेदारहरूसँग सहकार्य गरी कार्य गर्ने गर्दछन् । यस्ता प्रकारका कार्यहरू यस आयोगले नियमित रूपमा गर्दै आइरहेको छ ।

[47] Promoting and Protecting the Rights of Migrant Workers: The Role of National Human Rights Institutions, Case Study, Case Study Page 163

(९) **अवस्था प्रतिवेदन प्रकाशन :** राष्ट्रिय मानव अधिकार संस्थाहरूले आफ्नो देशको आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थासम्बन्धी प्रतिवेदन, विभिन्न अध्ययन तथा अनुसन्धान गरी प्रकाशन गर्न सक्दछन् । प्रतिवेदनमार्फत औल्याइएका समस्याहरू र सुधारका लागि सरकारलाई सिफारिस गर्न सक्दछन् । यसप्रकारका प्रतिवेदनहरू गन्तव्य मुलुकहरूमा र उत्पत्ति मुलुकमा रहेको राष्ट्रिय मानव अधिकार संस्थाहरूले प्रकाशन गर्दै आइरहका छन् ।

३.६ राष्ट्रिय मानव अधिकार आयोग नेपालको प्रयासहरू

राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको संविधानको २०७२ को धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले समेत मानव अधिकार संरक्षण र संवर्द्धनका लागि विभिन्न अधिकारहरू प्रदान गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको छ वर्षे रणनीतिक योजना सन् २०१५- २०२० ले समेत आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि प्राथमिकतामा राखेको छ र सोहीअनुसार यस विषयमा आफ्ना कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको छ । आयोगले आफ्नो कार्यसम्पदानको क्रममा नेपाल सरकारका निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेदारी संस्थाहरू, वैदेशिक रोजगारसँग सम्बन्धित निजी कम्पनीहरूसँग समन्वय गरी कार्य गर्दै आइरहेको छ । यसै सन्दर्भमा आयोगबाट आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि हालसम्म भएका प्रयासहरूका सम्बन्धमा तल चर्चा गरिएको छ :

(१) आप्रवासी नेपाली कामदारहरूको अधिकार संरक्षणका लागि आयोगले गरेको प्रयासको ऐतिहासिक पृष्ठभूमि

राष्ट्रिय मानव अधिकार आयोग नेपालले आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि प्रयासहरू सन् २०१० देखि सुरुवात गरेको देखिन्छ । सन् २०१० मा दक्षिण कोरियाको मानव अधिकार आयोग र नेपालको आयोगबीच समझदारीपत्र हस्ताक्षर गरी आप्रवासी कामदारहरूको अधिकार संरक्षणको लागि कार्य गरेको थियो । सन् २०१२ मा आप्रवासी कामदारहरूको अधिकार विषयक अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरी काठमाडौँ घोषणापत्र जारी गरिएको थियो । सम्मेलनमा कतार र अफगानिस्तानसमेतका राष्ट्रिय मानव अधिकार संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यसैगरी आयोगका तत्कालीन माननीय अध्यक्ष केदारनाथ उपाध्यायको नेतृत्वको टोलीले दक्षिण कोरिया र मलेसियाको भ्रमण गरी आप्रवासी नेपाली कामदारहरूको अवस्थाको बारेमा अनुगमन गरी प्रतिवेदनमार्फत नेपाल सरकारलाई सुझाव दिएको थियो ।

(२) परामर्श छलफल

आयोगले आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि प्राथमिकतामा राख्नुपर्ने विषयहरूको पहिचान र भूमिकाको विषयमा यस क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, नेपाल सरकारका पदाधिकारीहरू एवम् वैदेशिक रोजगार कम्पनीका सङ्घ तथा महासङ्घका पदाधिकारीहरू आयोगका माननीय सदस्य श्री सुदिप पाठकको अध्यक्षतामा परामर्श छलफल निम्नबमोजिम सम्पन्न गरिएको थियो

तथा परामर्श छलफलबाट आयोगले प्राथमिकतामा राखी गर्नुपर्ने कार्यहरू र नेपाल सरकारले सम्बोधन गर्नुपर्ने विषयको बारेमा सुझावहरू प्राप्त भएको थियो ।

क्र.सं.	परामर्श छलफलको विषय	मिति
१.	सुरक्षित आप्रवासनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँगको परामर्श छलफल	२०७३/०६/१४
२	वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निजी व्यावसायिक कम्पनीहरूको सङ्घ तथा महासङ्घहरूसँग भएको परामर्श छलफल कार्यक्रम	२०७३/०६/१६
३	नेपाल सरकारका मन्त्रालय, विभागका पदाधिकारीहरूसँगको परामर्श छलफल कार्यक्रम	२०७३/०६/१८

छलफलमा भएका प्रमुख विषयहरू एवम् प्रमुख सुझावहरू

- आप्रवासी नेपाली कामदारहरूमाथि भएका घटनाको अनुपातमा वैदेशिक रोजगार विभागमा उजुरी सङ्ख्या कम रहेको । यसको प्रमुख कारण पीडितहरूलाई प्रदान गर्ने उपचार प्रणाली केन्द्रीकृत भएको । पीडितलाई उजुरीका लागि सहज पहुँच बनाई सम्बोधन प्रणालीलाई विकेन्द्रीकरण गर्नुपर्ने आवश्यकता रहेको ।
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा रहेको कल्याणकारी कोषमा कामदारहरूको सहज पहुँच हुन नसकेको । यसका लागि सरल र विकेन्द्रीकृत प्रणालीको आवश्यकता रहेको ।
- नेपाल सरकारले विभिन्न गन्तव्य मुलुकसँग गरेको द्विपक्षीय समझदारीपत्र र श्रम-सम्झौताको अपेक्षाकृतरूपमा कार्यान्वयन हुन नसकेको । गन्तव्य मुलुकहरूसँग भएको द्विपक्षीय सम्झौता र समझदारीहरूको कार्यान्वयनको अवस्थाको प्रभावकारी अनुगमन गर्न आवश्यक भएको ।
- वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट सम्पादन भएका कार्यहरू आयोग र सम्बन्धित निकायहरूद्वारा नियमित अनुगमन हुनुपर्ने आवश्यकता रहेको । फ्री टिकट फ्री भिसाको विषयलाई समेत आयोगले प्राथमिकतामा राखी अनुगमन गर्नुपर्ने आवश्यकता देखिएको ।
- वैदेशिक रोजगारको सन्दर्भमा श्रम तथा रोजगार मन्त्रालय र अन्य मन्त्रालयहरू (परराष्ट्र, गृह र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय) बीच प्रणालीगत रूपमा अन्तरमन्त्रालय समन्वय नभएको । यस विषयमा आयोगले समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने अवस्था रहेको ।
- नेपाल सरकारको विदेशस्थित कूटनैतिक नियोगहरूमा जनशक्ति वृद्धि, क्षमता अभिवृद्धि, स्रोतसाधनमा समेत वृद्धि गर्नुपर्ने आवश्यकता रहेको ।
- भारतमा वैदेशिक रोजगारीमा जाने कामदारहरूको तथ्याङ्क नरहेको, खुल्ला सिमानाका कारण अभिलेखीकरण नभएको कारण समस्या सिर्जना भएकाले समस्या समाधानमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउन आयोगको भूमिका महत्वपूर्ण हुने ।
- वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूलाई गन्तव्य मुलुकको नियम कानुनको बारेमा सरल, सहज र स्पष्टरूपमा विभिन्न माध्यमबाट जानकारी गराउनु अति आवश्यक रहेको ।
- वैदेशिक रोजगार ऐनको संशोधनका क्रममा आयोगले आप्रवासी कामदारहरूको अधिकार संरक्षणमैत्री बनाउनुपर्छ भन्ने विषयमामा जोड दिन र रोजगारीका लागि गन्तव्य

मुलुकहरूसँग द्विपक्षीय सम्झौता गर्नका लागि प्रभावकारी पहल गर्ने सम्बन्धमा पहल गर्न आवश्यक रहेको ।

- नेपालको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरू जस्तै : (Colombo Process, Bali Process, Abudhabi Dialogue) लगायतका कार्यान्वयनको अवस्थाका बारेमा नीति तथा कार्यक्रमहरूमा प्रतिविम्बित भए नभएको विषयमा आयोगको अनुगमनबाट हेरिनुपर्ने ।
- वैदेशिक रोजगारको क्रममा गन्तव्य मुलुकमा अदालतले मृत्युदण्डको सजाय सुनाएका, हिरासत तथा कारागारमा रहेका, बेहोस अवस्थमा रहेका, उपचारमा रहेका कामदारहरूको विषयमा अध्ययन तथा अनुसन्धान गर्न अति आवश्यक भएको ।
- घरेलु कामदारहरूको अधिकार संरक्षणको लागि घरेलु कामदारका लागि मर्यादित कामसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि १८९ को अनुमोदनका लागि आयोगको पहल आवश्यक रहेको ।
- गन्तव्य मुलुकहरूमा कानुनी समस्यामा परेका, हिरासत तथा कारागारमा रहेकाहरूलाई नेपाल सरकारले कानुनी सहायताको व्यवस्था गर्न आवश्यक रहेको ।
- गन्तव्य मुलुकमा नेपाली आप्रवासी कामदारहरूको मृत्युको कारण हृदयाघात (Cardiac Arrest) भनी त्यहाँका अस्पतालले प्रमाणित गर्ने गरेको पाइएको । यस अवस्थाको यथार्थ पत्ता लगाउनका लागि गन्तव्य मुलुकमा मृत्यु भई नेपालमा ल्याइने शवहरूको नेपालमा पुनः शव परीक्षण (Post Mortem) गर्दा यथार्थ अवस्था पत्ता लगाउन सकिने अवस्था रहेको ।
- अलेखवद्ध (Undocumented) आप्रवासी नेपाली कामदारहरूको विषयमा नेपाल सरकारले विशेष किसिमको कोष निर्माण गरी समस्याको निर्क्योल गर्नुपर्ने आवश्यकता रहेको ।
- वैदेशिक रोजगारमा जानुपूर्व स्वास्थ्य संस्थासँग स्वास्थ्य परीक्षण गरेको २ महिनापछि गन्तव्य मुलुकमा जाने गरेको पाइएको । गन्तव्य मुलुकहरूमा पुगिसकेपछि निश्चित अवधिमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था नभएको । स्वास्थ्य परीक्षणको प्रणालीलाई विस्तार गर्ने र स्वास्थ्य परीक्षणको विषयमा आयोगले विज्ञ चिकित्सकहरूसँग परामर्श गरी स्वास्थ्य संस्थाहरूको अनुगमन गर्दा प्रभावकारी हुने ।
- आप्रवासी नेपाली कामदारहरूको मृत्युको कारण हृदयाघात (Cardiac Arrest) लगायत मुटुको समस्याले असामायिक निधन हुने गरेको पाइएको । वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्दा उच्च रक्तचाप बिस्तृत परीक्षण नहुने गरेको ।
- नेपालका स्वास्थ्य संस्थाहरूले गर्ने स्वास्थ्य परीक्षणको गुणस्तर, मापदण्ड, परीक्षण प्रविधि र प्रणालीको विषयमा विज्ञ सम्मिलित टोलीसहित आयोगबाट अनुगमन, अध्ययन तथा अनुसन्धान गर्न आवश्यक रहेको ।
- वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूको सम्बन्धमा श्रम तथा रोजगार मन्त्रलायको नेतृत्व रहेको । स्वास्थ्य विषयको विज्ञता स्वास्थ्य मन्त्रालयको भएको हुँदा यस विषयलाई स्वास्थ्य मन्त्रालयअन्तर्गत राखी कार्य गर्दा बढी प्रभावकारी हुने ।
- जिल्ला प्रशासन कार्यालयमा एजेन्टहरूको अभिलेख राखी एजेन्टहरूलाई स्थायी लेखा नं को अनिवार्य व्यवस्था गरी वार्षिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा अनिवार्य पेस गर्ने व्यवस्थाको लागि पहल गर्नुपर्ने ।
- वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयदेखि सुरु हुने प्रक्रियाको विषयमा प्रभावकारी अनुगमन हुनुपर्ने ।

- वैदेशिक रोजगारका क्रममा पीडित भएकाहरूलाई क्षतिपूर्ति दिने, वैदेशिक रोजगार कम्पनीहरूलाई इजाजतपत्र दिने र खारेज गर्नेलगायतका निर्णयहरू गर्न एक सचिवालयको आवश्यकता रहेको ।
- स्वास्थ्य परीक्षणका लागि लाग्ने शुल्कहरूमा गन्तव्य मुलुकअनुसार फरक फरक शुल्क रहेकाले शुल्कहरूलाई एकरूपता बनाई सर्व सुलभ र सहज बनाउनुपर्ने । स्वास्थ्य परीक्षणको व्यवस्था सरकारी अस्पतालहरूबाट गराउने व्यवस्था गर्नुपर्ने ।
- एजेन्टको सेवाशुल्कको व्यवस्था नभएको कारण व्यवसायीलाई आरोप लाग्ने गरेकाले एजेन्टहरूलाई सेवाशुल्क दिने व्यवस्था गरी वैधानिक बनाउनुपर्ने आवश्यकता रहेको ।
- श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालयअन्तर्गतका अध्यागमन अधिकारीहरू, परराष्ट्र मन्त्रालयसमेतले आफ्ना कर्मचारीहरूलाई यस्ता विषयमा प्रदान गर्ने तालिमहरूको अवस्थाको बारेमा आयोगले विस्तृत जानकारी, कार्यक्रम तथा योजनाहरू माग गरी सोको आधारमा आयोग आफैँले क्षमता अभिवृद्धि तालिम कार्यक्रमको आयोजना वा नेपाल सरकारलाई क्षमता अभिवृद्धि कार्यक्रमको योजना तथा कार्ययोजना सरोकार राख्ने मन्त्रालयले बनाउँदै जाने वातावरणको लागि सुझाव तथा सिफारिस गर्दा उपयुक्त हुने ।
- गन्तव्य मुलुकमा एक मुद्दामा एक सुनुवाइ गर्दा निजी कानुनव्यवसायीहरूले न्यूनतम २० हजार रियाल र बढीमा ४० हजार रियाल लिने गर्दछन् । एउटा मुद्दा न्यूनतम चारवटा सुनुवाइमा टुङ्गिन सक्दछ । यस अवस्थामा पीडितले कानुनव्यवसायी राख्न सक्ने अवस्था नरहेको । नेपाल सरकारले कानुनी प्रतिनिधित्वका लागि आर्थिक सहयोगको व्यवस्था गर्न अति आवश्यक रहेको ।
- वैदेशिक रोजगारसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालयहरूको क्षमता अभिवृद्धिको कार्यक्रम योजनावद्ध रूपमा सरकारले गर्न सकेको छैन । यस विषयमा सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गरी आवश्यकता पहिचान गर्न आवश्यक रहेको ।
- गन्तव्य मुलुकमा अपराध कार्यमा संलग्न भएको नेपाली कामदारहरूका सम्बन्धमा सजाय घटाउनका लागि आवश्यक पर्ने Blood Money को विषय राज्यले गर्नुपर्ने हो वा होइन ? सरकार आफै स्पष्ट हुन आवश्यक रहेको ।
- वैदेशिक रोजगारमा जानुअघि दिइने अभिमुखीकरण कार्यक्रमलाई पुनरावलोकन गरी आवश्यकताअनुसार परिमार्जन गरी प्रभावकारीरूपमा लागू गर्न आवश्यक रहेको ।
- वैदेशिक रोजगार ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ बीच सामान्य अन्तर रहेको । दुवै ऐन संशोधनको क्रममा वैदेशिक रोजगारका क्रममा हुने बेचबिखनको विषयलाई सम्बोधन गर्न सक्ने ।
- वैदेशिक रोजगारका विषयमा अध्यागमन विभागअन्तर्गतका कार्यालय र वैदेशिक रोजगार विभागबीच सूचनाको प्रत्यक्ष प्रणालीगत (System) सम्बन्ध नरहेको । यसतर्फ सरकारले पहल गरी संस्थागत प्रणालीको विकास गर्नुपर्ने ।
- महिलाहरूलाई घरेलु कामदारका लागि वैदेशिक रोजगारमा जान बन्देज लगाइएको, उमेर हद तोकिएको । यसको परिणामस्वरूप भ्रमण प्रवेशाज्ञा (Visit Visa) मा भारत हुँदै जाने प्रवृत्ति बढेको पाइएको र उनीहरू बढी श्रम तथा यौनशोषणमा पर्ने गरेको ।
- नेपाल प्रहरीको प्रतिनिधिलाई बढी सङ्ख्यामा आप्रवासी नेपाली कामदारहरूको भएको गन्तव्य मुलुकका कूटनैतिक नियोगमा कार्यरत गराउदा समस्या समाधान गर्न सहज र प्रभावकारी हुने ।

(३) सम्मेलनहरू

(१) आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थासम्बन्धी प्रदेश नं १ सम्मेलन विराटनगर

आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थाको पहिचानको सन्दर्भमा सरोकारवाला विभिन्न निकायहरू, पीडितहरूसँगको प्रत्यक्ष छलफल गरी नीतिगत सुधारका विषयहरूका सम्बन्धमा मिति २०७४ साल श्रावण १६ र १७ गते विराटनगरमा २ दिने आवासीय प्रादेशिक सम्मेलन सोलिडारिटी सेन्टर श्रीलङ्काको आर्थिक सहयोगबाट सम्पन्न भएको थियो । प्रदेश नं १ अन्तर्गतका मोरङ, सुनसरी, झापा, इलाम, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङगा र सोलुखुम्बु जिल्लाहरूका जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायका प्रतिनिधिहरू, आप्रवासी कामदारहरूको विषयलाई लक्षित गरी कार्य गर्ने पत्रकारहरू एवम् आप्रवासी कामदारहरूको अधिकार संरक्षणका विषयमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरूसहितको सहभागिता रहेको थियो । उक्त कार्यक्रमको उद्घाटन सत्रमा माननीय सदस्य श्री सुदिप पाठकको अध्यक्षता एवम् विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीसहित क्षेत्रीय प्रशाशक, क्षेत्रीय प्रहरी प्रमुख, सशस्त्र प्रहरी जिल्ला प्रमुख मोरङ, पत्रकार महासङ्घ मोरङगका अध्यक्ष, महिला मानव अधिकार रक्षक सञ्जालका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो । सम्मेलनमा आप्रवासी नेपाली कामदारहरूको मानव अधिकारको अवस्थाका बारेमा बृहत् छलफल गरी १४ बुँदे सुझावसमेत प्राप्त भएको थियो ।

विराटनगर सम्मेलनमा छलफल भएका प्रमुख विषयहरू

१. वैदेशिक रोजगारीमा रहेका आप्रवासी कामदारहरूको तथ्याङ्क, कुन देशमा कस्ता श्रमशक्ति गएका विषयमा नेपाल सरकार तथा सम्बन्धित निकायबाट पहिचानका लागि तथ्याङ्क प्रणालीको निर्माण गर्नु आवश्यक रहेको ।
२. स्थानीय निकायहरूमा (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा समेत) विशेष सूचना केन्द्रका लागि कर्मचारी दरबन्दी आदि सम्बन्धी कानुन निमार्ण गरी कार्य गर्नुपर्ने आवश्यकता रहेको ।
२. वैदेशिक रोजगारमा जानुअघि कम्तीमा गन्तव्य देशको भाषा, तालिम, सीप परीक्षण (Skill Test) पास गरी कानुनी प्रक्रिया पूरा गरी मात्र जाने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र बीमालगायत क्षतिपूर्तिसमेतको व्यवस्थालाई सहज बनाई अनिवार्य रूपमा लागू गर्नुपर्ने ।
३. वैदेशिक रोजगारमा रहेका आप्रवासी नेपाली कामदारहरूको मानव अधिकारको सम्मान, मर्यादा, सुरक्षा र न्यायको प्रत्याभूतिको लागि कूटनीतिक रूपमा नेपाल सरकारले आवश्यक पहल गरी पारिश्रमिकमा हुने विभेदलाई हटाउन विशेष पहल गर्नुपर्ने आवश्यकता रहेको ।
३. आप्रवासी कामदारको परिवारको संरक्षण र तिनका परिवारहरू विखण्डन हुनबाट जोगाउन आवश्यक पूर्वसतर्कताका उपायहरू अवलम्बन गर्न नीतिगत व्यवस्था गर्नुपर्ने, ज्येष्ठ नागरिक, आश्रित बालबालिका, महिला तथा अशक्त परिवारजनको संरक्षणका लागि सरकारले विशेष योजना ल्याउनुपर्ने आवश्यकता रहेको ।
४. आप्रवासी कामदारहरूले कमाएको आम्दानी रकमलाई सहज रूपमा नेपालमा पठाउन र उक्त रकमको सही सदुपयोग गर्नका लागि बैङ्क तथा नेपालको आधिकारिक वित्तीय

संस्थामार्फत सम्बन्धित व्यक्तिले प्राप्त गर्न सरकारी स्तरबाट सम्बन्धित देशमा कूटनीतिक रूपमा आवश्यक पहल गर्नुपर्ने आवश्यकता रहेको ।

४. आप्रवासी कामदारहरू विभिन्न मुलुकमा झुठा मुद्दामा कैद, जन्मकैद र मृत्युदण्डको सजायसमेत पाएका । आप्रवासी कामदारहरू घाइते, अङ्गभङ्ग भइरहेको अवस्था समेत वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको तथ्याङ्कबाट पाइएको । कूटनीतिक पहलबाट यथाशीघ्र जीवन रक्षा र सुरक्षाका लागि आवश्यक पहल गर्नुपर्ने आवश्यकता रहेको ।

५. बढी आप्रवासी नेपाली श्रमिकहरू भएको देशमा राष्ट्रिय मानव अधिकार आयोगले वर्षमा दुईपटक अनुगमन र आवश्यकताअनुसार आप्रवासी कामदार कार्यरत अन्य गन्तव्य मुलुकहरूमा अनुगमन टोली खटाई मानव अधिकार अवस्थाको बारेमा अनुगमन गरी सुधार गर्नुपर्ने कुरामा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता रहेको ।

६. आप्रवासी नेपाली कामदारहरूको भित्रिएको रकम (विप्रेषण) लाई राष्ट्रको विकासका पूर्वाधारहरू जस्तै : जलविद्युत्, ठूला पूर्वाधार परियोजना, उत्पादनशील क्षेत्र र उद्योग आदिमा लगानी प्रवर्द्धन गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने कार्यतर्फ सरकारले आवश्यक कार्य अगाडि बढाउनुपर्ने ।

७. नेपाल सरकारले अनिवार्य रूपमा आप्रवासी नेपाली कामदारहरूले भित्र्याएको रकमको एक चौथाइ अनिवार्य बचतको व्यवस्था गर्न र उक्त बचतलाई सयमा गणना गरी केही प्रतिशत रकम सरकारबाट प्रोत्साहन स्वरूप थप गर्न र उनीहरूले लगानी गरेका अन्य उद्योगहरूमा निश्चित समयका लागि कर छुटको समेत नीतिगत रूपमा व्यवस्था गर्नुपर्ने ।

८. वैदेशिक रोजगारबाट भित्रिएका सीप, ज्ञान, प्रविधि तथा श्रमपुँजीलाई स्थानीयकरण गरी क्षेत्रगत रूपमा उत्पादनशील कार्यमा लगाउन नेपाल सरकारलाई आयोगबाट नीतिगत सिफारिस गर्नुपर्ने ।

(२) आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थासम्बन्धी प्रदेश नं. २ सम्मेलन जनकपुर

आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थासम्बन्धी आवासीय रूपमा सम्मेलन (प्रदेश नं २) मा मिति २०७४ जेष्ठ २९ र ३० गतेसम्म चलेको थियो । उक्त कार्यक्रमको उद्घाटन सत्रमा धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री दिलीप चापागाईं, नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष श्री अनिल मिश्रसहित कार्यक्रमको अध्यक्षता माननीय सदस्य श्री सुदिप पाठकको सम्पन्न भएको थियो । सम्मेलनमा प्रदेश नं २ का बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी र उदयपुर गरी नौ जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, जिल्ला समन्वय समितिका प्रतिनिधि, पत्रकारहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू र पीडितहरूसमेतको सहभागिता रहेका थियो । उक्त सम्मेलनमा आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थाको विषयमा बृहत् छलफल भई १३ बुँदे सुझावहरू समेत प्राप्त भएको थियो । सम्मेलनमा प्रमुख रूपमा छलफल भएका बिषयहरु निम्नबमोजिम रहेका छन् :

जनकपुर सम्मेलनमा छलफल भएका मुख्य विषयहरू:

(१) नेपाल सरकारले महिला कामदारहरूलाई वैदेशिक रोजगारमा जान बन्देज लगाएको प्रावधानलाई हटाई प्रत्येक चरणमा सुरक्षित बनाउन आवश्यक कार्यक्रम तथा संयन्त्रको विकास गर्नुपर्ने ।

(२) वैदेशिक रोजगारीसम्बन्धी सरकारी नीतिनियम र निणर्यको जानकारी तल्लो तहसम्म पुऱ्याउन प्रभावकारी सूचना सम्प्रेषणको व्यवस्था मिलाउनुपर्ने ।

(३) अधिकांश नेपालीहरूलाई गन्तव्य मुलुकको भाषाको ज्ञान नहुदाँ धेरै समस्यामा पर्ने गरेको पाइएको । गन्तव्य मुलुकको भाषा तथा कानुनको सामान्य ज्ञान प्राप्त हुने कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने ।

(४) वैदेशिक रोजगारका एजेन्टहरू स्वयम् स्थानीय तहमा गएर वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिलाई पहिचान गरी वैदेशिक रोजगारमा पठाउने गरेको हुँदा एजेन्टको वैधानिकीकरण तथा नियमनका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने ।

(५) वैदेशिक रोजगारमा अत्यधिक रूपमा जाने जिल्लाहरूको पहिचान गरी श्रम तथा वैदेशिक रोजगारको डेस्क स्थापना गर्ने, अभिमुखीकरण तथा घरेलु कामदारमा जाने महिला कामदारहरूका लागि तालिमको व्यवस्था सम्बन्धित जिल्लाबाट नै दिने व्यवस्था मिलाउनुपर्ने ।

(६) विदेशस्थित नेपाली दूतावासका अधिकारी र श्रम सहचारीले प्रदान गर्ने सेवालाई स्रोत र साधनयुक्त बनाउन नेपाल सरकारले प्राथमिकतामा राखी कार्य गर्नुपर्ने ।

(७) नेपाल सरकारले वैदेशिक रोजगारमा जान चाहनेलाई ऋण दिएमा एजेन्टबाट हुन सक्ने सम्भावित ठगी, गैरकानुनी काम, वैदेशिक रोजगारका क्रममा हुने बेचबिखन तथा ओसारपसारमा समेत न्यूनीकरण हुने देखिएको ।

(८) वैदेशिक रोजगारबाट फर्केर आएका महिलालाई स्वदेशमै पुँजी निर्माणमा सहयोग गर्न र उनीहरूलाई स्वरोजगारको व्यवस्था गर्नका लागि विशेष प्रकारका कार्यक्रमहरू निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने ।

(९) सरकारले नीतिगत रूपमा सशक्तीकरण कार्यक्रमहरूमा मनोसामाजिक पद्धतिलाई अवलम्बन गरी कार्यक्रमहरू ल्याउनुपर्ने । आप्रवासनलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सामाजिक कार्यक्रमहरू सरोकारावाला सबैले कार्यान्वयनमा ल्याउनुपर्ने ।

(१०) सुरक्षित वैदेशिक रोजगारका क्षेत्रहरूमा काम गर्ने नेपाल सरकारका निकायहरू, गैरसरकारी सङ्घसंस्थाहरू, विकासका साझेदारहरूबीच नियमित समन्वय र सहकार्यको आवश्यकता रहेको ।

(११) सञ्चार माध्यमहरूले वैदेशिक रोजगारसँग सम्बन्धी तथ्यगत, जानकारी मुलक समाचारहरू सम्प्रेषण गर्नुपर्ने आवश्यकता रहेको ।

(१२) पीडितहरूलाई स्वदेशमा आइपर्ने समस्या, गन्तव्य मुलुकमा आइपर्ने समस्याहरूलाई शीघ्र सम्बोधन गर्ने गराउने व्यवस्थाको लागि वैदेशिक रोजगार विभागले प्रदान गर्ने सेवालाई जिल्ला तथा स्थानीय तहसम्म पुऱ्याउनुपर्ने आवश्यकता रहेको ।

(१३) युवाहरूलाई दक्ष तथा योग्य बनाउन एकीकृत राष्ट्रिय तालिम परिषद्को गठन गरी वैदेशिक रोजगारमा जाने तथा स्वदेशमै रोजगारका लागि योग्य बनाउने प्रकारका तालिमहरू एकद्वार प्रणालीबाट गर्ने गराउने व्यवस्था गर्नुपर्ने ।

(१४) वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले आय आर्जन गरेका रकमहरूलाई स्वदेशमा सुरक्षित रूपमा बैङ्किङ पद्धतिमार्फत ल्याउने व्यवस्थालाई कूटनीतिक पहलबाट गर्नुपर्ने आवश्यकता रहेको ।

(१५) देशमा प्रत्येक वर्ष उत्पादन हुने श्रमशक्तिको प्रभावकारी उपयोगका लागि मानव संसाधन उपयोगको राष्ट्रिय, प्रादेशिक तथा स्थानीय योजना/कार्ययोजना बनाई कार्यन्वयन गर्नुपर्ने ।

(१६) सुरक्षित वैदेशिक रोजगारका क्षेत्रमा कार्यरत नेपाल सरकारका निकायहरू, गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानव अधिकार आयोगलगायतका निकायहरूको जिल्ला तहमा कम्तीमा ६/६ महिनामा समन्वय बैठक तथा छलफल गर्नुपर्ने आवश्यकता रहेको ।

(१७) प्रत्येक निकाय तथा संस्थाहरूबीच विषयवस्तुको आधारमा व्यवस्थित प्रेषण प्रणालीको (Systematic Referral System) को व्यवस्था हुनुपर्ने ।

(१८) वैदेशिक रोजगारका क्रममा पीडित भएकाहरूलाई न्याय दिलाउने उद्देश्यसहित वैदेशिक रोजगार ऐनको संशोधन गर्ने गराउनुपर्ने आवश्यकता रहेको ।

(१९) वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको रकमलाई उनीहरूकै मानव अधिकार संरक्षण र संवर्द्धन गर्नको लागि सरकारले बजेट विनियोजन तथा प्राथमिकतामा राख्ने व्यवस्था गर्न गराउन आवश्यक रहेको ।

४. अन्तरक्रिया कार्यक्रमहरू

(१) **आप्रवासी कामदारहरूको अवस्था र सरोकारवालाहरुको भूमिका विषयक अन्तरसंवाद :** आयोगका माननीय सदस्यद्वय प्रकाश वस्ती, सुदिप पाठक, अनुसन्धान महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारी, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयका निमित्त निर्देशक दीपकजङ्ध्वज कार्की, कञ्चपुरका प्रमुख जिल्ला अधिकारी, जिल्ला सरकारी वकिल, जिल्ला प्रहरी प्रमुख, सशस्त्र प्रहरी सीमा सुरक्षा प्रमुख, महिला तथा बालबालिका विकास प्रमुख, महेन्द्रनगर उच्च अदालत बारका पदाधिकारी, पत्रकारहरू, सुरक्षित आप्रवासन तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा क्रियाशील सङ्घसस्थाका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिसहित जम्मा ५२ जनाको सहभागितामा अन्तरसंवाद कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा प्रमुख रूपमा भारतमा काम गर्न जाने नेपाली कामदारहरू र भारतबाहेक अन्य मुलुकमा वैदेशिक रोजगारीको लागि गएका आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थासँग केन्द्रित रही अन्तरक्रिया कार्यक्रम भएको थियो ।

छलफल भएका प्रमुख विषयहरू एवम् प्राप्त सुझावहरू :

- अछाम, डोटी र कञ्चनपुरका केही गाउँपालिकाहरू र नगरपालिकाहरूमा गरेको द्रुत सर्भेक्षणअनुसार लगभग ८० प्रतिशत घरधुरीबाट लगभग ६३ प्रतिशत काम गर्ने उमेरका पुरुषको सङ्ख्या रोजगारीका लागि भारत जाने-आउने गरेको पाइएको ।
- ४० प्रतिशत आप्रवासी कामदार परिवारको कुनै न कुनै बैङ्कमा खाता रहेको देखिन्छ तर लगभग ६० प्रतिशत आप्रवासी परिवारको घरधुरीको बैङ्क खातामा पहुँच भएको नपाइएका कारण विप्रेषण असुरक्षित देखिएको ।
- लगभग ९० प्रतिशत विप्रेषण घरायसी खर्च व्यवस्थापनमा हुने गरेको जस्तै : (ऋण तिर्न, घरायसी खर्च आदिमा) बाँकी १० प्रतिशत मात्र बालबालिकाको शिक्षा र स्वास्थ्यमा खर्च गर्ने गरेको पाइएको ।

- अछामको साँफेबगर नगरपालिकामा २२ जना, डोटीका १२ गाविसमा ९९ जना र कञ्चनपुरका दुई नगरपालिकामा २० जना कामका लागि भारत गएका र लामो समयदेखि परिवारको सम्पर्कमा नरहेको जानकारी प्राप्त भएको ।
- वैदेशिक रोजगारीका लागि भारत हुँदै जाने गरेकाहरू समस्यामा पर्ने गरेको, भारतमै रोजगारीको लागि जानेहरूको समेत नियुक्तिपत्र नभएको अवस्थाले नेपाली श्रमिकहरूले समस्या भोग्नुपरेको ।
- भारतमा काम गर्ने नेपाली श्रमिकहरूको नेपालमा फर्कंदा रु. पचास हजारदेखि दुई लाखसम्मको रकम सीमामा लुटिएको अवस्था रहेको ।
- कञ्चनपुरमा ब्रम्हदेव, दोधारा, बेलौरी, गडडाचौकी चारवटै नाका खुला रहेका । सुरक्षा निकायको उपस्थिति आवश्यक मात्रामा नरहँदा महिला बेचबिखन तथा ओसारपसारको समस्या देखिएको ।
- कैलाली जिल्लाको गड्डा चौकीबाट दैनिक २० हजार नेपालीहरू आउने-जाने गर्दछन् त्यसकारण नेपाल प्रहरी र सशस्त्र प्रहरीले वर्तमान स्रोतसाधनअनुसार नियमन गरी अभिलेख राख्न सम्भव नदेखिएको ।
- बेचबिखन र ओसारपसारको कार्यमा संलग्न शङ्कास्पद व्यक्तिलाई पक्राउ गरी सम्बन्धित निकायमा पेस गर्न भारतीय पक्षको समेत सकारात्मक सहयोग प्राप्त भएको ।
- वैदेशिक रोजगार ऐनले भारतमा जाने नेपाली श्रमिकहरूलाई सम्बोधन नगरेको हुँदा समस्या रहेको देखिएको । वैदेशिक रोजगार विभागअन्तर्गतका कार्यालयहरू क्षेत्रीय स्तरमा स्थापना गर्न आवश्यक रहेको ।
- चेतना वा शिक्षाका लागि विद्यालयको पाठ्यक्रममा अनिवार्य रूपमा सुरक्षित वैदेशिक रोजगारका विषयहरू समावेश हुनुपर्ने ।
- राष्ट्रय मानव अधिकार आयोग नेपालले भारतको राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वयात्मक रूपमा नेपाली कामदारहरूको अधिकार संरक्षणका लागि कार्य गर्नुपर्ने आवश्यकता रहेको ।

अन्तरक्रिया कार्यक्रममा भएका छलफल तथा प्राप्त सुझावहरू

- प्रत्येक गाउँ विकास समिति, नगरपालिकाको वडामा भारतमा कामका लागि जाने व्यक्तिहरूको अभिलेख प्रणाली स्थापना गर्नुपर्ने ।
- वैदेशिक रोजगार ऐन, २०६४ ले कामका लागि भारत जाने कामदारलाई वैदेशिक रोजगारको परिभाषाको रूपमा सम्बोधन नगरेको हुँदा ऐनलाई संशोधन गरी भारतमा रोजगारीको लागि जाने विषयलाई समेत समेटनुपर्ने ।
- आधिकारिक/सरकारी निकायबाट कामका लागि भारत जानेको समुदाय र सिमानामा कुनै किसिमको तथ्याङ्क राख्न पहल नगरिएको हुँदा सीमा क्षेत्रमा सोका लागि प्रशासिनक संयन्त्र गठन गरी अभिलेख प्रणाली स्थापना गर्नुपर्ने ।
- कामका लागि भारत गएर लामो समयदेखि परिवारको सम्पर्कमा नरहेका, हराएकाहरूको खोजीका लागि कुनै आधिकारिक निकायबाट पहल हुन नसकेको, परिवारको जीविकोपार्जनमा समस्या, सामाजिक सेवामा पहुँचमा कमी, सामाजिक सुरक्षा भत्तामा पहुँच नभएको, नागरिकता पाउनमा समस्या, विवाह दर्ता नगरिएको, अंशबन्डामा समस्या आदि रहँदा हराएका व्यक्तिहरूको खोजीको लागि कूटनीतिक पहल गर्नुपर्ने, उनीहरूको

परिवारको संरक्षणको लागि कानुनी तथा नीतिगत सुधार गर्नका लागि अध्ययन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।

- भारतमा रोजगारी गरी घर फर्किने नेपाली श्रमिकहरू सीमानाका र गन्तव्य बाटोमा विभिन्न किसिमका हिंसात्मक घटनाहरूमा पर्ने गरेको, जस्तै : (लुटपाट, चोरी, ज्यान मार्ने, यौनजन्य हिंसा, विष सेवन) आदि बारम्बार हुने गर्दा सीमा क्षेत्रमा रहेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतका समकक्षी निकायहरूसँग नियममित र प्रभावकारी समन्वय गरी नियन्त्रण गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराउनुपर्ने ।
- कामका लागि भारत जाने वर्गमा मादक पदार्थ सेवन समस्याको रूपमा रहेको, नेपाली कामदारहरूमा एचआइभी र यौनरोगको सङ्क्रमणको जोखिम रहेको हुँदा जनचेतना बिस्तारका लागि थप प्रभावकारी कार्य गर्नका लागि सरोकारवालाहरूलाई कायक्रम बनाई लागू गर्नुपर्ने आवश्यकता रहेको ।
- विप्रेषण बढीभन्दा बढी अनुत्पादक क्षेत्रमा खर्च हुने गरेकाले उद्योगधन्दा वा उत्पादक क्षेत्रमा लगानी गर्नेलाई प्रोत्साहन गर्ने नीति राज्यले ल्याउनुपर्ने ।
- कामका लागि भारत जानेहरूको जीवनबिमा र कामदार कल्याणकारी कोषको व्यवस्था बाध्यात्मक नगरिएको हुँदा सो कार्यका लागि भारतीय पक्षसँग नेपाल सरकारबाट पहल गरिनुपर्ने ।
- वैदेशिक रोजगारीमा देखिएका सबै समस्याको समाधानका लागि राज्यले स्वदेशमा उद्योग धन्दा रोजागारीको सिर्जना गर्नुपर्ने ।
- दक्ष जनशक्ति बनाउन रोजगारीको लागि पठाउनुपूर्व प्रभावकारी तालिम सञ्चालन गर्नुपर्ने । तालिममा भाषा, कानुनको ज्ञानजस्ता विषयहरूलाई बढी प्राथमिकता दिइनुपर्ने ।

(२) आप्रवासी कामदारको अवस्था र चुनौतीबारे अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जमा आप्रवासी कामदारको अवस्था र चुनौती विषयक कार्यक्रम मिति २०७४ जेठ ३० गते सरोकारवाला सरकारी निकायका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूको सहभागितामा सम्पन्न गरिएको थियो । यस कार्यक्रममा आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था, फर्केका कामदारहरूले भोग्नुपरेको समस्याको विषयमा केन्द्रित रही अन्तरक्रिया भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा भएका छलफल तथा प्राप्त सुझावहरू

- आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि आपत्कालीन उद्धार तथा पुनःस्थापनालाई प्रभावकारी बनाउनुपर्ने ।
- आप्रवासी कामदारका अधिकार तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानुनी व्यवस्था र सुरक्षाका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू सबै सरोकारवालाहरूले सञ्चालन गर्नुपर्ने ।
- खुल्ला सीमानाकाका कारण हुन सक्ने विभिन्न गतिविधिहरू मानव बेचबिखन, वैदेशिक रोजगार ठगी, आप्रवासी कामदारहरूको तस्करी तथा अन्य आपराधिक क्रियाकलापका लागि नेपाल सरकारका सुरक्षा निकाय तथा अन्य सम्बद्ध निकायहरूले उच्च सर्तकता अपनाउनुपर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोगले अन्तरदेशीय आयोग तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्दै पीडितहरूको उद्धार र अधिकार संरक्षणका लागि आवश्यक पहल गर्नुपर्ने ।

- बिचौलिया तथा दलालहरूको क्रियाकलापलाई उच्च निगरानीका साथ आवश्यक नियन्त्रण गरिनुपर्ने ।
- वैदेशिक रोजगारका क्रममा भएका पीडित महिलाहरू तथा पुरुाहरूलाई पुनःस्थापना गृहको व्यवस्था गरी पुनर्स्थापना गर्नुका साथै प्रभावकारी पुनः एकीकरणको कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- वैदेशिक रोजगार ऐन, २०६४ लाई पीडितहरूको अधिकार संरक्षण गर्ने उद्देश्यसहित संशोधन गरिनुपर्ने ।
- वैदेशिक रोजगारीको विकल्पको रूपमा सुरक्षित, व्यवस्थितरूपमा स्वदेशमा नै रोजगारीको सिर्जना गर्ने प्रकारका योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- वैदेशिक रोजगारीमा जाने कामदारका लागि सम्बन्धित राष्ट्रको भाषा, संस्कृति तथा सामाजिक परिवेशका साथै सम्झौतामा उल्लिखित काम एवम् आपत्कालीन सुरक्षा, सम्पर्क तथा उद्धारका सम्बन्धमा सीप तथा तालिमको व्यवस्था अनिवार्य गरिनुपर्ने । यस्ता प्रकारका कार्यक्रमहरू सञ्चालन गर्नका लागि सरकारी एवम् गैरसरकारी सङ्घसंस्थाहरूलाई परिचालन गरिनुपर्ने ।
- श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जाने र स्वदेशको विमानस्थल प्रयोग गरी मात्र वैदेशिक रोजगारमा जाने वातावरण निर्माण गर्नका लागि नेपाल सरकारले प्रभावकारी कार्यक्रमहरू लागू गर्ने एवम् नियमन गर्नुपर्ने ।
- वैदेशिक रोजगारीका कारण परिवारका प्रभावित बालबालिकाहरूको लागि शिक्षा, स्वास्थ्य, महिलाहरूको शोषणविरुद्धका सुरक्षाका लागि विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने ।
- समाजमा परेको नकारात्मक प्रभाव (पारिवारिक विचलन) तथा सांस्कृतिक विचलनलाई न्यूनीकरण गर्नका लागि कार्यक्रमहरू बनाई कार्यान्वयन गर्नुपर्ने ।
- आप्रवासी कामदारहरूका सम्बन्धमा नेपाल सरकारले तर्जुमा गरेको नीति तथा कानुनको सुधार, संरक्षणका लागि आपत्कालीन उद्धार तथा सुरक्षित रूपमा स्वदेश फिर्तीको व्यवस्था मिलाइनुपर्ने ।
- सरकारसँग श्रम-सम्झौता भएका मुलुकमा मात्र रोजगारीका लागि जाने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनुपर्ने ।
- विमानस्थल बाहेक स्थल यातायात (खुला सीमा) बाट जाने कामदारहरूको विद्युतीय अभिलेखीकरण गर्न पहल तथा प्रयास गर्नुपर्ने ।
- वैदेशिक रोजगारमा पठाउने निजी कम्पनीहरू, स्वास्थ्य परीक्षण गर्ने निजी स्वास्थ्य संस्थाहरूको निरन्तर अनुगमन, पीडितहरूको शीघ्र उद्धार, स्वदेश फिर्ती तथा पुनःस्थापनालाई प्रमुख प्राथमिकतामा राखि कार्य गर्नुपर्ने ।
- भारतलगायतका तेस्रो मुलकका आप्रवासी कामदारहरूको आपत्कालीन उद्धार, स्वदेश फिर्ती र संरक्षणमा नीतिगत र कानुनी जटिलता, समन्वयको अभाव देखिएको । उद्धार तथा स्वदेश फिर्तीलाई द्रुत प्रणालीमार्फत कार्य गर्न कूटनीतिक पहल गर्न द्विपक्षीय र बहुपक्षीय समन्वय र सहकार्यमा गर्नुपर्ने ।
- वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि सरोकारवाला निकायबीच निरन्तर समन्वय र सहकार्य हुनुपर्ने ।
- वैदेशिक रोजगारमा गएका आप्रवासी नेपाली श्रमिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्नुपर्ने ।

(३) आप्रवासी कामदारको अवस्था र चुनौतीबारे अन्तरक्रिया कार्यक्रम

यो कार्यक्रम मिति २०७४ साल जेठ १० गते बर्दिया जिल्लाको गुलरियामा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जबाट सरोकारावालाहरू आमा समूह, दलित महिला उत्थान सङ्घ, साना हातहरू नेपाल, निल हिरा समाज, प्लान इन्टरनेसनल नेपाल, जिल्ला प्रशासन कार्यालय, गैसस महासङ्घ, जिल्ला प्रहरी कार्यालयहरूका प्रतिनिधिहरूको सहभागितामा सम्पन्न भएको थियो। अन्तरक्रिया कार्यक्रममा आप्रवासी कामदारहरूको अवस्था र संरक्षणका चुनौतीका विषयमा केन्द्रित रही छलफल गरिएको थियो।

अन्तरक्रिया कार्यक्रममा भएका छलफल तथा प्राप्त सुझावहरू

- वैदेशिक रोजगारमा गएका आप्रवासी नेपाली कामदारहरूको हकहित संरक्षण र संवर्द्धनका लागि संयुक्त राष्ट्रसङ्घीय आप्रवासी कामदारहरू, तिनीहरूका परिवारको संरक्षणसम्बन्धी महासन्धि १९९० लाई अनुमोदन गरी राष्ट्रिय ऐन-कानुन, नीति, कार्ययोजना र आवश्यक संयन्त्रहरू तर्जुमा गर्न आयोगका तर्फबाट नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने,
- विश्वको कुनै पनि मुलुकमा नेपाली नागरिकहरूका लागि वैदेशिक रोजगारको निम्ति जाने अनुमति दिनुका साथै श्रम स्वीकृति लिएर मात्रै वैदेशिक रोजगारमा जाने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने,
- नेपाल सरकार र गन्तव्य मुलुकहरूबीच समझदारी पत्रमा हस्ताक्षर गरी मात्र कामदारहरू पठाउँदा अधिकार संरक्षणको प्रत्याभूतिको सम्भावना बढी रहने,
- वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति दिनुअगाडि कामदारलाई सम्बन्धित देशको भाषा-संस्कृति, रहन-सहन र आधारभूत कानुनको जानकारी दिन नेपाल सरकारले तालिम र अन्य आवश्यक व्यवस्था मिलाई अनिवार्य गर्नुपर्ने,
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका निम्ति उपयुक्त रोजगारी, न्यूनतम ज्याला, सुस्वास्थ्यको प्रमाणपत्र, जीवन बीमालगायत अन्य जोखिमसम्बन्धी बीमा र यात्रासम्बन्धी न्यूनतम लागतको सुनिश्चितता गरी वैदेशिक रोजगारीमा पठाउन उपयुक्त हुने,
- वैदेशिक रोजगारका क्रममा देखिएको ठगी, शोषण र झुटो विवरण प्रमाणित गर्ने कार्यलाई रोकथाम र अन्त्य गर्न सरकारले आवश्यक तथा प्रभावकारी कदम चाल्नुपर्ने,
- वैदेशिक रोजगारीलाई आकर्षण विज्ञापनको माध्यमबाट प्रलोभनमा पारेर नेपालमा प्रतिबद्धता गरिएअनुसारको काम नदिई गन्तव्य मुलुकमा फरक किसिमको सम्झौता गर्ने-गराउने प्रवृत्ति निरुत्साहित गरी आप्रवासी कामदारहरूलाई असुरक्षा र जोखिमबाट जोगाउनका लागि प्रभावकारी अनुगमन गर्नुपर्ने,
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरू विभिन्न कारण र परिस्थितिले अलपत्र परेको, थुनामा बस्नुपरेको तथा असुरक्षित हुने गरेकोले उनीहरूको संरक्षण र हकहित सुनिश्चित गर्न, उनीहरूको राहदानी, भिसा, यात्रा-प्रलेखलगायतका विषयवस्तुहरूमा सहजीकरण गर्न नेपाली दूतावास र श्रम सहचारीको माध्यमबाट अझै व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने,
- कुनै पनि शोषण, विभेद र जोखिममा नपरुन् वा परेका खण्डमा उनीहरूको तत्काल उद्धार, स्वदेश फिर्ती, क्षतिपूर्तिलाई सुनिश्चित गर्न नेपाल सरकारले आफ्नो दूतावास, राष्ट्रिय मानव अधिकार आयोग र भरपर्दो गैरसरकारी संस्थाहरूमार्फत सम्बन्धित देशका सरकार र संस्थाहरूसँग द्विपक्षीय र बहुपक्षीय सम्बन्ध विस्तार गरी नेपाली आप्रवासी कामदारहरूको हकहित सुनिश्चित गर्न आवश्यक पहल गर्नुपर्ने।

(४) आप्रवासी कामदार र उनीहरूको परिवारको अवस्थाका बारेमा सरोकारवाला निकायसँग अन्तरक्रिया छलफल

यस कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङद्वारा सोलुखुम्बु जिल्लामा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सञ्चारकर्मीहरू, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागितामा मिति २०७३।११।१३ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। अन्तरक्रिया कार्यक्रम आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थाको विषयमा केन्द्रित रही छलफल भएको थियो।

अन्तरक्रिया कार्यक्रममा भएका छलफल तथा प्राप्त सुझावहरू

- वैदेशिक रोजगारका क्रममा रहेका व्यक्तिका परिवार र सदस्यहरूको आचरणका विषयमा समाजमा केही नकारात्मक दृष्टिकोणहरू उठ्ने गरेको पाइएकाले मानिसको मर्यादा र सम्मानमा अघात नपुऱ्याउनका लागि अधिकार र कर्तव्यप्रति नागरिकहरू सचेत र सजग रहन आवश्यक देखिएको,
- वैदेशिक रोजगारीको क्रममा युवाशक्ति पलायन हुँदा गाउँमा कृषियोग्य ऊर्वर जमिनहरू बाँझो रहने गरेको र कृषि उत्पादनमा ह्रास आउने गरेको,
- वैदेशिक रोजगारबाट पठाएका रकमहरू बच्चा पढाउने नाममा परिवारका सदस्यहरू सहर र सदरमुकाम केन्द्रित हुने गरेका। सो कारणले ज्येष्ठ नागरिकहरू जोखिममा पर्ने गरेको, पारिवारिक विखण्डन बढ्दै गएको, व्यक्तिको आचरणमा प्रश्न उठ्ने गरेको र अधिकाश व्यक्तिहरूको घरबार बिग्रिँदा हिँसाजन्य घटना वृद्धि हुनुका साथै आत्महत्याका घटनासमेत वृद्धि भइरहेको। घटनाहरू न्यूनीकरण गर्न वैदेशिक रोजगारका बहुआयामिक नकारात्मक तथा सकारात्मक असरको अध्ययन तथा अनुसन्धान गरी प्राप्त तथ्यहरू तथा सुझावहरूको आधारमा सबै सरोकारवालाहरूले कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,
- सबै कागजातहरू : जस्तै- राहदानी (पासपोर्ट), भिसा, सम्झौता पत्र, श्रमस्वीकृति आदिको एक प्रति प्रतिलिपि आफूसँग राख्ने र एकप्रति परिवारमा छोड्नुपर्छ भन्ने विषयमा सचेतना फैलाउनुका साथै नेपाली दूतावासको र सहयोगी निकायहरूको टेलिफोन नम्बरजस्ता सामान्य जानकारी वैदेशिक रोजगारमा जानेहरूलाई जानकारी गराउन प्रभावकारी कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने,
- वैदेशिक रोजगारीको क्रममा गएका व्यक्तिहरूबाट प्राप्त विप्रेषणको केही अंश उनीहरूको हक-अधिकार संरक्षणमा लक्षित गरी रकम विनियोजन गरी कार्यक्रम बनाउनुपर्ने।

(५) आप्रवासी कामदारहरूको अधिकारको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम

यो कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय जनकपुरको समन्वयमा मिति २०७३/१०/४ मा नेपाल सरकारका निकायहरू जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालय, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, पत्रकारहरूसमेतको सहभागितामा माननीय सदस्य श्री सुदिप पाठकको उपस्थितिमा सम्पन्न भएको थियो। अन्तरक्रिया कार्यक्रम प्रमुख गरी मकवानपुर जिल्लाबाट गएका र फर्किआएका आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था, वैदेशिक रोजगारीले समुदायमा पारेको सकारात्मक तथा नकारात्मक असरको विषयमा केन्द्रित रही छलफल भएको थियो।

अन्तरक्रिया कार्यक्रममा भएका छलफल तथा प्राप्त सुझावहरू

- आप्रवासी कामदारको अधिकार देशका नागरिकको विषय भएकाले सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार नीति र सोको प्रभावकारी कार्यान्वयन हुनुपर्ने,
- विदेश जानका लागि योग्य उमेर र राहदानी बनाउने विषय, के काम गर्न जाने हो ? जानुअघिका प्रक्रिया पूरा कसरी गर्ने ? गइसकेपछि केकस्ता समस्या पर्न सक्छन् ? आदि समस्या समाधानका उपायका बारेमा जानकारी गराउने स्पष्ट सूचना प्रभावकारी रूपमा प्रवाह गर्नुपर्ने,
- श्रम-सम्झौता गरेका देशमा मात्र रोजगारीमा पठाउने गरेमा समस्याको केही मात्रामा समाधान हुने र नेपालबाट धेरै कामदार गएका मुलुक मलेसिया, साउदी अरब, कतार र कुवेतका विषयमा आप्रवासी कामदारको विषय हेर्ने फोकल अधिकृतको व्यवस्था गरिनुपर्ने,
- वैदेशिक रोजगारमा परेका समस्याका विषयमा आयोगमा दर्ता हुन आएका उजुरीहरूको अनुगमन तथा अनुसन्धान गरिनुपर्ने,
- खाडी मुलुक गएका महिलाहरू घरेलु हिंसा र मानव बेचबिखनमा परेर दुःख पाएका, केही जेलसमेत परेका घटनाहरू बढेकाले सुरक्षित वैदेशिक रोजगारका लागि किशोरी र आमा समूहलाई सचेतना कार्यक्रम सञ्चालन गर्ने युवाहरूलाई सीप सिकाएर वैदेशिक रोजगारमा पठाएमा समस्या कम हुने,
- किशोर-किशोरीहरूमा माध्यमिक स्तरमा स्कुल छाड्ने प्रवृत्ति र वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढिरहेको र गाउँमा कृषियोग्य जग्गा बाँझो हुँदै गएकाले राज्यले कृषिमा लगानी गरेर रोजगारीको अवसर सिर्जना गर्नुपर्ने र प्राविधिक ज्ञान र सीपमूलक शिक्षा प्रणालीमा जोड दिनुपर्ने,
- राज्यका नीतिले सम्बोधन गर्न नसकेका विषयलाई कसरी कार्यमुखी (Action Oriented) भएर अगाडि बढ्ने विषयमा सरकार गम्भीर हुनुपर्ने,
- नियमनकारी निकायद्वारा अनुगमन गर्नुपर्ने; राज्यले आवाजविहीनहरूको समस्या समाधान गर्नुपर्ने; श्रम-सम्झौता भएका मुलुकमा मात्र कामदार पठाउनुपर्ने,
- नेपाल सरकारले 'ज्ञान, सीप, आर्थिक उन्नति सीप सिक, कमाऊ र फर्क' भन्ने नीति अवलम्बन गर्नुपर्ने । ,

(६) सुरक्षित वैदेशिक रोजगारमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग हरिहर भवनबाट मिति २०७४ पौष ३ (१८ डिसेम्बर, २०१७) आप्रवासी कामदारहरूको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा सुरक्षित वैदेशिक रोजगारका लागि सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको अध्यक्षतामा श्रम तथा रोजगार मन्त्रालयका सचिव श्री लक्ष्मणप्रसाद मैनाली, आप्रवासन राष्ट्रिय सञ्जालका अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी सङ्घका उपाध्यक्ष, विकासका साझेदार संस्थाहरूका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू र पत्रकारहरूसहितको सहभागितामा सम्पन्न भएको थियो । श्रम तथा रोजगार मन्त्रालयका सचिव श्री लक्ष्मणप्रसाद मैनालीले वैदेशिक रोजगारमा देखिएको समस्या कुनै एक मन्त्रालयको मात्र विषय नभई सबै सरोकारवालाहरूको संयुक्त तथा एकीकृत प्रयास भएमा मात्र समस्या समाधान गर्न सहज हुने । यस विषयमा आयोगको समेत सक्रियता देखिएकाले मन्त्रालयलाई सुरक्षित वैदेशिक रोजगारका क्षेत्रमा काम गर्न अझ

सहज र सहयोग पुग्ने अपेक्षा रहेको छ। मन्त्रालयले नीतिगत प्रयासका सुधारहरूको कार्यलाई अगाडि बढाइरहेकोले यस विषयमा आयोग लगायत सबै सरोकारवालाहरूको भूमिकाको अपेक्षासमेत मन्त्रालयले गरेको छ।

आयोगका माननीय सदस्य श्री सुदिप पाठकले हाल हामीसँग विद्यमान रहेको वैदेशिक रोजगार ऐन २०६४ को प्रभावकारी कार्यान्वयन गर्न सकेमा करिब ७० प्रतिशत समस्या नेपालमै समाधान हुने देखिन्छ। यसका लागि कानुन कार्यान्वयन गर्ने निकायहरू संवेदनशील भई कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ। आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले सरकारले जति मात्रामा विप्रेषणलगायत अन्य शुल्कहरू आप्रवासी नेपाली कामदारहरूसँग लिएको छ त्यसको तुलनामा कामदारहरूको संरक्षणमा, मानव अधिकार उल्लङ्घन रोकथाम, शोषणको रोकथामलगायतका क्षेत्रहरूमा मौद्रिक योगदान, संरचना र मानव संशाधनको लगानी गरेको देखिँदैन। यस विषयमा सरकार गम्भीर भई आफ्ना कार्यक्रमहरू त्यसतर्फ लक्षित गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ।

(७) आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा चुनौती र सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (हाल प्रदेश कार्यालय) बाट मिति २०७३/०७/३० मा कास्कीको पोखरामा र २०७३/११/०१ मा म्याग्दी जिल्लामा आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा चुनौती र सरोकारावालाहरूको भूमिका विषयक कार्यक्रम जिल्ला स्थित नेपाल सरकारका निकायहरू जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला समन्वय समिति, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू र पत्रकारहरूको सहभागितामा सम्पन्न भएको थियो। अन्तरक्रिया कार्यक्रममा मुख्य गरी आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा देखिएको चुनौतीका विषयमा छलफल केन्द्रित रहेको थियो। यस कार्यालयबाट २०७४/०९/०३ (डिसेम्बर १८, २०१७) मा अन्तर्राष्ट्रिय आप्रवासन दिवस आयोगसहित सबै सरोकारवालाहरूको सहभागितामा सम्पन्न गरिएको थियो।

अन्तरक्रिया कार्यक्रममा छलफल भएका प्रमुख विषयहरू एवम् प्राप्त सुझावहरू:

- व्यक्तिगत रूपमा वैदेशिक रोजगारमा जाने कामदारहरू ठगीमा र समस्यामा पर्ने गरेको पाइएकाले सचेतना कार्यक्रम अभियानको रूपमा गाउँ गाउँसम्म पुऱ्याउनुपर्ने आवश्यकता रहेको। सचेतना कार्यक्रमले वैदेशिक रोजगारीमा जानुपूर्व ध्यान दिनुपर्ने विषयका बारेमा जानकारी हुने र आफ्नो अधिकारको संरक्षणको विषयमा पीडितले उपचारको बाटो सहज रूपमा पहिचान गर्न सक्ने।
- रोजगारीको राष्ट्रको भाषा, संस्कृति, एवम् कानुनको समान्य ज्ञानको अभावले कतिपय आप्रवासी नेपाली कामदार समस्यामा पर्ने गरेको देखिएको। यसको न्यूनीकरणका लागि प्रस्थानपूर्व दिइने अभिमुखीकरणलाई प्रभावकारी बनाउनुपर्ने एवम् नियमन गरिनुपर्ने।
- वैदेशिक रोजगार ठगीमा संलग्नहरूलाई कडा कारबाही नहुँदा उनीहरू झनझन ठगीमा संलग्न हुने घटनाहरूमा वृद्धि हुँदै गैरहेको अवस्था रहेको।
- प्रहरी प्रशासन अपराधी खोज्नभन्दा पहिले कागजपत्र खोज्ने प्रवृत्ति पाइएको, जसले गर्दा अपराधी उम्कन सफल हुने गरेको। वैदेशिक रोजगार ठगीमा संलग्नलाई पक्राउ गर्न र कारबाही गर्न प्रहरी प्रशासन अपेक्षित रूपमा सक्रिय नदेखिएको।

- नेपाल आप्रवासी कामदार र तिनीहरूका परिवारको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को पक्ष राष्ट्र नहुँदा अन्तर्राष्ट्रिय मञ्चहरूमा समस्या उजागर गर्न नसकिएको ।
- गाउँ गाउँ र ठाउँ ठाउँमा सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू स्थानीय निकायहरूबाट सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको ।
- वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परी पीडित भएका, उनीहरूसँग मुद्दा मामिलामा जान प्रमाण नहुने गरेको, बुझाएको रकमअनुसारको रसिद उपलब्ध नगराई थोरै रकमको रसिद उपलब्ध गराउने गरिएको र यसका कारण कानुनी उपचारका लागि समस्या हुने गरेको ।
- कानुनी उपचारका लागि काठमाडौँ धाउनुपर्ने कारण पनि कतिपय पीडितहरू उपचारको मागका प्रक्रियामा नगई निष्क्रिय रहेको अवस्था पाइएकोले न्याय प्रदान गर्ने निकायको विकेन्द्रीकरणको आवश्यकता रहेको ।
- वैदेशिक रोजगारमा देखिएका समस्या र पीडाका कारण आप्रवासी नेपाली श्रमिकहरू र उनीहरूका परिवार मानसिक रोगको सिकार हुनुपरेको पाइएको यसको न्यूनीकरणका लागि मनो-सामाजिक परामर्श कार्यक्रम र सचेतना कार्यक्रम सँगसँगै लैजानुपर्ने आवश्यकता रहेको ।
- वैदेशिक रोजगार व्यवसायी, अभिमुखीकरण व्यवसायी, स्वास्थ्य संस्थाहरूलाई जवाफदेही बनाउन नियमित तथा प्रभावकारी अनुगमनको आवश्यकता रहेको ।

(५) परामर्श छलफल एवम् कार्यशाला

(१) "नेपाल र भारतका आप्रवासी घरेलु कामदारहरूको कुवेत र कतार राष्ट्रमा भर्ना र रोजगारीको अवस्था" विषयक अन्तरदेशीय कार्यशाला गोष्ठी

राष्ट्रिय मानव अधिकार आयोग, दक्षिण एसियाली सहयोग सङ्गठन परिषद्, सोलिडारिटी सेन्टर श्रीलङ्काको संयुक्त आयोजनामा **"नेपाल र भारतका आप्रवासी घरेलु कामदारहरूको कुवेत र कतार राष्ट्रमा भर्ना र रोजगारीको अवस्था"** विषयक अन्तरदेशीय कार्यशाला गोष्ठी काठमाडौँको होटल डेला अन्नपूर्णामा मिति २०७२/१२/१३ र १४ गते (मार्च २६ र २७, २०१६) आवासीय कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त कार्यक्रममा गन्तव्य मुलुक कतारस्थित आप्रवासी कामदारहरूको अधिकार संरक्षणको क्षेत्रमा काम गर्ने पत्रकार तथा संस्थाहरू एवम् राष्ट्रिय मानव अधिकार समिति कतारका आप्रवासन सम्पर्क अधिकृतसमेतको सहभागिता रहेको थियो । त्यसैगरी कुवेतमा रही आप्रवासी कामदारहरूको अधिकार संरक्षणमा काम गर्ने पत्रकार तथा संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उत्पत्ति मुलुक भारतबाट पत्रकार, ट्रेड युनियनका प्रतिनिधिहरू, सङ्घसंस्थाका प्रतिनिधिहरू, अन्तर्राष्ट्रिय श्रम सङ्गठन भारतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । नेपालका तर्फबाट महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय, ट्रेड युनियनका प्रतिनिधिहरू, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू र राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा मुलत: नेपाल र भारतबाट जाने आप्रवासी घरेलु कामदारहरूको भर्नाको अवस्थाको बारेमा चर्चा तथा छलफल गरिएको थियो । भारतमा सुरुवात गरिएको

इमाइग्रेसनले (Emigration) ठगी न्यूनीकरणमा योगदान गर्ने, कुवेत र कतारका सहभागीहरूले नेपाल सरकारले फ्री टिकट फ्री भिसाको प्रभावकारी कार्यान्वयन किन गर्न नसकेको भनि नेपाल सरकारका अधिकारीहरूलाई प्रश्न गरेका थिए । राष्ट्रिय मानव अधिकार समिति कतारका आप्रवासन सम्पर्क अधिकृतले आफ्नो प्रस्तुति मार्फत कतारमा आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणको लागि गरेका प्रयासहरूको बारेमा चर्चा गर्नुभएको थियो । समितिले नेपाली समुदाय सहायता कक्ष स्थापना गरी कार्य गरेको र नेपालस्थित आयोगसँग समझदारीपत्र हस्ताक्षर गरी कार्य गरेको विषयलाई बढी प्राथमिकता दिइएको थियो । राष्ट्रिय मानव अधिकार समिति कतारका आप्रवासन सम्पर्क अधिकृत र आयोगको संयुक्त टोलीले दुईवटा अभिमुखीकरण तालिमकेन्द्रको भ्रमण गरेको थियो । यस कार्यक्रममा आप्रवासन विषयका अन्तर्राष्ट्रिय विज्ञ माइग्रेन्ट फोरम एसियाका विलियम गोइसले आफ्ना प्रस्तुतिहरू राख्नुभएको थियो ।

(२) **नेपालमा सुरक्षित वैदेशिक रोजगारको लागि सुधार गर्नुपर्ने नीतिगत विषयहरू "Policy Reform Issues on Safe Foreign Labor Migration in Nepal" विषयक राष्ट्रिय परामर्श छलफल कार्यक्रम**

नेपालमा सुरक्षित वैदेशिक रोजगारको लागि सुधार गर्नुपर्ने नीतिगत विषयहरू (Policy Reform Issues on Safe Foreign Labor Migration in Nepal) विषयक राष्ट्रिय परामर्श छलफल कार्यक्रम अन्तर्राष्ट्रिय आप्रवासी दिवस डिसेम्बर १८, २०१७ एक हप्ते कार्यक्रम अन्तर्गत २०७४/८/२६ (डिसेम्बर १२, २०१७) मा होटल अन्नपूर्णमा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रम आयोगका माननीय सदस्य श्री सुदिप पाठकको सभापतित्ववमा प्रमुख अतिथि नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी, आयोगका सचिव श्री वेदप्रसाद भट्टराई, परराष्ट्र सचिव श्री शङ्करदास वैरागी, श्रम तथा रोजगार मन्त्रालयका सचिव श्री लक्ष्मण मैनाली, अध्यागमन विभागका महानिर्देशक श्री दिपक काफ्ले, वैदेशिक रोजगार व्यवसायी महासङ्घका अध्यक्ष श्री रोहन गुरुङ, आप्रवासन राष्ट्रिय सञ्जालका उपाध्यक्ष श्री मञ्जु गुरुङ, सोलिडारिटी सेन्टर श्रीलङ्काका कन्ट्री डाइरेक्टर (Country Director) एलोन्जो सुसनसमेत सहभागिता रहेको थियो ।

नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मीले आयोगबाट भएका प्रयासहरूको विषयमा नेपाल सरकारले सुरक्षित आप्रवासनका नीतिगत सुधारका विषयमा आयोगले गरेको सिफारिस कार्यान्वयन गरिने प्रतिवद्धता जनाउनुभएको थियो । आयोगका सचिव श्री वेदप्रसाद भट्टराईले आयोगले गरेका प्रयासहरू, सरकार र आयोगबीच समन्वय र सहकार्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, वैदेशिक रोजगार कम्पनीहरू सबैको समन्वयमा सुरक्षित आप्रवासनको वातावरण बनाउन सकिने भनाइ व्यक्त गर्नुभएको थियो ।

परराष्ट्र मन्त्रालयका सचिव श्री शङ्करदास वैरागीज्यूले अन्तरमन्त्रालय र अन्तरविभागीय समन्वयलाई सुदृढ गरी सुरक्षित वैदेशिक रोजगारको वातावरण सिर्जना गर्नुपर्ने विषयमा जोड दिनु भएको थियो । श्रम तथा रोजगार मन्त्रालयका सचिव श्री लक्ष्मणप्रसाद मैनालीले सबैको सामूहिक प्रयासबाट मात्रै सुरक्षित वैदेशिक रोजगारको वातावरण बनाउन सकिने विषयलाई प्राथमिकता दिई आफ्ना भनाइ राख्नुभएको थियो । श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले नीतिगत सुधारका विषयमा कार्यहरू अगाडि बढाइरहेको जसमा वैदेशिक रोजगार ऐन २०६४ को संशोधनलगायतका विषयहरूलाई

जोड दिनुभएको थियो । आप्रवासनसम्बन्धी राष्ट्रिय सञ्जालका उपाध्यक्ष श्री मञ्जु गुरुङले आप्रवासी महिला कामदारहरू विशेष गरी घरेलु महिला कामदारहरूका समस्याहरू, विदेशबाट समस्या भोगेर नेपाल फर्केका महिला कामदारहरूको अधिकारको अवस्थाका विषयमा आफ्ना भनाइ राख्नुभएको थियो । वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष श्री रोहन गुरुङले वैदेशिक रोजगारका नाममा देखिएका विकृति विसङगतिहरूलाई न्यूनीकरण गर्नुपर्ने र त्यसका लागि हामी व्यवसायीहरू पनि सजग रहेका छौ । फ्री टिकट फ्रि भिसाका प्रावधानका बारेमा यो प्रक्रिया लागू गर्नुपूर्व नै सरकारलाई अनुरोध गरिएको तर सरकारले एकतर्फी रूपमा यो प्रावधान लागू गरेको छ यसबाट पीडितहरू झनै समस्यामा परेका छन् ।

उक्त कार्यक्रममा रामेश्वर नेपाल (परामर्शदाता) आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थाको बारेमा कार्यपत्रसहित प्रस्तुति गर्नुभएको थियो । त्यसैगरी अधिवक्ता यज्ञमान शाक्यले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनमा सुधार गर्नुपर्ने विषयमा, राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत कमल थापा क्षेत्रीले सुरक्षित आप्रवासनमा राष्ट्रिय मानव अधिकार आयोग नेपालका प्रयास र अन्य देशका राष्ट्रिय मानव अधिकार संस्थाहरूबाट भएका सफल अभ्यासका बारेमा प्रस्तुति गर्नुभएको थियो । श्रम तथा रोजगार मन्त्रालयका सहसचिव भुवन आचार्य, आप्रवासन राष्ट्रिय सञ्जालका सचिव श्री सोम लामिछानेसहितको प्यानल छलफलसमेत भएको थियो ।

राष्ट्रिय परामर्श गोष्ठीबाट सुरक्षित आप्रवासनका लागि गरिनुपर्ने नीतिगत सुधारका क्षेत्रमा १७ बुँदे सुझावहरू आयोगलाई प्राप्त भएको थियो ।

राष्ट्रिय परामर्श कार्यक्रममा छलफल भएका विषयहरू तथा प्राप्त सुझावहरू

१. कुन मुलुकमा कति जना र यथार्थमा वैदेशिक रोजगारीमा कति जना गएका छन् वा केकस्ता काममा गएका छन् भन्ने जस्ता यकिन तथ्याङ्क सङ्कलन गरिनुपर्दछ । यो काम हालै गठित केही सङ्ख्याका स्थानीय तहबाट पाइलटिङका रूपमा प्रारम्भ गर्न सकिन्छ । त्यस्तै फर्की आउनेहरूको तथ्याङ्क सङ्कलन तत्काल प्रारम्भ गर्न आवश्यक रहेको ।
२. सम्बन्धित देशमा जाने श्रमिकहरूको पर्याप्त संरक्षणको व्यवस्था सुनिश्चितताका लागि श्रमिक पठाउने मुलुकहरूसँग मलेसिया श्रम-सम्झौता (Bilateral Labor Agreement) हरू गर्न र श्रम कूटनीति बलियो बनाई श्रमिकहरूलाई गन्तव्य मुलुकमा समस्यामा पर्दा सहयोग पुऱ्याउने प्रभावकारी व्यवस्था नेपाल सरकारले गर्नुपर्ने ।
३. वैदेशिक रोजगारीका क्रममा शोषण, जबरजस्ती श्रम, मानव बेचबिखन तथा मानव तस्करीमा संलग्नहरूका हकमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने तथा त्यस्ता कार्यमा संलग्नहरूलाई दण्डित गर्ने व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ ।
४. समस्यामा पर्दा सरकारी निकायहरू (विदेशस्थित नेपाली दूतावाससमेत) बाट प्राप्त हुने सहयोग, क्षतिपूर्ति एवम् बीमा, कल्याणकारी कोषबाट प्राप्त हुने क्षतिपूर्ति तथा समस्यामा पर्दा कहाँबाट कस्ता सहायता कसरी लिन सकिन्छ वा कसरी उजुरी गर्न सकिन्छ भन्ने जस्ता श्रमिकका अधिकार र सुरक्षासम्बन्धी जानकारीहरू हरेक आप्रवासी एवम् तिनका परिवारले पाउने सुनिश्चित गर्न विशेष कार्यक्रम लागू गर्नुपर्दछ ।

५. वैदेशिक रोजगारमा जान इच्छुक महिलाहरूले आप्रवासनको प्रक्रियामा विभेदपूर्ण बन्देज/व्यवहारहरूको सामना गर्न नपर्ने व्यवस्था सुनिश्चित गर्ने र उनीहरूलाई असुरक्षाको जोखिमबाट संरक्षण गर्न विशेष व्यवस्था गर्नुपर्दछ ।

६. **"निःशुल्क भिसा निःशुल्क टिकट"** नीतिलगायत कानुनले तोकेको सीमाभन्दा बढी शुल्क लिन नपाउने नियमलाई कडाइका साथ लागू गर्ने, श्रमिकले तिरेको शुल्कको शीर्षकगत विवरण खुलाएर रसिद दिने कुरा सुनिश्चित गर्ने र यो नियम उल्लङ्घन गर्नेलाई अनिवार्य काराबाहीको दायरामा ल्याउनुपर्दछ ।

७. दोहोरो करार वा नक्कली करार दिने काम अन्त्य गर्ने र करारपत्रसहित वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रकारका कागजातहरू कम्तीमा सात दिनअगावै श्रमिकको हातमा पर्ने कुराको सुनिश्चितता गर्नुपर्दछ ।

८. आप्रवासी श्रमिकहरूको वैदेशिक रोजगार गमन प्रक्रियामा सहजीकरण गर्ने र न्याय सम्पादन गर्ने निकायहरूमा कार्यरत कर्मचारीहरूलाई श्रमिक अधिकार, मानव अधिकार र श्रमिकमैत्री व्यवहारका बारेमा प्रशिक्षण दिने व्यवस्था मिलाउने एवम् त्यस्ता निकायमा कार्यरत कर्मचारीहरूबाट सुशासनको प्रत्याभूतिको प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने ।

९. काठमाडौँमा मात्रै केन्द्रीकृत वैदेशिक रोजगारसम्बन्धी निकायहरूको विकेन्द्रीकरण गरी श्रमिकहरूको सेवा र न्यायमा पहुँच सहज बनाउने । तत्कालका लागि जिल्ला प्रशासन कार्यालय वा प्रदेश कार्यालयबाटै यी नियकायका सेवाहरू उपलब्ध गराउनुपर्दछ ।

१०. प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई थप व्यावहारिक बनाउने र त्यस प्रशिक्षणमा श्रमिकका अधिकार एवम् कुनै समस्या आइपरेमा उपचार कसरी खोज्ने भन्ने विषयसमेत समावेश गर्नुपर्दछ ।

११. आप्रवासी श्रमिकहरूको मानव अधिकारसम्बन्धी महासन्धि तथा मानव बेचबिखनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रोटोकोललाई अनुमोदन गर्ने र नेपालको मानव बेचबिखनसम्बन्धी ऐनमा श्रमशोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसारका विषयसमेत उल्लेख गरिनुपर्ने ।

(६) कतारमा छिमेकी मुलुकहरूले गरेका नाकाबन्दीका कारण आप्रवासी नेपाली कामदारहरूमा परेको प्रभावका बारेमा नेपाल सरकारका अधिकारीहरूसँगको छलफल

आयोगको आमन्त्रणमा परराष्ट्र मन्त्रालयका सहसचिव तीर्थराज वाग्ले, वैदेशिक रोजगार विभागका महानिर्देशक विश्वराज पाण्डे, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका कार्यकारी निर्देशक श्री रघुराज काफ्लेसहित माननीय सदस्य श्री सुदिप पाठकको कार्यकक्षमा कतार नाकावन्दीले आप्रवासी नेपाली कामदारहरूमा परेको प्रभावका बारेमा छलफल भएको थियो । उक्त छलफलमा नेपाल सरकारले केकस्तो प्रयास गरिरहेको छ भन्ने जिज्ञासा राख्नुभएको थियो । जिज्ञासाको जवाफमा आप्रवासी नेपाली कामदारहरूमा ठूलो नकारात्मक असर नपरेको, दैनिक उपभोग्य सामग्रीको अभाव रहेको तर कतार सरकारले त्यसको वैकल्पिक व्यवस्थापनका लागि अन्य मुलुकबाट आयात गरिरहेको जवाफ आयोगलाई प्राप्त भएको थियो । कतारमा जाने नेपाली कामदारहरूको सङ्ख्या घट्दो क्रममा रहेको जानकारी आयोगलाई दिइएको थियो । केही कम्पनीहरूमा कामदार कटौती गर्ने सुनिए पनि व्यापकरूपमा कामदार कटौती नहुने जानकारी सरकारलाई प्राप्त भएको छ । कतारमा रहेको सबै आप्रवासी नेपाली कामदारहरू नेपाल फर्काउनुपर्ने अवस्था आएको खण्डमा

सरकारको योजना के छ भन्ने प्रश्नमा सहभागीहरूले उक्त कार्य निकै नै कठिन रहेको सोका लागि भारतले सहयोग गर्नुपर्ने उक्त विषयमा नेपाल सरकारसँग हालसम्म कुनै ठोस योजनाको सुरुवात नभएको जानकारी आयोगलाई गराइएको थियो । यस क्रममा माननीय सदस्य श्री सुदिप पाठकले कतारका लागि नेपाली राजदूत महामहिम श्री रमेश कोइरालासँग टेलिफोन संवाद गरी अवस्थाका बारेमा जानकारीसमेत लिनुभएको थियो ।

(७) अनुगमन, भ्रमण तथा छलफल

(१) **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन** : यो अनुगमन कार्यक्रम आयोगका माननीय सदस्य श्री सुदिप पाठकको नेतृत्वमा आयोगका केन्द्रीय कार्यालय र उपक्षेत्रीय कार्यालय सानेपाका अधिकृत कर्मचारीहरूको संलग्नतामा २०७४/०९/०३, अन्तर्राष्ट्रिय आप्रवासी अधिकार दिवस डिसेम्बर १८, २०१७ मा अनुगमन भएको थियो । अनुगमन टोलीले श्रम डेस्क, अध्यागमन कक्षस्थलको अनुगमन गरेको थियो । उक्त अनुगमनमा अध्यागमन विभागका महानिर्देशक श्री दिपकराज काफ्लेलगायत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका कर्मचारीहरूले सहयोग र सहजीकरण गर्नुभएको थियो ।

अनुगमनबाट प्राप्त तथ्य

- फ्री टिकट फ्री भिसाको प्रावधान राखिएका देशमा वैदेशिक रोजगारीमा जानेहरूलाई सोधिएको प्रश्नमा कृत्रिम जवाफ झल्किने गरी रु.१० हजार लिएको र रकम लिएको रसिद दिएको भन्ने जवाफ प्राप्त भएको थियो । जवाफ दिने सबै जनाको एउटै उत्तर बनावटी तवरबाट आएको अनुगमन टोलीको ठम्याइ रहेको थियो ।
- पहिलोपटक वैदेशिक रोजगारीमा जाँदा भाषा र सीपको अभावले गर्दा अत्यन्त दु:खकष्ट भोग्नुपरेको जानकारी पाइयो ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरू अध्यागमन फारमसमेत भर्न नजानेर अरुलाई फारम भरिदिनका लागि अनुरोध गरेको पाइयो ।
- निरक्षर व्यक्तिहरूसमेत वैदेशिक रोजगारीमा जान लागेको जानकारी पाइयो । अध्यागमन फारम भर्ने स्थानमा फारम भरिदिन सहयोग गर्ने कोही पनि नभएकाले विदेशी तथा नेपाली व्यक्तिहरूमा समस्या रहेको पाइयो ।
- श्रम स्वीकृति लिने, बीमालगायतका सम्पूर्ण प्रक्रियाको कार्य वैदेशिक रोजगारमा पठाउने निजी कम्पनीले (म्यानपावर) गरेको पाइयो ।
- गन्तव्य मुलुकहरूमा केही समस्या परेमा नेपाली दूतावासमा जानुपर्ने ज्ञान अभिमुखीकरण तालिममा सिकाएको जानकारी पाइयो ।
- आफू जाने देशका बारेमा केही थाहा नभएको गन्तव्य मुलुकमा पुगेपछि कम्पनीका मानिस विमानस्थलमा लिन आउने कुरा म्यानपावरका व्यक्तिले बताएको भन्ने जानकारी पाइयो ।
- पहिलोपटक वैदेशिक रोजगारीमा जाने व्यक्तिले जान लागेको कामसम्बन्धी तालिम र आफू रोजगारीका लागि जाने देशको भाषाको समान्य ज्ञानसमेत भएको पाइएन ।
- वैदेशिक रोजगारीमा गएका नेपालीहरू एउटै कोठामा चार/पाँच जनासम्म पनि बस्ने बाध्यता रहेको जानकारी पाइयो । आफ्नो श्रम स्वीकृति पत्र, प्रवेशाज्ञा आफूसँग रहेको कागजहरूमध्ये कुन हो भनी पहिचान गर्न सकेको अवस्था नपाइएको ।

- वैदेशिक रोजगारमा पठाउने कुन म्यानपावर कम्पनी हो भन्ने प्रश्नमा क्यापमा छ त्यही हो भन्ने भनाइ पाइएको ।
- आफूले पाउने तलब र गर्ने काम मात्र थाहा भएको तर कागजातमा उक्त कुरा लेखिएको छ भनी प्रश्न गर्दा थाहा छैन भन्ने जानकारी पाइएको ।
- वैदेशिक रोजगारीमा जाने महिला पनि अधिकांश साधारण लेखपढ मात्र गर्न सक्ने पाइयो । वैदेशिक रोजगारीमा जाने कागजात घरमा एकप्रति नराखी म्यानपावरमा मात्र बुझाएको पाइयो ।
- वैदेशिक रोजगारीमा जानको लागि आफ्नो गाउँबाट काठमाडौँ आएर १५ दिनसम्म होटलमा बास बसेका तथ्यहरू प्राप्त भएको ।

(२) वैदेशिक रोजगार विभागको अनुगमन तथा छलफल

आयोगबाट मिति २०७४ जेष्ठ १० गते वैदेशिक रोजगार विभाग बिजुलीबजारको अनुगमन माननीय सदस्य श्री सुदिप पाठकको नेतृत्वमा सम्पन्न भएको थियो । अनुगमनको क्रममा विभागका महानिर्देशक श्री विश्वराज पाण्डेसँग विभागका गतिविधिहरूको बारेमा जानकारी लिइएको थियो । आयोगबाट आप्रवासी कामदारहरूको विषयलाई गम्भीरता साथ हेरिएको र उनीहरूको अधिकार संरक्षणमा नेपाल सरकारका निकायहरू संवेदनशिल रहनुपर्ने सुझाव महानिर्देशकलाई आयोगका माननीय सदस्य श्री सुदिप पाठकले दिनुभएको थियो । अनुगमन टोलीले विभागले प्रदान गर्ने सेवाका कक्षहरूका साथै अभियुक्तहरूलाई हाजिर गराई बयान गराउने स्थानको समेत अनुगमन गरेको थियो । उक्त अनुगमनबाट विभागको कार्यालयको कक्षभित्रै हतकडी लगाई बयान लिइरहेको अनुगमन टोलीले पाएको थियो । माननीय सदस्य श्री सुदिप पाठकले स्वच्छ न्यायको सिद्धान्तअनुसार हतकडी खोल्न लगाई बयान लिनको लागि विभागको महानिर्देशकलाई आदेश दिई हतकडी खोल्न लगाई बयान लिने कार्य सुचारु गर्न लगाइएको थियो ।

महानिर्देशकबाट वैदेशिक रोजगारका उजुरीहरूको सम्बन्धमा निजी कम्पनी र पीडितहरूलाई सँगै राखी मध्यस्थता गराई रकम दिलाउने कार्यहरू भइरहेको । मध्यस्थताका कारण पीडितहरूले पाउनुपर्ने रकम व्यवसायीहरूबाट प्राप्त गर्न सकेका तथ्यहरू आयोगको अनुगमन टोलीसँग राख्नुभएको थियो । मध्यस्थताको कानुनी आधारका विषयमा भने वैदेशिक रोजगार ऐन २०६४ तथा नियमावलीले अधिकार प्रदान गरेको छ भन्ने प्रश्नमा स्पष्ट जवाफ महानिर्देशकबाट प्राप्त हुन नसकेको ।

(३) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको अनुगमन तथा छलफल

आयोगबाट मिति २०७४ जेष्ठ १२ गते वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड नयाँ वानेश्वरमा माननीय सदस्य श्री सुदिप पाठकको नेतृत्वमा अनुगमन तथा छलफल सम्पन्न गरिएको थियो । अनुगमन तथा छलफल कार्यक्रममा आयोगका कार्यकारी निर्देशक श्री रघुराज काफ्लेज्यूले बोर्डको कार्य प्रगतिका बारेमा अनुगमन टोलीलाई जानकारी गराउदै काठमाडौँ बाहिरका स्थानहरूमा वैदेशिक रोजगारमा जानेहरूलाई दिइने तालिमको समयमा आयोगलाई अनुगमनको लागि अनुरोध तथा समन्वय गरी सुधार गर्नुपर्ने कुराहरूको अपेक्षासमेत राख्नुभएको थियो । माननीय सदस्य श्री सुदिप पाठकबाट आयोग आप्रवासी कामदारहरूको

अधिकार संरक्षणका विषयमा गम्भीर रहेको र बोर्डबाट उनीहरूको अधिकार संरक्षणमा सोही प्रकृतिका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सुझाव दिनुभएको थियो ।

(४) अध्यागमन विभागको अनुगमन तथा छलफलः

आयोगबाट मिति मिति २०७४ वैशाख २२ गते अध्यागमन विभाग कालीकास्थानमा माननीय सदस्य श्री सुदिप पाठकको नेतृत्वमा अनुगमन तथा छलफल सम्पन्न भएको थियो । वैदेशिक रोजगारीको लागि भारत हुँदै दुवईबाट कुवेत जान लागेका ४४ जना महिलाहरूलाई दुवईको अध्यागमन अधिकारीले पर्याप्त कागजागतको अभावमा मिति २०७४ वैशाख १९ गते नेपाल फिर्ता पठाइएको थियो । यस घटनाको अनुगमनको लागि माननीय सदस्य श्री सुदिप पाठकको नेतृत्वमा अध्यागमन विभाग र पीडितहरूसँग भेटघाट तथा छलफलको माइती नेपालको संरक्षण गृहमा अनुगमन टोली पुगेको थियो । विभागका महानिर्देशकसँगको छलफलमा प्रवेशाज्ञा कागजातका कारण कुवेत जान हिडेका ४४ जना महिलाहरू दुवईबाट फिर्ता गरिएको । फिर्ता गरिएको महिलाहरूमध्ये केही श्रम स्वीकृति लिई विदेशमा काम गरी विदामा नेपाल आई पुनः काममा फर्कन लागेका महिलाहरू थिए भने अधिकांश महिलाहरू पहिलोपटक जान लागेको पीडितहरूसँगको छलफलबाट जानकारी प्राप्त भएको थियो । अधिकांश महिलाहरू बेरोजगारी, घरपरिवारको आर्थिक अभावमा सहयोग गर्न, राम्रो कमाइको आशामा कुवेत जान लागेको बताएका थिए । कुवेत पठाउने कार्यको प्रारम्भ कहाँबाट कसले गर्‍यो भन्ने प्रश्नको जवाफमा हामीले चिनेका छैनौं भन्नुका साथै उक्त कुरा बताउन अनिच्छुक रहेको पाइएको । दुवईबाट फिर्ता भएका ४४ जना महिलाहरूलाई माइती नेपालको पुनर्स्थापना गृहमा अध्यागमन विभागको सिफारिसमा राखिएको पाइएको । अनुगमन टोली माइती नेपालको पुनर्स्थापना गृहमा गई पीडितहरूसँग प्रत्यक्ष कुराकानी गर्नुका साथै उनीहरूलाई गरिएको र गरिने कानुनी सहयोगका बारेमा जानकारी लिएको थियो । नेपाल फिर्ता गराएका महिलाहरूलाई कानुनबमोजिम जरिवानाको निर्णय नगरी छाड्न नमिल्ने र उक्त जरिवानाको रकम कुनै संस्थालाई अनुरोध गरी व्यवस्थापन गर्ने प्रतिबद्धता विभागका महानिर्देशकबाट भएको थियो । अध्यागमन विभागको हिरासतको अनुगमनमा केही विदेशी नागरिकहरू प्रवेशाज्ञा अवधिभन्दा बढी नेपालमा बसेको कारण प्रवेशाज्ञा शुल्क तिर्न नसकेका, केही महिलाहरू नेपाली महिलाको नामको राहदानीमा प्रवेशाज्ञा लिई विदेश गई पुनः नेपाल फर्कंदा अध्यागमन कार्यालयले पक्राउ गरी विभागमा पठाएइएको र विभागको हिरासतमा राखिएका घटनाहरू अनुगमन टोलीले प्राप्त गरेको थियो ।

(५) वैदेशिक रोजगार व्यवसायी सङ्घको कार्यालय भ्रमण तथा छलफल

आयोगबाट मिति २०७३/११/६ गते वैदेशिक रोजगार व्यवसायी सङ्घको कार्यालय बत्तीसपुतलीमा माननीय सदस्य श्री सुदिप पाठकको नेतृत्वमा भ्रमण गरी सङ्घका पदाधकारीहरूसँग छलफल भएको थियो । उक्त छलफलका क्रममा सङ्घका महासचिव श्री रोहन गुरुङले फ्री टिकट फ्री भिसाको विषयमा नेपाल सरकारले गरेको निर्णय कार्यान्वयन गर्न सहज नभएको कुरा बताउनुभयो । व्यवसायीहरूको बजार प्रवर्द्धन, कार्यालय खर्च, कर्मचारी खर्च, विज्ञापन खर्चलगायतका दायित्वहरू हुनुका साथै वैदेशिक रोजगार ऐन र नियमावलीको अक्षरशः कार्यान्वयन गर्नुपर्ने अवस्थामा लागत खर्च घटाउँदा व्यवसायीले सो भार ब्यहोर्न नसक्ने । उक्त छलफलमा विभिन्न मुलुकका वैदेशिक रोजगार व्यवसायीले गरेका अभ्यासहरूसमेत राखी कम्तीमा १ महिना बराबरको तलव कामदारहरूबाट लिन पाउने

व्यवस्थामा जोड दिइएको थियो । सो भेटघाट तथा छलफलमा माननीय सदस्य श्री सुदीप पाठकले यस विषयलाई गम्भीरताका साथ हेरिरहेको जानकारी गराउँदै कामदारहरूको हकहितका लागि व्यवसायीहरूको प्रमुख भूमिका हुने कुरा ध्यानाकर्षण गराउँदै त्यसतर्फ व्यवसायीहरूले कानुन, नीति, सरकारको निर्देशन आचरणभित्र रही कार्य गर्नुपर्ने कुरा अवगत गराउनुभएको थियो । उक्त कार्यक्रम वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष श्री विमल ढकालको अध्यक्षतमा सम्पन्न भएको थियो भने सङ्घका अधिकांश पदाधिकारीहरूको समेत सहभागिता रहेको थियो ।

(६) पौरखी संस्थाको पुनर्स्थापना गृह भ्रमण तथा छलफल

आयोगबाट मिति २०७३/११/५ गते पौरखी संस्थाबाट विदेशबाट विभिन्न समस्या भोगी नेपाल फर्कि आएका वा फर्काइएका पीडित महिला कामदारहरूलाई पुनर्स्थापनाका लागि स्थापना गरिएको पुनर्स्थापना केन्द्रको भ्रमण तथा छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त भ्रमणका सिलसिलामा पौरखी संस्थाबाट पुनर्स्थापना गरिएको सङ्ख्या, उद्धार तथा स्वदेश फिर्तीका लागि समन्वय र सहयोग गरिएको सङ्ख्या, त्रिभुवन विमानस्थलमा पौरखी संस्थाका कर्मचारी रहेको लगायत अन्य भए गरेका कार्य प्रगतिको बारेमा अध्यक्ष श्री मञ्जु गुरुङले टोलीलाई जानकारी गराउनुभएको थियो । पुनर्स्थापना गृहमा आवास कक्ष, मनोविमर्श कक्षहरू रहेका पाइएको । भ्रमणका क्रममा पौरखी संस्थालगायत अन्य संस्थाहरूले स्थापना गरेको पुनर्स्थापना गृहको लागि श्रम तथा रोजगार मन्त्रालयअन्तर्गतको कुनै पनि निकायबाट स्वीकृति लिने व्यवस्था नभएको साथै सरकारले यस्ता प्रकारका महिला तथा पुरुष पुनर्स्थापना गृहहरूलाई बजेटको व्यवस्थासमेत नगरेको तथ्य भ्रमण टोलीलाई जानकारी गराउनुभएको थियो । यस्ता प्रकारका गैरसकारी संस्थाहरूले केवल दातृ निकायका भरमा मात्र कार्यक्रम चलाउनुपर्ने बाध्यता रहेका जानकारी गराइएको थियो । यस विषयका लागि आयोगले सरकारको ध्यानाकर्षण गराई सोतर्फ पहल गरिदिनसमेत अनुरोध पौरखी संस्थातर्फबाट अनुरोध गरिएको थियो ।

(५) क्षमता अभिवृद्धि कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारहरूको अधिकारलाई महत्वव र गतिका साथ आ.व. २०७२/२०७३ देखि कार्य गर्दै आएको छ । यस विषयमा आयोगको केन्द्रीय कार्यालयदेखि क्षेत्रीय (हाल प्रादेशिक), उपक्षेत्रीय (हाल सम्पर्क कार्यालय) कार्यालयहरूमा कार्यरत आप्रवासन विषय हेर्ने सम्पर्क अधिकृतहरू (Focal Person) र अन्य कर्मचारीहरू सहित २६ जनालाई आप्रवासी कामदारहरूको मानव अधिकार **"RIGHTS OF THE MIGRANT WORKERS"** सम्बन्धी आधारभूत तालिम मिति **२०७४ साल श्रावण ४-६,** (19-21 July 2017) सोलिडारिटी सेन्टर श्रीलङ्काको सहयोगमा होटल सम्मिट कुपन्डोलमा सम्पन्न गरिएको थियो । उक्त तालिम कार्यक्रममा नेपाल सरकारका सम्बद्ध श्रम रोजगार तथा समाजिक सुरक्षा, परराष्ट्र मन्त्रालय कन्सुलर सेवा विभाग र वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, यस क्षेत्रका विज्ञहरू, दक्षिण एसियाली सहयोग सङ्गठन परिषद् (South Asian Regioanal Trade Union Council, SAARTUC), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labor Organanization, ILO) का प्रतिनिधि, मानव बेचबिखनविरुद्ध कार्यरत संस्थाका सञ्जालका प्रतिनिधिहरू स्रोत व्यक्तिको रूपमा आफ्ना ज्ञान र अनुभवहरू तालिमका सहभागीहरूसँग आदानप्रदान गर्नुभएको थियो । तालिममा मुख्य गरी आप्रवासी

कामदारहरूको मानव अधिकारका विषयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण तथा उपचार प्रणालीहरू, संयन्त्रहरू, राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिकालगायतका विषयहरूमा केन्द्रित रहेको थियो । उक्त तालिम कार्यक्रमको उद्घाटन आयोगका माननीय अध्यक्ष श्री अनूपराज शर्माबाट भएको थियो भने समापन तथा तालिम प्रमाणपत्र वितरण आयोगका माननीय सदस्य श्री सुदिप पाठकबाट सम्पन्न भएको थियो ।

(६) उजुरी सम्बोधन

आप्रवासी नेपाली कामदारहरूका समस्याका विषयमा आयोगमा प्राप्त हुने जानकारी तथा निवेदनहरूका सम्बन्धमा नेपाल सरकारका श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलगायतसँग समन्वय गरी आयोगले उजुरी सम्बोधन गर्दै आएको छ । कतारमा अलपत्र तथा समस्यामा परेका आप्रवासी नेपाली कामदारहरूको सम्बन्धमा राष्ट्रिय मानव अधिकार समिति कतारसँग सूचना आदानप्रदान गरी समस्या समाधान गर्ने गरिएको छ । राष्ट्रिय मानव अधिकार समिति कतारमा रहेको नेपाली समुदाय सहायता कक्षले उजुरी स्वीकार गरी उजुरीसम्बन्धी कारबाही अगाडि बढाउने गरेको छ । त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोग नेपालमा कतारसँग सम्बन्धित उजुरीका सम्बन्धमा मलेसिया सूचना आदानप्रदान गरी पीडितहरूलाई सहयोग गर्दै आइरहेको छ । यसैगरी मलेसियामा समस्यामा परेका आप्रवासी नेपाली कामदारहरूको समस्याका लागि समेत राष्ट्रिय मानव अधिकार आयोग (SUHAKAM) सँग सहयोगका लागि अनुरोध गरी पीडितहरूको समस्याको समाधान गरिएको थियो । गन्तव्य मुलुकमा रहेका आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणमा कार्यरत अन्य सङ्घसंस्थाहरूसँग पनि मलेसिया सूचना आदानप्रदान गरी पीडितहरूलाई सहयोग प्रदान गर्ने कार्य गर्दै आइरहेको छ । आयोगमा प्राप्त भएका पीडितका उजुरीहरूका सम्बन्धमा नेपाल सरकार परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, यस क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्था, ट्रेड युनियनहरूसँग सहकार्य र समन्वय गरी कार्य गर्दै आइरहेको छ । उजुरी सम्बोधन गर्ने सन्दर्भमा विशेषगरी नेपाल सरकारका अधिकारीहरूसँग केन्द्रित रही सम्बोधनको प्रयास गरिएको छ । आयोगबाट पीडितहरूको अधिकार संरक्षणका लागि यस आयोग र गन्तव्य मुलुकको आयोगबीच सूचना आदानप्रदान गरिएका प्रमुख उदाहरणहरू यसप्रकार छन् :

(१) आयोग र गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरूबीच सूचना आदानप्रदान भई पीडितको मानव अधिकार संरक्षणमा भएका प्रयासहरूका प्रमुख घटनाहरू

घटना अध्ययन नं १

गन्तव्य मुलुक कतारमा अलपत्र परेका उत्तमबहादुर सार्की, उचितनारायण राम, रामनाथ मण्डल, भरत राउत कुर्मी, सुरेन्द्र सदा, सरोज सदासमेतलाई सारथी ओभरसिज रिक्रुटमेन्ट प्राइभेट लिमिटेडबाट कतारमा वैदेशिक रोजगारमा कतारस्थित Cox Bazaar Decoration and Construction W.L.L. मा पेन्टर, हेल्परलगायतको काममा लगाइदिने भनी कतार पठाएको । निज उत्तम सार्कीलाई कतार जानको लागि रु.४० हजार र अन्य कोहीलाई ८० हजार र ९० हजार शुल्कसमेत गौशाला, पिङ्गलास्थानस्थित सारथी ओभर्जिजबाट लिइएको । निजहरूलाई कतार लगी सहेलिया रोड १७ मा एउटा कोठामा राखी खाना खानका लागि कहिले कतारी रियाल २० रुपियाँ दिने कुनै दिन सो रकमसमेत उपलब्ध नगराउने गरी दुई महिनासम्म काममा लगाइदिन्छु भनी आश्वासन

दिई राखिएको । सो सूचना पीडितको परिवारबाट प्राप्त भई आयोगबाट वैदेशिक रोजगारमा पठाउने कम्पनीसँग सम्पर्क गरी उनीहरूलाई जुन काममा लगाउन पठाइएको हो वा सो काममा सुरक्षापूर्वक काममा लगाईदिने वा निजहरूको सुरक्षित रूपमा स्वदेश फिर्तीको लागि अनुरोध गरिएको । सो अनुरोधपश्चात् केही दिनसम्म निजहरूलाई काममा लगाइदिन्छौं वा स्वदेश फिर्ता गराउछौं भन्ने आश्वासन प्राप्त भए तापनि कुनै ठोस प्रगति नभएको । सोही क्रममा निज ओभरसिजले बेवास्ता गरेपछि पीडितलाई वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गर्न भनी सुझाव दिएपश्चात् विभागमा उजुरी दर्ता भएको । विभागले सो उजुरीको कारबाहीमा ओभरसिजका सम्बन्धित व्यक्तिलाई बोलाई लिखित प्रतिबद्धता गराए तापनि कुनै प्रगति हुन नसकेको । कतारमा निज आप्रवासी नेपाली कामदारहरूको दिनप्रतिदिन अवस्था नाजुक हुँदै गएको । यी सबै अवस्थालाई मध्यनजर गरी आयोगबाट राष्ट्रिय मानव अधिकार समिति कतारलाई सबै विवरण खुलाई उद्धार तथा सुरक्षित रूपमा स्वदेश फिर्ती एवम् निजहरूको अवधिको तलब दिलाउनसमेत अनुरोध गरिएको थियो । अनुरोधपश्चात् राष्ट्रिय मानव अधिकार समितिको टोली पीडितहरू रहेको स्थानको अनुगमन गरी त्यहाँको श्रम मन्त्रालय र आन्तरिक मामिला मन्त्रालयलाई आवश्यक कारबाहीको लागि पठाइएको जानकारी आयोगलाई प्राप्त भएको । सो कारबाहीपश्चात् तीन दिनभित्र निज पीडितहरूलाई कम्पनीले आफ्नो खर्चमा नेपालमा सुरक्षित रूपमा फिर्ता पठाएको । निजहरूले आफूले पाउनुपर्ने पारिश्रमिक भने कतारस्थित कम्पनीबाट प्राप्त गर्न नसकेको । नेपालमा आएपश्चात् ओभरसिजलाई कतारमा जानका लागि बुझाएको रकम फिर्ताका लागि बारम्बार अनुरोध गर्दा लामो समय लगाई पटकपटक गरी सारथी ओभरसिजले रकम फिर्ता गरिदिएको ।

निष्कर्षमा यस घटनाको प्रकृतिबाट फ्री टिकट फ्रि भिसाको प्रावधान म्यानपावर कम्पनीबाट कार्यान्वयन नभएको, पीडितहरूलाई नेपालमा सुरक्षितरूपमा स्वदेश फर्काउनका लागि लामो समय खर्चिनुपरेको, पीडितहरूले कतारमा गई बसेको अवधिको पारिश्रमिक प्राप्त गर्न नसकेको, नेपाल फर्केपश्चात् पीडितहरूले ओभरसिजलाई बुझाएको रकम फिर्ता लिनका लागि पटकपटक ओभरसिज कम्पनीको कार्यालय धाउनुपरेको, वैदेशिक रोजगार विभागले ओभरसिज कम्पनीलाई कानुनबमोजिम पीडितलाई अनुभूति हुने प्रकृतिको कारबाही गर्न नसकेको अवस्था देखिएको छ ।

घटना अध्ययन नं २

जिल्ला सिन्धुली हत्पते गाविस वडा नं ६ घर भई हाल दुधौली नगरपालिका वडा नं २ बस्ने रामप्रसाद कुमर दनुवार १४ डिसेम्बर २०१६ देखि आफू बसेका ठाँउबाट हराएको र कतारस्थित नेपाली दूतावासबाट कतारको अस्पतालमा रहेको शव निज रामप्रसाद कुमर दनुवारको नै हो भनिए तापनि स्पष्ट पहिचान हुन नसकेकाले जेजस्तो अवस्थामा भए पनि खोजी गरी पाऊँ भनी आयोगमा मिति २०७४ जेष्ठ १६ गते उजुरी प्राप्त भएको ।

जिल्ला सिन्धुली हत्पते गाविस वडा नं ६ घर भई हाल दुधौली नगरपालिका वडा नं २ बस्ने वर्ष ३२ को भविलाल दनुवार १५ डिसेम्बर २०१६ दिन दाइ रामप्रसाद कुमरलाई डेरामा जाँदा भेट नभएको, भोलिपल्ट १६ डिसेम्बरका दिन जाँदा पनि भेट नभएको निज दाइ १४ डिसेम्बर २०१६ देखि नै डेरामा नआएको भन्ने कुरा पछि थाहा भएको । डिसेम्बर २०, २०१६ का दिन कतार प्रहरीले निज दाइलाई ल्याई राखेको छु भेट्न आउनू भनी टेलिफोनमार्फत खबर भई जाँदा सोहीबखत प्रहरीले पक्राउ गरी हिरासतमा राखेको र हिरासतको अवधि ६ महिना भइसकेकाले

सत्यतथ्यका विषयमा पत्ता लगाई निर्दोष भविलाल दनुवारलाई थुनामुक्त गरी पाऊँ भनी आयोगमा मिति २०७४ जेष्ठ १६ गते उजुरी प्राप्त भएको ।

माथि उल्लिखित विषयमा कन्सुलर सेवा विभागमा समेत सहयोगका लागि निवेदन दर्ता गराएको पाइएको । आयोगमा प्राप्त उजुरीपश्चात् राष्ट्रिय मानव अधिकार समिति कतारमा सबै विवरण खुलाई सूचना सम्प्रेषण गरिएको । उक्त विषयमा कतारस्थित मानव अधिकार समितिले भविलाल दनुवारसहित अर्का एक व्यक्तिसमेत संलग्नतामा निजका दाइको हत्या गरेको आरोपमा साविती भई सक्षम अदालतको आदेशमा थुनामा रहेको भन्ने जानकारी प्राप्त भएको । त्यसैगरी आयोगमा उजुरी दर्ता गराएका निवेदक हरिश्चन्द्र कुमरले मृतक रामप्रसाद कुमरको कतारबाट आएको शव मिति २०७४ साल श्रावण २ गते बुझेको र भविलाल कुमर दनुवार दोषी नभएकाले निजलाई थुनामुक्त गरी स्वदेश फिर्ती गराई पाऊँ भनी लिखित जानकारी एवम् अनुरोध गरिएको ।

यस घटना अध्ययनबाट भाइ आफ्नै दाइको हत्यामा संलग्न भई हिरासतमा रहेको तथ्य देखिन्छ । यस घटनाको विषयमा नेपाली दूतावासबाट पहल भई कानुनी प्रतिनिधित्वको व्यवस्थापन हुन आवश्यक देखिन्छ भने माथिल्लो अदालतमा पुनरावेदन गर्न सक्ने अवस्था देखिएमा सोको लागि समेत दूतावास तथा नेपाल सरकारका निकायहरूबाट आवश्यक तथा प्रभावकारी सहयोग गर्नुपर्ने आवश्यकता देखिन्छ । गन्तव्य मुलुकमा विभिन्न आप्रवासी नेपाली कामदारहरू झुठ्ठा मुद्दा, भवितव्य घटनाजस्ता मुद्दाहरूको गम्भीरतापूर्वक मापन गरी नेपाल सरकारबाट कानुनी सहयोग उपलब्ध गराउनुपर्ने आवश्यकता देखिन्छ ।

घटना अध्ययन नं ३

जिल्ला महोत्तरी सिंगयाही गाउँ विकास समिति वडा नं ६ हाल मंगहा नगरपालिका वडा नं २ बस्ने वर्ष २८ को अजेन्द्रकुमार यादव पश्चिम नेपाल ओभरसिज प्राइभेट लिमिटेडबाट मलेसियास्थित NEWSTAR PROTECTION CDN. BHDN. Putranjaya मा सुरक्षा गार्डको रूपमा वैदेशिक रोजगारका लागि मलेसिया गएको । निज यादव BATAWAY SDN. BHDN. Saibarjaya, Malasiya मा कार्यरत रहेको समयमा अजेन्द्रकुमार यादवलाई ११ अगस्ट, २०१७ का दिन कार्य समयमा मलेसियन प्रहरीले गिरफ्तार गरी लगेका र निजको कहाँ र कुन अवस्थामा रहेको भन्ने विषयमा परिवार र साथीहरूले कुनै पनि जानकारी प्राप्त गर्न नसकेको हुँदा अवस्था पत्ता लगाई नेपाल फिर्ता गर्नका लागि पहल गरिदिनू भनी आयोगमा उजुरी प्राप्त भएको । उजुरी प्राप्तपश्चात् मलेसियास्थित राष्ट्रिय मानव अधिकार आयोगमा विस्तृत विवण खुलाई निज अजेन्द्रकुमार यादवको अवस्था पत्ता लगाउनको लागि अनुरोध गरी पठाइएको ।

आयोगको अनुरोधअनुसार मलेसियास्थित राष्ट्रिय मानव अधिकार आयोगले यस आयोगलाई निम्नानुसारको जानकारी उपलब्ध गराइएको ।

निज अजेन्द्रकुमार यादव ११ अगस्ट, २०१७ का दिन सेपाङ प्रहरीको अपराध अनुसन्धान विभागबाट मलेसियन अपराध संहिताको दफा ३०२ अनुसार हत्याको आरोपमा गिरफ्तार गरिएको । प्रहरीको अनुसन्धानअनुसार हत्या अपराधमा निज यादवको संलग्नता रहेको नपाइएकाले अनुसन्धानपश्चात् निजलाई छाडिएको भन्ने मलेसियन प्रहरीबाट जानकारी प्राप्त भएको ।

मलेसियन अध्यागमन विभागका अनुसार निज यादव NEWSTAR PROTECTION CDN. BHDN. स्टेसनअन्तर्गत MMC Gamuda मा सुरक्षा गार्डको रूपमा कार्यरत रहेको र निजको सेवाको वैधानिक अवधि २० मे, २०१८ सम्म रहेको भन्ने जानकारी प्राप्त भएको सूचना यस आयोगलाई प्राप्त भएको। यसैगरी उजुरकर्तासँग आयोगबाट सम्पर्क गरी सोधपुछ गर्दा निज अजेन्द्रकुमार यादव रिहा भइसकेको जानकारी आयोगलाई प्राप्त भएको।

यो घटना अध्यनको प्रकृतिअनुसार वैदेशिक रोजगारमा गन्तव्य मुलुकमा जाने आप्रवासी कामदारहरू पक्राउपश्चात् तत्कालै कानुनी प्रतिनिधित्वको कुनै पहल हुनुपर्ने देखिन्छ। उत्पत्ति मुलुक र गन्तव्य मुलुकको आयोगबीच सूचना आदानप्रदान गरी आप्रवासी कामदारहरूको मानव अधिकारको संरक्षण गर्न सकिने अभ्यासलाई स्थापित गरेको छ।

(७) आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको विशेष समाधीक्षक फिलिप गोन्जालेजसँग भेटघाट तथा छलफल

आप्रवासी कामदारहरूको अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षकको मिति माघ १५, २०७४ देखि माघ २२, २०७४ (सन् २०१८ को २९ जनवरीदेखि ५ फेब्रुअरी) सम्म नेपालको भ्रमणमा रहनुभएको थियो। उक्त भ्रमण विशेष गरी वैदेशिक रोजगारीको अवस्था, भर्ना प्रक्रिया, गन्तव्य मुलुकमा आप्रवासी कामदारहरूलाई दिइने सेवा र फर्केकाहरूको पुनः एकीकरणजस्ता विषयमा केन्द्रित रहेको थियो। भ्रमणको क्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्मा, माननीय सदस्य श्री सुदिप पाठक एवम् सचिव श्री वेदप्रसाद भट्टराईसहितका व्यक्तिसँग भेटघाट तथा छलफल भएको थियो। भेटघाटको क्रममा आयोगले हालसम्म सुरक्षित आप्रवासनका क्षेत्रमा गरेको प्रयासहरूका बारेमा जानकारी गराइएको थियो।

विशेष समाधीक्षकको नेपाल भ्रमणपश्चात् सुरक्षित आप्रवासनका लागि प्रतिवेदनमार्फत नेपाल सरकार, निजी कम्पनीहरू, गन्तव्य मुलुकहरूलाई प्रतिवेदनमार्फत सुझाव दिइएको छ। नेपाल सरकारलाई ३४ बुँदा, गन्तव्य मुलुकहरूलाई ३ बुँदा र भर्ना गर्ने कम्पनीहरूलाई ४ बुँदामा सिफारिस गरिएको छ।[48] सुझावमा आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि आयोगले गरेको सिफारिस कार्यान्वयनमा सरकारको जवाफदेहिता र आयोगसँग सहकार्य गरी सरकारले काम गर्नुपर्ने विषयलाई समेत सिफारिसमा जोड दिइएको छ।

(८) अध्ययन तथा अनुसन्धान

आयोगबाट आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थाको विषयमा अध्ययन तथा अनुसन्धानका कार्यहरू भइरहेका छन्। अध्ययन तथा अनुसन्धानले वैदेशिक रोजगारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, नेपाल सरकारका प्रयासहरू, अन्तरमन्त्रालय समन्वय, गैरसरकारी संस्थाका प्रयासहरू, निजी कम्पनीले कानुनको कार्यान्वयन गरे-नगरेको अवस्थाहरूसमेत प्रतिवेदनमा राखिने छ। यस अध्ययन तथा अनुसन्धानमा मुख्य गरी निजी कम्पनीहरूको भर्ना अभ्यास, वैदेशिक रोजगारका क्रममा भएका पीडितहरूको न्यायमा पहुँचको अवस्थालाई केन्द्रित गरिएको छ।

[48] https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G15/173/28/PDF/G1517328.pdf?OpenElement , Page 17-21, Accessed on 15 October,2018

आयोगबाट प्रकाशित हुने मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनसमेत अध्ययन तथा अनुसन्धानका आधारमा तयार गरिँदै आएको छ। उक्त प्रतिवेदनमा आप्रवासी कामदारहरूको अवस्था र सुधारका लागि सिफारिससमेत आयोगले गर्दै आएको छ। यस प्रतिवेदनको सिफारिस खण्डमा मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनमा गरिएको सिफारिसलाई राखिएको छ।

(९) कानुन पुनरावलोकन

आयोगले वैदेशिक रोजगार ऐन २०६४ लाई समय सापेक्ष, समस्या समाधानमा केन्द्रित भई, पीडितहरूको हक अधिकार संरक्षण गर्ने मुख्य उद्देश्य राखी पुनरावलोकनको कार्य सम्पन्न गरेको छ। यो पुनरावलोकन अध्ययन वैदेशिक रोजगारका समग्र पक्षहरूलाई नसमेटी मुख्य समस्या समाधानतर्फ केन्द्रित रहेको छ। वैदेशिक रोजगार ऐनका निम्नलिखित प्रमुख विषयहरूमा केन्द्रित रही ऐनको पुनरावलोकन अध्ययन गरिएको छ :

- प्रस्तावना र कामदारका परिभाषा,
- कामदारको भर्ना प्रक्रियामा सुधार,
- कूटनैतिक संरक्षणको सवलीकरण,
- वैदेशिक रोजगार व्यवस्थापनमा सुधार र स्थानीयकरण,
- व्यवसायीको अनुगमन,
- महिला कामदारको संरक्षण,
- कामदारको मानव अधिकार संरक्षण,
- मानव बेचबिखन र बलजफ्ती श्रम,
- कामदारको न्यायमा पहुँच वृद्धि,
- अन्य कानुनी व्यवस्थामा सुधार।

(९) राष्ट्रिय मानव अधिकार आयोग नेपाल र अन्य राष्ट्रिय मानव अधिकार संस्थाहरूबीचको सहयोग र समन्वय

आयोगलाई राष्ट्रिय मानव अधिकार समिति कतारबाट गरिएको प्रस्तावअनुसार मलेसिया सहयोगका लागि यस आयोगले प्रक्रिया प्रारम्भ गरेको थियो। यस क्रममा आयोगबाट नेपाल सरकारका तत्कालीन श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयका सचिव र सहसचिवहरू, आप्रवासी कामदारहरूको अधिकार संरक्षणका क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, निजी क्षेत्रमा काम गर्ने वैदेशिक रोजगार व्यवसायी महासङ्घका प्रतिनिधिहरूसँग छलफल तथा परामर्श गरी समझदारी पत्रको मस्यौदा तयार गरी १० बुँदे प्रस्ताव गरिएको थियो। उक्त प्रस्तावमा यो आयोग र राष्ट्रिय मानव अधिकार समिति कतार सहमत भई सन् २०१५ को नोभेम्बर १६ मा कतारको दोहामा तत्कालीन कार्यवाहक राजदूत श्री मणिरत्न शर्माको समेत सहभागितामा १० बुँदे समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको थियो। यसैगरी डिसेम्बर १८, २०१६ मा ११ बुँदे कार्यान्वयन कार्ययोजनामा यस आयोग र राष्ट्रिय मानव अधिकार समिति कतारबीच काठमाडौँमा मलेसिया हस्ताक्षर सम्पन्न भएको थियो। आयोगमा प्राप्त उजुरीहरूको हकमा कतारको राष्ट्रिय मानव अधिकार समितिमा सूचना आदानप्रदान गरी पीडितको संरक्षणका हकमा कार्य भइरहेको छ। राष्ट्रिय मानव अधिकार समिति कतारले नेपाली स्वयंसेवी प्रतिनिधि रहने गरी नेपाली समुदाय

सहायता कक्ष स्थापना गरेको छ। समुदाय सहायता कक्षमा कतारमा रहने आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार उल्लङ्घनको सम्बन्धमा राष्ट्रिय मानव अधिकार समिति कतारमा गई आफ्नो समस्या र उजुरी गर्न सक्ने व्यवस्थासमेत गरेको छ। यसैगरी मलेसियास्थित राष्ट्रिय मानव अधिकार आयोगसँग केही उजुरीहरूका सम्बन्धमा सूचना आदानप्रदान गरी आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणको कार्य हुँदै आएको छ। भारतमा गई काम गर्ने केही नेपाली कामदारहरूको विषयमा भारतको राष्ट्रिय मानव अधिकार आयोगले चासो दिई कार्य गरिरहेको छ। आयोगबाट राष्ट्रिय मानव अधिकार समिति कतारसँग गरिएको समझदारी पत्र र कार्यान्वयन कार्ययोजनाका विषयमा नेपाल सरकार परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालयका पदाधिकारीहरू, राष्ट्रियस्तरका सञ्जाल तथा गैरसरकारी संस्थाहरू, वैदेशिक रोजगार व्यवसायीहरूसँग समेत गहन रूपमा परामर्श तथा छलफल कार्यक्रमबाट सुझावसमेत लिइएको थियो।

निष्कर्षमा राष्ट्रिय मानव अधिकार आयोग नेपालले गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरू, मानव अधिकारसम्बन्धी गैरसरकारी संस्थाहरू, गैरआवासीय नेपाली (एनआरएन), डायस्पोरालगायतसँग नेपाल सरकारको कूटनीतिक नियोगमार्फत वा सिधै सम्बन्ध विस्तार गरी कार्य गर्न सके आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणमा सहयोग पुग्ने देखिन्छ। गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरूले यस आयोगको अनुरोधलाई गम्भीरतापूर्वक लिई कार्य गरेमा त्यस मुलुकको सरकारले यथाशीघ्र सम्बोधन गर्ने अवस्था रहन्छ र सो कार्यले कामदारहरूको अधिकार संरक्षणका लागि उपयुक्त र उत्कृष्ट कदमसमेत हुन जान्छ। त्यसैगरी गन्तव्य मुलुकहरूमा रहेका नेपालका कूटनीतिक नियोगले राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग सम्बन्ध विस्तार गरी सहयोग, समन्वय र सूचना आदानप्रदानका विषयमा पहल गर्न सके प्रभावकारी हुने देखिन्छ।

परिच्छेद : चार

प्राप्त तथ्यहरू, विश्लेषण र सिफारिसहरू

आयोगबाट आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणका लागि वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, अध्यागमन विभागमा गरिएको अनुगमन, वैदेशिक रोजगार व्यवसायी सङ्घका पदाधिकारीहरूसँगको भेटघाट तथा छलफल, पौरखी नेपाल संस्थाको पदाधिकारीहरूसँगको भेटघाट तथा छलफल, पीडितहरूसँगको भेटघाट तथा छलफल, विकासका साझेदारहरू अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन (Internation Organization of Migration, Nepal), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labor organization, Nepal) लगायतका सरोकारावाला सङ्घसंस्थाहरूसँग गरिएको परामर्श छलफल। प्रदेश नं १ र २ मा गरिएको प्रादेशिक सम्मेलन, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूसँगको छलफल, पूर्व राजदूतहरू, पूर्व सचिवहरूसँगको परामर्श छलफलबाट सुरक्षित वैदेशिक रोजगारका लागि नीतिगत सुधार गर्नुपर्ने विषयमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए। त्यसैगरी आयोगबाट अध्ययन तथा अनुसन्धान, अनुगमनबाट नियमित वार्षिकरूपमा तयार गरिने मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदनबाट पनि सुरक्षित वैदेशिक रोजगारका क्षेत्रमा नीतिगत तथा संरचनागत सुधारमा महत्वपूर्ण तथ्यहरू प्राप्त भएका छन्। यिनै प्राप्त तथ्यहरूमध्ये प्रमुख तथ्यहरूलाई तल प्रस्तुत गरिएको छ :

४.१ प्राप्त मुख्य तथ्यहरू

- गन्तव्य मुलुकमा अलपत्र र उपचार गराइरहका आप्रवासी नेपाली श्रमिकहरूको उद्धार तथा स्वदेश फिर्ती कार्यहरू पीडितका परिवारहरूको अपेक्षा र चाहनाअनुसार प्रभावकारी हुन नसकेको।
- वैदेशिक रोजगार ऐन २०६४ मा जबरजस्ती श्रम र बेचबिखनजन्य कसुर दण्डनीय हुने व्यवस्था समावेश नहुँदा यस्ता कार्यबाट आप्रवासी कामदारहरू पीडित हुनुपरेको।
- श्रमिक भर्ना गर्ने एजेन्सी (म्यानपावर एजेन्सी, स्वास्थ परीक्षण संस्था, अभिमुखीकरण संस्थाहरू) र एजेन्टका क्रियाकलापको प्रभावकारी अनुगमन र नियमन हुन नसकेको।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरूसँग गरिने दोहोरो करारको अन्त्य नभएको र राहदानी एवम् महत्वपूर्ण कागजात आफैसँग राख्न पाउने वातावरण नभएको।
- तोकिएभन्दा बढी शुल्क लिने कार्य रोक्न र रकम भुक्तानीको अनिवार्य रसिद दिलाउने कार्यलाई कार्यान्वन गराउन नसकिएको।
- वैदेशिक रोजगारबाट पीडित व्यक्ति र उनीहरूको परिवारहरूलाई राज्यबाट प्राप्त हुने सेवा तथा न्यायमा सहज पहुँच हुन नसकेको।
- आप्रवासी कामदारहरूले भोग्नुपरेका समस्याको अनुपातमा उजुरीको सङ्ख्या न्यून रहेको र उजुरी गर्ने सहज, सरल र पहुँचयुक्त वातावरण नरहेको।
- प्रस्थान पूर्वको अभिमुखीकरण प्रशिक्षण प्रभावकारी हुन नसकेको तथा वैदेशिक रोजगारमा जान चाहनेहरूका लागि सीपमूलक तालिम प्रदान गर्ने सन्दर्भमा राज्यका तालिम दिने संस्थाहरूबीच समन्वयको अभाव भएको।

- वैदेशिक रोजगारीको व्यवस्थापन र नियमन गर्ने कार्यालयहरूको क्षमता अभिवृद्धिको लागि स्रोत र साधनयुक्त बनाउनुपर्ने आवश्यकता देखिएको ।
- रोजगारीका लागि भारत जाने लाखौं नेपाली नागरिकहरूको संरक्षण र संवर्द्धनको विषयलाई वैदेशिक रोजगार ऐनले वा अन्य कुनै सरकारी दस्तावेजले सम्बोधन गर्न नसकेको ।
- आप्रवासी नेपाली कामदारहरू रहेका गन्तव्य मुलुकका नेपाली नियोगहरूमा आर्थिक, भौतिक र मानव संशाधनको अभाव भई प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको ।
- नेपाल सरकारले आप्रवासी नेपाली कामदारहरूबाट प्राप्त गर्ने विप्रेषण रकमका अनुपातमा उनीहरूको हक अधिकार संरक्षणमा बजेट विनियोजन तथा कार्यक्रमहरू तर्जुमा गरी लागू गर्न नसकेको ।
- आप्रवासी कामदारहरूको अधिकार संरक्षणका विषयमा गठन भएका उच्चस्तरीय विभिन्न समिति, कार्यदलहरूको सुझाव, सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूको कार्यान्वयनमा सरकारको जवाफदेहिता, उत्तरदायित्व र गम्भीरता न्यून रहेको ।
- आप्रवासी कामदार र उनीहरूका परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९९०, अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी अभिसन्धि १८९ नेपाल पक्ष राष्ट्र हुन नसकेको ।
- वैदेशिक रोजगारसम्बन्धी ठगी स्थानीय स्तरमा बढिरहेको पाइए पनि त्यसको कानुनी उपचारसहितको उजुरी सुन्ने स्थानीय संयन्त्रहरूको अभाव रहेको ।
- वैदेशिक रोजगारमा जाने नेपालीहरूले जग्गा राजिनामा पास गराई ऋण लिने र विदेशबाट फर्किसकेपश्चात् ऋण चुक्ता गर्न जाँदा जग्गाको मूल्य बढेको अवस्था भई जग्गासमेत फिर्ता नगरी दिने अवस्था पाइएको ।
- वैदेशिक रोजगारमा जाने परिवारका महिलाहरूले नकारात्मक समाजिक मूल्य चुकाउनुपरेको अवस्था रहेको पाइएको । आर्थिक रूपमा कृषि उत्पादनमा कमी, कृषि योग्य जमिनहरूको उपयोग न्यून रहेको, वृद्धवृद्धाहरूले पारिवारिक संरक्षण पाउन नसकेको ।
- नेपाल सरकारको हालसम्म ८ वटा गन्तव्य मुलुकहरूसँग मलेसिया सम्झौता भएको । सम्झौतामा विशेषगरी आप्रवासी कामदारहरूको संरक्षणको विषयहरू स्पष्टरूपमा समावेश हुन नसकेको ।
- सरकारले लागू गरेको फ्री टिकट फ्री भिसाको निर्णय भर्ना गर्ने निजी कम्पनीहरूले अति नै न्यून मात्रामा कार्यान्वयन गरेको ।
- नेपाल सरकारले घरेलु महिला कामदारहरूलाई वैदेशिक रोजगारमा जान प्रतिवन्ध लगाएको कारणले भ्रमण भिसामा घरेलु महिला कामदारहरू भारत हुँदै गन्तव्य मुलुकहरूमा जाने गरेको पाइएको । यसका कारण महिलाहरू श्रम शोषण, यौन शोषणमा पर्ने गरेको पाइएको ।
- वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण शुल्क गन्तव्य मुलुकअनुसार फरक फरक शुल्क भएकोले यस क्षेत्रमा निजी क्षेत्रको एकाधिकार रहेको ।
- गन्तव्य मुलुकबाट मृत्य भई ल्याइएका शवहरूमा अधिकांश प्राकृतिक मृत्यु भएको भन्ने गन्तव्य मुलुकका चिकित्सकका प्रतिवेदनहरू आउने गरेको पाइएको । नेपालमा पुनः शव परीक्षण गर्ने व्यवस्था सरकारबाट सुरुवात हुन नसकेको ।

- गन्तव्य मुलुकहरूमा देखिने स्वास्थ्य समस्याहरूको सम्बन्धमा रोजगारमा जाँदाका समयमा आप्रवासी नेपाली श्रमिकहरूको स्वदेशमा स्वास्थ्य परीक्षण गर्ने नगरिएको ।
- विभागमा रहेको उजुरीहरूमा गरिने कानुनी कारबाही, क्षतिपूर्ति, उद्धार तथा स्वदेश फिर्तीजस्ता विषयहरूमा गरिने सम्बोधन एवम् पीडितको हक अधिकार प्राप्त गर्नेतर्फ उजुरी फछ्यौंटको सङ्ख्या न्यून रहेको ।
- गन्तव्य मुलुकमा कानुनी समस्यामा परेका आप्रवासी नेपाली कामदारहरूलाई कानुनी प्रतिनिधित्वका लागि सरकारबाट सहयोग गरिने व्यवस्था गरिएको । मागपत्र प्रमाणीकरण गर्ने कार्यको अधिकार कामदार माग गरिएको देशमा रहेको नेपाली दूतावासलाई अधिकार दिइएको ।
- भारतमा रहेका नेपाली कामदारहरूले सीमानाकामा विभिन्न समस्या भोग्नुपरेको । यस्ता प्रकारका समस्या समाधानमा राष्ट्रियस्तरमा मलेसिया छलफल तथा प्रयासहरू प्रभावकारी रूपमा हुन नसकेको ।
- वैदेशिक रोजगारको नाममा भारत हुँदै अन्य खाडी तथा युरोपका मुलुकहरूमा मानव बेचबिखन र तस्करीजस्ता कार्यहरू भइरहेको ।
- कामदारमैत्री व्यवस्थाहरू, वैदेशिक रोजगारलाई व्यवस्थापन गर्नका लागि सरकारबाट विभिन्न कार्यविधि, निर्देशिकाहरू लागू गरी कार्यान्वयनमा आएको ।
- वैदेशिक रोजगारमा गई बेपत्ता भई हालसम्मको अवस्थाका बारेमा जानकारी प्राप्त हुन नसकेका घटनाहरूमा सरकारबाट पर्याप्त कूटनीतिक पहल हुन नसकेको ।

४.२ विश्लेषण

नेपाल सरकारबाट सुरक्षित वैदेशिक रोजगारका लागि वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली २०६४ को संशोधन भई विभिन्न कार्यविधि, निर्देशिकाहरू लागू गरेको पाइन्छ । संशोधित नियमावली र निर्देशिकाहरूबाट वैदेशिक रोजगारमा कानुनी समस्यामा परेको लेखबद्ध आप्रवासी नेपाली कामदारहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट नेपालमा शव ल्याउनका लागि सहजीकरण गर्ने, मृतकका परिवारहरूलाई राहत तथा बालबालिकालाई शिक्षा प्रदान गर्ने कार्यमा सहयोग गर्नेलगायतका कार्यहरू भइरहेको छ ।

वैदेशिक रोजगारले उत्पत्ति मुलुकको विकासका साथै गन्तव्य मुलुकको विकास र समृद्धिमा टेवा पुगेका तथ्यहरू नेपालले प्राप्त गरेको विप्रेषणको प्रतिशत र गन्तव्य मुलुकहरूले गरेको विकासलाई लिन सकिन्छ । गन्तव्य मुलुकमा प्राप्त गरेको सीप र दक्षता स्वदेशमै आई विभिन्न उद्यमहरू गरी उद्यमीको रूपमा स्थापित भएका उदाहरणहरू पनि रहेको पाइन्छ । नेपाल सरकार श्रम, रोजगार तथा समाजिक मन्त्रालयबाट प्रकाशित प्रतिवेदनका तथ्यहरूमा समेत बहुसङ्ख्यक (७४ प्रतिशत) आप्रवासी नेपाली श्रमिकहरू अदक्ष कामदारहरूका रूपमा गन्तव्य मुलुकमा वैदेशिक रोजगारीका लागि गएको देखिन्छ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट दिइएको सीप विकास तालिमको सङ्ख्या, अन्य तालिम दिने निकायहरूले दिएको तालिमको सङ्ख्या र विभिन्न निजी कम्पनीहरूले दिएको तालिमहरू भए तापनि अदक्ष कामदारहरू जाने सङ्ख्यामा कमी भएको तथ्याङ्कहरूबाट देखिँदैन । वैदेशिक रोजगारका ठगीका मुद्दाहरू वैदेशिक रोजगार विभागमा दर्ता हुने र सो मुद्दामा पीडितले समयमै उपचार प्राप्त गर्न सक्ने अवस्थासमेत नदेखिनुका साथै मुद्दा फछ्यौंटको सङ्ख्या न्यून रहेको छ । वैदेशिक रोजगारमा अलपत्र तथा समस्यामा परेका कामदारहरूको समयमै उद्धार तथा स्वदेश फिर्तीको काम कन्सुलर सेवा विभागबाट भए तापनि पर्याप्त कूटनीतिक पहल भई उक्त कार्यलाई प्रभावकारी बनाउन सकिएको अवस्था देखिँदैन । तत्कालीन संसदको अन्तर्राष्ट्रिय श्रम सम्बन्ध

समितिको निर्देशनअनुसार नेपाल सरकारले खाडी मुलुकमा घरेलु कामदारको रूपमा जाने महिलाहरूलाई बन्देज लगाइएको छ । यसकारणले नेपालबाट भारत हुँदै घरेलु कामदारका रूपमा जाने महिलाहरूले भारतको बाटो हुँदै भ्रमण भिसा प्रयोग गरी विदेश जाने र गन्तव्य मुलुकमा अलपत्र तथा शोषणमा पर्ने, बाटोमा पर्ने मुलुकहरू र गन्तव्य मुलुककै अध्यागमन कार्यालयबाट नेपाल फिर्ता गराइने घटनाहरू भइरहेको पाइएको छ । नेपाल सरकारबाट हालका प्रयासहरू सकारात्मक देखिएको छ भने प्रयासहरूको परिणाम र सो परिणामबाट वैदेशिक रोजगारमा जानेहरू र पीडित भएर फर्किनेहरूले प्रत्यक्ष अनुभूत गर्ने वातावरण भने सुरक्षित वैदेशिक रोजगारमा भएको प्रगतिले नै देखाउने छ । वैदेशिक रोजगारको विषय कुनै एक मन्त्रालयको मात्र नभई विभिन्न मन्त्रालयहरूसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन् । त्यसैले अन्तरमन्त्रालय समन्वय र अन्तरविभागीय समन्वयको अभाव नै रहेको छ । यसतर्फ नेपाल सरकारले विशेष ध्यान दिई प्रणालीगत समन्वयको व्यवस्था गर्न अति नै जरुरी रहेको देखिन्छ

४.३ नेपाल सरकारलाई गरिएका सिफारिसहरू

आयोगबाट सुरक्षित वैदेशिक रोजगार तथा आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि प्रादेशिक सम्मेलन, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूसँगको छलफल, पूर्व राजदूतहरू, पूर्व सचिवहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू तथा वैदेशिक रोजगार कम्पनीका सङ्घका प्रतिनिधिहरूसँगको परामर्श छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिएको थियो । त्यसैगरी अध्यागमन विभाग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, वैदेशिक रोजगार विभागसमेतको अनुगमन कार्य सम्पन्न गरिएको थियो । आयोगका माननीय सदस्यहरूको सीमानाकाहरूको अनुगमन, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट सम्पन्न गरिएको अन्तरक्रिया तथा परामर्श छलफलहरूसमेतबाट महत्वपूर्ण तथ्यहरू एवम् सुझावहरू आयोगलाई प्राप्त भएको थियो । यिनै प्रयासहरूबाट प्राप्त प्रमुख सम्बद्ध तथ्यहरूको आधारमा आयोगबाट मिति **२०७५ वैशाख २६ गते १६ बुँदाअन्तर्गत रही नीतिगत सुधारका लागि नेपाल सरकारलाई सिफारिस गरिएको थियो ।** आयोगबाट वार्षिक रूपमा अध्ययन तथा अनुसन्धान, अनुगमनबाट तयार गरिने मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदनबाट पनि सुरक्षित वैदेशिक रोजगारका क्षेत्रमा नीतिगत तथा संरचनागत सुधारका लागि आ.व. २०७३/२०७४ र आ.व. २०७४/२०७५ बाट प्राप्त तथ्यहरूका आधारमा नेपाल सरकारलाई सिफारिस कार्यान्वयनका लागि **मिति २०७५ साल भाद्र २२ गते** सिफारिस गरिएको थियो । आ.व. २०७१/२०७२ र २०७२/२०७३ को मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनबाट प्राप्त तथ्यहरूका आधारमा सुरक्षित वैदेशिक रोजगारका लागि **मिति २०७३ साल असार २९ गते सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाइएको छ ।** उल्लिखित सिफारिसहरू प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट सम्बन्धित मन्त्रालयहरू र सम्बन्धित मन्त्रालयहरूबाट मातहतका विभागहरूलाई कार्यान्वयनका लागि समेत निर्देशनसहित पत्र पठाइएको लिखित जानकारी आयोगलाई प्राप्त भएको छ । नेपाल सरकारलाई आयोगबाट सुरक्षित आप्रवासनका लागि गरिएको सिफारिसहरू देहायबमोजिम रहेका छन् :

(क) नेपाल सरकारलाई मिति २०७५ वैशाख २६ गते सुरक्षित आप्रवासनका लागि गरिएको १६ बुँदाअन्तर्गतका सिफारिस विवरणहरू :

१. अलपत्र, उपचार गराइरहका आप्रवासी नेपाली श्रमिकहरूको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धमा

- वैदेशिक रोजगारका क्रममा गन्तव्य मुलुकमा अलपत्र परेका सबै प्रकारका आप्रवासी

नेपाली श्रमिकहरूको सुरक्षित रूपमा तत्काल उद्धार गरी स्वदेश फिर्तीको व्यवस्था मिलाउन ।

- गन्तव्य मुलुकमा उपचार गराइरहका आप्रवासी नेपाली श्रमिकहरूको गन्तव्य मुलकमै पर्याप्त स्वास्थोपचारको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा स्वास्थोपचार सम्भव नभएको अवस्थामा सुरक्षित रूपमा स्वदेश फिर्तीको व्यवस्था मिलाई नेपालमा प्रभावकारी स्वास्थोपचारको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा लामो समयसम्म बिहोस (Quoma) भई उपचार गराइरहका आप्रवासी नेपाली श्रमिकहरूलाई स्वदेश वा विदेशमा पर्याप्त उपचारको व्यवस्था मिलाउन ।
- गन्तव्य मुलुकमा मृत्यु भएका आप्रवासी नेपाली श्रमिकहरूको शव ल्याउने प्रक्रियालाई द्रुत प्रक्रियाबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाउन ।

२. कानुन संशोधन सम्बन्धमा

- वैदेशिक रोजगारको क्रममा हुने मानव बेचबिखन तथा ओसारपसार तथा सबै प्रकारका शोषणजस्ता फौजदारी प्रकृतिका घटनाहरूलाई दण्डनीय कसुर बनाई त्यस्ता घटनाहरूको छानबिन र अनुसन्धानको अधिकार स्थानीय प्रहरीको हुने गरी वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन गर्ने ।
- "श्रम शोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसार" लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गरी मानव बेचबिखनको परिभाषाभित्र समावेश गर्ने ।
- एजेन्टहरूबाट ललाईफकाई झुक्यानमा पारी वैदेशिक रोजगारीमा पठाई समस्या वा ज्यादतीमा परेका आप्रवासी श्रमिकहरूलाई राज्यका तर्फबाट संरक्षण र पर्याप्त सहयोग प्रदान गरिने व्यवस्था समावेश गरी वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गर्ने ।
- वैदेशिक रोजगार ऐन, अध्यागमन ऐन, राहदानी ऐनलगायतका कानुनहरू, नियमावली र निर्देशिकाहरूमा विश्वव्यापी रूपमा आत्मसात् गरिएको आप्रवासी श्रमिकका अधिकारहरूको संरक्षण र संवर्द्धन हुने व्यवस्थाहरू समावेश गर्ने ।
- वैदेशिक रोजगार व्यावसायी वा त्यस व्यावसायमा संलग्न व्यक्ति वा एजेन्टको कारणबाट कुनै व्यक्तिका नाउँमा गलत कागजात तयार गरी झुक्यान वा ठगीमा पारी गन्तव्य मुलुक वा बाटोमा पर्ने मुलुकको अध्यागमन निकायबाट सो कुरा पत्ता लागी स्वेदश फर्किआएको वा फर्काइएको अवस्था भएमा त्यसरी फर्किआएको पीडित पुनः पीडित हुनुपर्ने कानुनी व्यवस्थामा संशोधन गर्ने ।

३. श्रमिक भर्ना गर्ने एजेन्सी र एजेन्टका क्रियाकलाप अनुगमन र नियमन गर्ने

- वैदेशिक रोजगार कम्पनी, वैदेशिक रोजगारीका लागि स्वास्थ्य परीक्षण गर्ने संस्था, अभिमुखीकरण तालिम प्रदान गर्ने कम्पनी र एजेन्टहरूका क्रियाकलपाहरूको अनुगमन र नियमन प्रभावकारी बनाई सेवाग्राहीहरूलाई अनुभूत हुने अवस्थाको सिर्जना गर्ने र त्यसका लागि सम्बन्धित मानव संशाधन र आवश्यक स्रोतको पर्याप्त व्यवस्था मिलाउन ।
- कतिपय वैदेशिक रोजगार व्यवसायीबाट आप्रवासी श्रमिकउपर जालसाजी गर्ने, ठगी गर्ने, शोषण गर्ने, जबरजस्ती श्रममा लगाउने एवम् वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन तथा ओसारपसारमा लगाउनेजस्ता कार्य हुने गरेको पाइएको सन्दर्भमा त्यस्तो कार्य तत्काल रोकी आप्रवासी श्रमिकहरूको मानव अधिकारको उच्चतम सम्मान गरिने

अवस्थाको सुनिश्चितता गर्न ।

- कानुनले दण्डनीय भनी व्यवस्था गरेका कसुर गर्ने व्यक्ति वा संस्थालाई कानुनबमोजिम सजाय गरी दण्डहीनताको अन्त्य हुने अवस्थाको सुनिश्चित गर्न ।
- वैदेशिक रोजगारसँग जोडिएका फौजदारी प्रकृतिका कसुरका घटनामा संलग्न कुनै पनि व्यक्ति वा संस्थालाई कुनै पनि चाहना र बाहनामा पीडितसँग मिलापत्र वा मध्यस्थता गराउन बाध्य पार्ने किसिमको कुनै पनि कार्य नगर्न र नगराउन ।
- वैदेशिक रोजगारीका क्रममा वा त्यसको नाममा गन्तव्य मुलुकमा हुने जबरजस्ती श्रममा लगाउने कार्य भएको अवस्थामा त्यसरी वैदेशिक रोजगारमा पठाउने कम्पनी वा व्यक्तिलाई जिम्मेवार बनाई कानुनी कारबाही गर्न र जबर्जस्ती श्रममा रहेको व्यक्तिलाई निजको अविलम्ब सुरक्षित रूपमा उद्धार गरी स्वदेश फिर्तीको व्यस्वस्था तत्काल मिलाउन ।

४. महिला आप्रवासीउपरको विभेद अन्त्य र विशेष संरक्षणको व्यवस्था गर्ने

- वैदेशिक रोजगारमा जान चाहने सक्षम र इच्छुक महिलाहरूका लागि गन्तव्य मुलुकमा प्रवेश गर्नुभन्दा पहिले अनिवार्य रूपमा विशेष प्रकारको अभिमुखीकरण (सीप विकास, व्यक्तिगत सुरक्षा, भाषा, संस्कृति, वातावरण, स्थानीय कानुनी व्यवस्था र उपचारप्राप्त गर्ने निकायको जानकारी लगायतका विषयहरूमा दक्ष बनाई) कार्यक्रम सञ्चालन गर्न ।
- वैदेशिक रोजगारमा जान सक्षम र इच्छुक महिलाहरूको वैदेशिक रोजगार प्रक्रियामा कायम रहेको प्रतिबन्ध र व्यवहारहरूको अन्त्य गर्न ।
- वैदेशिक रोजगारमा जाने महिला श्रमिकहरूको आप्रवासन एवम् व्यक्तिगत स्वतन्त्रतासम्बन्धी अधिकारको सम्मान गर्दै त्यस्ता व्यक्तिहरूलाई ललाईफकाई वा झुक्यानमा पारी, लेखबद्ध गरी वा नगरी वैदेशिक रोजगारमा पठाइएको गन्तव्य मुलुक वा बाटोमा पर्ने मुलुकमा उनीहरूउपर हुन सक्ने विभेद, हिंसा, शोषण, जबर्जस्ती श्रम, बेचबिखन, ओसारपसार र मानव तस्करीजस्ता जोखिमयुक्त घटनाहरूबाट बचाउन विशेष व्यवस्था मिलाउन ।

५. दोहोरो करारको अन्त्य गरी राहदानीसहितका महत्वपूर्ण कागजातहरू आफैंसँग राख्ने व्यवस्था मिलाउन

- आप्रवासी श्रमिकहरूलाई देशभित्र वा गन्तव्य मुलुकमा दोहोरो सम्झौतापत्र वा करार गराउने अभ्यासको अन्त्य गरी त्यस्तो कार्य कुनै पनि अवस्थामा नहुनेसहितको दण्डनीय व्यवस्था गर्न ।
- करारपत्र, भिसालगायत वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रकारका कागजातहरू उडान तालिका निश्चित भएको मितिले कम्तीमा सात दिनअगावै श्रमिकको हातमा पर्ने सुनिश्चित गर्न र ती सबै कागजात श्रमिक आफैंले राख्न पाउने व्यवस्था मिलाउन ।

६. तोकिए भन्दा बढी शुल्क लिन रोक्ने र रकम भुक्तानीको अनिवार्य रसिद दिलाउने

- 'Employer Pays' Principle वा नेपालले कार्यान्वयनको प्रतिवद्धता गरेको ढाका सिद्धान्तअनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकले कुनै शुल्क तिर्नु नपर्ने 'शून्य लागत' सिद्धान्त व्यवहारमा लागू गर्न आवश्यक व्यवस्था गर्ने ।
- "निःशुल्क भिसा, निःशुल्क टिकट" सम्बन्धी नीतिको व्यावहारिक र प्रभावकारी कार्यान्वयन गर्न र सो नीतिविपरीत श्रमिक भर्ना गर्दा नेपाल सरकारले तोकेकोभन्दा बढी रकम लिने व्यवसायीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न ।

- श्रमिकहरूको स्वास्थ्य परीक्षणको सेवा सर्वसुलभ बनाई यसबापत उनीहरूमाथि परिरहेको खर्चको भार घटाउन आवश्यक गृहकार्य गरी उचित व्यवस्था गर्ने ।
- श्रमिकले व्यवसायीलाई तिर्ने शुल्कमा पारदर्शिता कायम गर्ने र रकम भुक्तानीबापत अनिवार्य रसिद दिनुपर्ने नियम प्रभावकारी रूपमा कार्यान्वयन गराउने ।
- आप्रवासी श्रमिकले व्यवसायीलाई तिर्ने शुल्क बैङ्किङ प्रणालीमार्फत भुक्तानी गर्ने व्यवस्था अनिवार्य रूपमा लागू गर्न ।

७. राज्यका सेवा तथा न्यायमा पहुँच सहज बनाउने

- काठमाडौँमा केन्द्रीकृत रूपमा रहेको वैदेशिक रोजागारीको व्यवस्थापन तथा नियमन, राहत तथा क्षतिपूर्ति र न्याय निरूपणको अधिकारप्राप्त निकायका सेवाहरूको सङ्घीय संरचनाअनुरूप स्थानीयकरण गरी श्रमिकहरूको पहुँच सहज बनाउने ।

८. सुरक्षित आप्रवासनसम्बन्धी जानकारी प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाउने

- वैदेशिक रोजगारीका क्रममा पर्न सक्ने समस्या वा समस्यामा परेमा नेपाल सरकार (विदेशस्थित नेपाली दूतावास वा श्रम सहचारीसमेत) बाट प्राप्त हुने सहयोग, उजुरी संयन्त्र एवम् त्यसको प्रक्रिया, क्षतिपूर्ति, कल्याणकारी कोषलगायत श्रमिकलाई उपलब्ध हुने सहयोग र सहायताका बारेमा जानकारी प्रदान गर्न सञ्चालित कार्यक्रमलाई थप व्यावहारिक र प्रभावकारी बनाई हरेक आप्रवासी श्रमिक र तिनका परिवारले सुरक्षित आप्रवासनसम्बन्धी जानकारी र सूचना पाउने सुनिश्चित गर्ने ।
- बैदेशिक रोजगारीमा जानका लागि आवश्यक सूचना तथा जानकारीहरू स्थानीय तहमै स्थानीय भाषामा प्रकाशन तथा प्रसारण गरी पर्याप्त सूचनाहरू प्रभावकारी रूपमा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

९. प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई प्रभावकारी बनाउने

- प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई पर्याप्त एवम् व्यावहारिक र प्रभावकारी बनाउने । त्यस्तो प्रशिक्षणमा श्रमिकका अधिकार र सुरक्षित आप्रवासनका व्यावहारिक विषयवस्तु समावेश गर्ने ।
- वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई प्रस्थानपूर्व नै निज जान चाहेको विषयमा पर्याप्त सीप विकास तालिम प्रदान गरी योग्य तथा दक्ष बनाई सीप परीक्षण गरी पठाउने प्रभावकारी व्यवस्था कार्यान्वयन गर्ने ।

१०. सीपमूलक तालिमका लागि राष्ट्रिय निकायहरूलाई सक्रिय गराउने

- वैदेशिक रोजागारीमा जाने विकल्प रोज्नेहरूलाई जुन कामका लागि जान लागेको हो त्यस कामका विषयमा आधारभूत जानकारीहरूसहित पर्याप्त सीप विकास तालिम दिएर वा सीप जाँच गरेर (Skill Test) मात्र पठाउन सहज वातावरण मिलाउने र त्यसका लागि प्राविधिक शिक्षा वा सीपमूलक तालिम प्रदान गर्न गठित सरकारी निकायहरूमार्फत प्रभावकारी रूपमा तालिम दिने व्यवस्था मिलाउने ।

११. वैदेशिक रोजगारीको व्यवस्थापन र नियमन गर्ने कार्यालयहरूको क्षमता अभिवृद्धि गर्ने

- वैदेशिक रोजगारका लागि गमन प्रक्रियाको व्यवस्थापन तथा नियमन गर्ने र न्याय

सम्पादन गर्ने निकायहरूलाई प्रभावकारी कार्यसम्पादनमा व्यवधान नहुने गरी पर्याप्त स्रोतसाधन उपलब्ध गराउने र कार्यगत क्षमता अभिवृद्धि गर्ने ।

- ती निकायमा कार्यरत कर्मचारीहरूलाई श्रमिक अधिकार, मानव अधिकार तथा श्रमिकमैत्री व्यवहारका बारेमा अनिवार्य प्रशिक्षण दिने व्यवस्था मिलाउने ।
- सम्बद्ध कार्यालयमा कार्यरत पदाधिकारी र कर्मचारीहरूबाट बेलाबखतमा भएका भनिएका भ्रष्टाचारजन्य (सुशासनविरुद्धका) घटनाहरू दोहोरिन नदिन प्रभावकारी उपाय अवलम्बन गर्ने ।

१२. निर्णायक तहमा श्रमिकको प्रतिनिधित्व गराउने एवम् मतदान प्रक्रियामा सहभागी गराउने

- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलगायत प्रभावित र पीडितहरूलाई सहयोग वा क्षतिपूर्ति प्रदान गर्ने सरकारी संयन्त्रका निर्णायक तहमा आप्रवासी महिला श्रमिकहरूसहितको अर्थपूर्ण प्रतिनिधित्व अनिवार्य रूपमा गराउने व्यवस्था मिलाउने ।
- आप्रवासी नेपाली श्रमिकहरूको मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने ।

१३. रोजगारीका लागि भारत जानेहरूलाई वैदेशिक रोजगार ऐनले समेट्ने व्यवस्था गर्ने

- भारतमा रोजगारीका लागि जाने नेपालीहरूलाई उनीहरूको संरक्षणका लागि वैदेशिक रोजगार ऐन, २०६४ मा आवश्यक व्यवस्था गर्ने ।
- रोजगारीको लागि भारत जाने आउनेहरूको व्यवस्थित तवरले अभिलेख राख्नको लागि नियमित सीमानाकाहरूमा रहेका नेपाल सरकारका निकायहरूलाई सक्रिय गराउने उनीहरूको श्रम तथा मानव अधिकार संरक्षणका लागि विशेष व्यवस्था गर्ने ।
- नेपाल-भारत सीमाका हरेक नाकाबाट रोजगारका लागि भारत जाने नेपाली नागरिकहरूको अनिवार्य रूपमा अभिलेख राखी सम्बन्धित स्थानीय तहमा हरेक महिना त्यसको जानकारी अभिलेख गरी पठाउने व्यवस्था मिलाउन ।

१४ गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम-सम्झौता गर्ने र विदेशस्थित नेपाली नियोगको भूमिका प्रभावकारी बनाउने

- नेपाली आप्रवासी श्रमिकहरूको हित र अधिकारको उच्चतम सम्मान हुने प्रावधानहरू स्पष्टसँग उल्लेख गरी गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम-सम्झौता गर्ने ।
- विदेशस्थित रोजगारदाताबाट आउने श्रमिकको मागपत्र (Labour Demand Letter) को प्रमाणीकरण (Attestation) सम्बन्धित देशमा रहेका नेपाली कूटनीतिक नियोगबाट गर्ने अनिवार्य व्यवस्था मिलाउने र सम्बन्धित देशका कुन कुन कम्पनी वा निकायमा कति सङ्ख्यामा कार्यरत तथ्याङ्क विवरण तथा अभिलेख दूतावासमा राख्ने व्यवस्था मिलाउने ।
- सम्बन्धित मुलुकमा कार्यरत रहँदा उनीहरूमाथि पर्न सक्ने समस्या समाधानका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोग, श्रम सहचारी तथा नेपाल सरकारका संयन्त्रहरूले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने वातावरण मिलाउने ।
- वैदेशिक रोजागारमा जाने आप्रवासी श्रमिकले जति सक्दो छिटो (वर्षमा कम्तीमा एकपटक) स्वदेश फर्किन पाउने अवस्था निर्माणका लागि आवश्यक पहल गर्ने ।
- गन्तव्य मुलुकमा रहने वा स्थापना गरिने सुरक्षित अवास गृह, आवधिक गृहहरूमा दक्ष

मनोविज्ञसमेतको जनशक्तिसहित क्षमता सुदृढीकरण गर्ने र स्रोतसाधन पर्याप्त उपलब्ध गराउने ।

- गन्तव्य मुलुकमा ज्यादतीमा परेकाहरूलाई कानुनी सहायतासहित आपत्कालीन उद्धार वा सुरक्षित आवासलगायतका सुविधाहरूको व्यवस्था गर्ने ।
- नेपाली आप्रवासी श्रमिकहरू रहेका गन्तव्य मुलुकहरूमा कूटनीतिक नियोगहरूको स्थापना तथा विस्तार गर्ने ।
- गन्तव्य मुलुकहरूमा रहेका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग आप्रवासी नेपाली श्रमिकहरूका अधिकार संरक्षणका लागि सम्बन्ध विस्तार गरी कार्य गर्ने र सो कार्यको लागि राष्ट्रिय मानव अधिकार आयोग नेपालसँग प्रभावकारी समन्वय गर्ने ।

१५. सुझाव र फैसला कार्यान्वयन गर्ने

- आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण र वैदेशिक रोजगारीको प्रभावकारी व्यवस्थापनका निम्ति विभिन्न कार्यदल, अनुसन्धान टोली र राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन गर्ने ।

- वैदेशिक रोजगारसँग सम्बन्धित विषयमा अदालत एवम् वैदेशिक रोजगार न्यायाधीकरणबाट भएका फैसला र आदेशहरू कार्यान्वयन गर्ने ।

१६. अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गर्ने

- सबै आप्रवासी श्रमिकहरू तथा तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९०,
- अन्तर देशीय सङ्गठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको परिपूरक आलेखका रूपमा तयार गरिएको मानव बेचबिखन (विशेष गरी महिला तथा बालबालिकाहरूको) रोकथाम, नियन्त्रण तथा सजायसम्बन्धी आलेख (प्रोटोकल) २०००,
- घरेलु श्रमिकहरूको हकहित र अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धि २०११ (नं. १८९) ।

(ख) राष्ट्रिय मानव अधिकार आयोगबाट अध्ययन तथा अनुसन्धान, अनुगमनबाट तयार पारिएको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन आ.व. २०७३/२०७४ र आ.व. २०७४/२०७५ बाट प्राप्त तथ्यहरूको आधारमा सुरक्षित वैदेशिक रोजगारका लागि नेपाल सरकारलाई सिफारिस कार्यान्वयनका लागि **मिति २०७५ भाद्र २२ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको छ ।** सिफारिसको विवरण तल प्रस्तुत गरिएको छ :

- आर्थिक र समाजिक शशक्तिकरणका कार्यक्रमहरूलाई गरिबी निवारण, महिला बालबालिका, दलित तथा जनजाति समुदायहरू र पिछडिएका समूहहरूलाई लक्षित गरी कार्यक्रम नियमित गर्ने र सुदृढीकरण गर्न ।
- विपद्को अवस्थामा हुने मानव बेचबिखनको समस्याको संवेदनशीलतालाई सम्बोधन गर्नका लागि मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, चौथो पञ्च वर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना, आवधिक योजनाहरू र अन्य कार्ययोजनामा पीडितको अधिकार संरक्षणमा केन्द्रित रही नदोहोरिने दृष्टिकोणबाट पुनरावलोकन गरी समावेश गर्ने ।

- मानव बेचबिखनमा परेका पीडितहरूको उद्धार तथा स्वदेश फिर्ताको आवश्यकताको पहिचान गर्ने, नेपालबाहिरबाट उद्धार र स्वदेश फिर्ता गर्न र स्वदेशभित्रै उद्धार गर्नका लागि प्रत्यक्ष सम्बन्धित मन्त्रालय, कार्यालयहरू र आवश्यकताअनुसार गैरसरकारी संस्थाको सहभागिता रहने गरी द्रुत तथा स्वचालित प्रणालीको स्थापना गर्न ।
- देशबाहिर बेचबिखनमा परेका प्रभावितहरूलाई कानुनविपरीत कार्य गरेको आधारमा सजाय दिन नहुने व्यवस्थाको सुनिश्चित गर्न । सुरक्षितरूपमा स्वदेश फिर्ता गर्नका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, राष्ट्रिय मानव अधिकार संस्था, नेपाल प्रहरी र मानव बेचबिखन विरुद्धको राष्ट्रिय समितिसहितको समन्वयमा गर्न ।
- नेपाल सरकारद्वारा खाडी मुलुकमा घरेलु कामदारहरूका लागि लगाइएको उमेर हदका कारण भारत हुँदै अलेखबद्ध रूपमा भ्रमण भिसामा गन्तव्य मुलुकबाट जाने कार्यहरूमा वृद्धि भएकाले सो कार्यलाई निरुत्साहित गर्नका लागि नेपाल सरकारले महिलाहरूका लागि लगाइएको उमेर हद हटाई वैदेशिक रोजगार प्रक्रियालाई प्रभावकारी नियमन गर्न ।
- गन्तव्य मुलुकबाट स्वदेश फर्किएका, अध्यागमनबाट फिर्ता पठाइएका, उद्धार भई स्वदेश फिर्ता आएका र परिवारसँग पुनःएकीकरण भएका, सीप प्राप्त गरी नेपाल फर्केकाहरूको प्रणालीगत अभिलेखीकरण गर्ने व्यवस्था मिलाउन ।
- मानव बेचबिखन खासगरी महिला तथा बालबालिका ओसारपसारको नियन्त्रण, दवाउने तथा सजायसम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठित अपराधविरुद्धको महासन्धिको परिपूरक आलेख २००० (पालेर्मो आलेख) लाई अविलम्ब अनुमोदन गर्न हुन । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ लाई पालेर्मो आलेखअनुरूप हुने गरी संशोधन गर्ने ।
- मानव बेचबिखनबाट प्रभावितहरूलाई एवम् वैदेशिक रोजगारका पीडितहरूको न्यायमा पहुँचका लागि प्रभावकारी व्यवस्था मिलाउन, सम्बद्ध निकायहरूको सेवा र दक्षता बढाउन, पीडितहरूको विश्वासमा वृद्धि गर्न, दोषीलाई विनाढिलाइ कारबाही गर्ने कार्यको प्रभावकारी रूपमा सुनिश्चितता गर्नका लागि आवश्यक व्यवस्था गर्न ।
- तोकिएको शुल्कभन्दा बढी शुल्क लिने, गैरकानुनी रूपमा विदेश पठाउनका लागि भर्ना गर्ने कम्पनी (Manpower Agency), एजेन्टहरू, गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिने स्वास्थ्य संस्थाहरूलाई कानुनी दायरामा ल्याउन ।
- न्यायिक निकाय, कानुन कार्यान्वयन निकायहरू, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश मुख्य न्यायाधिवक्ता, जिल्ला नयायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, मानव बेचबिखनविरुद्धका समितिहरू, वैदेशिक रोजगार विभाग, अध्यागमन विभाग तथा तीअन्तर्गतका कार्यालयहरूमा रहेका तथ्याङ्कहरूको एकीकृत प्रणाली स्थापना गर्न ।
- मानव बेचबिखन रोकथाम तथा नियन्त्रणका सम्बन्धमा महिला तथा बालबालिका सेवा केन्द्र, अध्यागमन अधिकारीहरू, न्याय सम्पादन गर्ने कार्यमा संलग्न हुने अधिकारीहरू र अन्य सरोकारवालाहरूलाई लक्षित गरी क्षमता विस्तार तालिम कार्यक्रमहरूको योजना वनाई कार्यान्वयन गर्न ।
- स्थानीय सरकार, प्रादेशिक सरकार र सङ्घीय सरकारबीच मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी समन्वय प्रणाली स्थापना गर्न ।
- नेपालको वैदेशिक रोजगारीको गन्तव्य मुलुकहरूसँग सहयोग र समन्वयका लागि प्रभावकारी मलेसिया कूटनीतिक सम्बन्ध स्थापित तथा सुदृढीकरण गर्न ।

- गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग आप्रवासी नेपाली कामदारहरूको मानव अधिकार संरक्षणका लागि मलेसिया संयन्त्रको स्थापना गर्न आवश्यक सहयोग र सहजीकरण गर्न ।

(ग) नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय आ.व. २०७१/२०७२ र २०७२/२०७३ को मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनबाट प्राप्त तथ्यहरूका आधारमा सुरक्षित वैदेशिक रोजगारका लागि **मिति २०७३ साल असार २९ गते सिफारिस कार्यान्वयनको लागि नेपाल सरकारलाई लेखी पठाइएको छ ।** सिफारिससम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ :

- श्रम बैङ्कलाई विप्रेषण सङ्कलन गरी उत्पादकत्व क्षेत्रमा लगानी गर्ने प्रणालीको रूपमा स्थापित गरी सञ्चालनमा ल्याउनुपर्ने ।
- अन्तरदेशीय सङ्गठित अपराधविरुद्धको महासन्धिको मानव बेचबिखन रोक्ने दबाउने तथा सजाय गर्नेसम्बन्धी आलेख (पालेर्मो आलेख) २००० तथा आप्रवासी कामदार तथा तिनका परिवारहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि १९९० को अनुमोदन गर्ने ।
- मानव बेचबिखनबाट प्रभावित र वैदेशिक रोजगारमा जाने बढी सङ्ख्या भएका जिल्लाहरूमा समुदायका व्यक्तिहरूलाई मानव बेचबिखनविरुद्ध र सुरक्षित आप्रवासनको विषयमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- सुरक्षित आप्रवासनसम्बन्धी सूचना बुथलाई जिल्ला प्रशासन कार्यालय र स्थानीयस्तरसम्म विस्तार र सुदृढीकरण गर्ने ।
- मानव बेचबिखन रोकथाम र सुरक्षित आप्रवासन जानकारीहरू छापा, विद्युतीय सञ्चार माध्यमहरूबाट विशेष गरी स्थानीय भाषामा स्थानीय सञ्चारमाध्यमबाट नियमित रूपमा प्रभावकारी ढङ्गले प्रचार-प्रसार गर्ने गराउने ।
- गन्तव्य मुलुकहरूसँग द्रुत सम्बोधन पद्धतिको लागि द्विपक्षीय सम्झौताका प्रयासहरूको थालनी एवम् उद्धार र स्वदेश फिर्तीको प्रक्रियामा हुने ढिलाइ न्यूनीकरण गर्ने ।
- नेपाली कूटनैतिक नियोगलाई विनियोजन गरिने उद्धार कोष, गैरसरकारी संस्थालाई दिइने र पुनर्स्थापना कोषलाई वृद्धि गर्नुपर्ने ।
- मानव बेचबिखन विशेष गरी वैदेशिक रोजगारका क्रममा हुने मानव बेचबिखनका पीडितहरूलाई समयमै प्रभावकारी रूपमा उद्धार तथा स्वदेश फिर्ती कार्य गर्नका लागि परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागलाई विशेष एकाइको रूपमा सुदृढीकरण (पूर्वाधार सुविधा, दक्ष मानव संशाधन र स्रोत) को व्यवस्था गर्नुपर्ने ।
- नेपालको कूटनैतिक नियोगहरूलाई आप्रवासनसम्बन्धी समस्या समाधानार्थ बजेट तथा स्रोतमा वृद्धि गर्नुपर्ने र आप्रवासी कामदारहरूको मागको प्रमाणीकरणको व्यवस्था प्रमुख गन्तव्य राष्ट्रहरूमा विस्तार गर्नुपर्ने ।
- गन्तव्य मुलुकमा स्थापना भएका सुरक्षित गृहहरूको सुदृढीकरण र अन्य आप्रवासी नेपाली महिला कामदारहरू रहेको गन्तव्य मुलुकहरूमा समेत सेवा विस्तार गर्नुपर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार समिति कतारबीच आप्रवासी नेपाली कामदारहरूको संरक्षणका लागि सम्पन्न भएको समझदारीपत्रको कार्यान्वयनको लागि र अन्य गन्तव्य मुलुकहरूमा यस्तै प्रकृतिको समझदारीपत्र सम्पन्न गर्नका लागि सहजीकरण गर्न सहयोग गर्नुपर्ने ।

- दक्ष आप्रवासी कामदारहरूका लागि प्रोत्साहित गर्नुको साथै सम्भावित आप्रवासी कामदारहरूको लागि कम्तीमा तीन महिनाको व्यावसायिक तालिमको अनिवार्य व्यवस्था गरिनुपर्ने । तालिमका लागि रकम तिर्न नसक्ने असक्षम व्यक्तिहरूलाई सहयोगको व्यवस्था मिलाउनुपर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र वैदेशिक रोजगार ऐन २०६४ लाई मानव बेचबिखनको सबाललाई प्रभावकारी रूपमा सम्बोधन गर्ने गरी संशोधन गर्नुपर्ने साथै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, नियमावली २०६५ र वैदेशिक रोजगार ऐन २०६४ को प्रभावकारी कार्यान्वयन गर्ने ।
- पीडितको मानव अधिकार संरक्षणका लागि र बेचबिखन, तस्करीबाट प्रभावित व्यक्तिहरू र अलेखबद्ध आप्रवासी कामदारहरूको सबाललाई सम्बोधन हुने गरी अध्यागमन ऐन र राहदानी ऐनको संशोधन गर्नुपर्ने ।
- गृह मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, नेपाल प्रहरी र महान्यायाधिवक्ताका प्रतिनिधि सम्मिलित वि.सं २०६९ मा गठन भएको उच्चस्तरीय समन्वय समितिलाई पीडितलाई प्रभावकारी न्याय दिलाउनका लागि सक्रिय रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने ।
- वैदेशिक रोजगारबाट फर्केका, फिर्ता गरिएकाहरूको सङ्ख्या, हिरासतमा भएकाहरूको सङ्ख्या, प्रकृति र समस्या एवम् जीवन गुमाएका आप्रवासी कामदारहरूको अद्यावधिक अभिलेखीकरणसहित तथ्याङ्क राख्नुपर्ने ।
- भारत हुँदै तेस्रो मुलुकमा वैदेशिक रोजगारका लागि जाने आप्रवासी कामदारहरूको तथ्याङ्क तथा जानकारी राख्न भारतीय सरकारसँग द्विपक्षीय सम्बन्ध स्थापित गर्नुपर्ने ।
- आप्रवासी नेपाली कामदारहरूको अवस्थाको बारेमा घर-परिवार सर्भेक्षण माध्यमद्वारा अध्ययन तथा अनुसन्धान गर्न गराउन ।
- खाडी मुलुकहरूमा रहेका महिला कामदारहरूको अवस्थाको बारेमा, विवाहको बहानामा र मानव अङ्ग झिक्ने प्रयोजनका लागि हुने बेचबिखनका विषयमा अध्ययन तथा अनुसन्धान गर्न-गराउन ।

अनुसूची : एक

सम्मेलन तथा गोष्ठीबाट प्राप्त सुझावहरू

आप्रवासी कामदारहरूको मानव अधिकारसम्बन्धी क्षेत्रीय सम्मेलन विराटनगर

(श्रावण १६ र १७, २०७४)

विराटनगर सम्मेलनका सुझावहरू

संवैधानिक रूपमा मानव अधिकारको संरक्षण तथा संवर्द्धन र नागरिकको मानव अधिकार सुनिश्चित गराउने दायित्व राष्ट्रिय मानव अधिकार आयोगको रही आएको छ ।

आप्रवासी कामदार र तिनका परिवारहरूको संरक्षणका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धि १९९० ले पनि आप्रवासी कामदारको अधिकार संरक्षणमा विभिन्न व्यवस्था गरेको पाइन्छ । यद्यपि नेपाल सरकारबाट हालसम्म यस महासन्धिको अनुमोदन गरिसकेको अवस्था छैन । नेपाल सरकारले उक्त महासन्धिको अनुमोदन गरी लागू गर्नुपर्दछ भनी आयोगले सरकारलाई सिफारिससमेत गरिसकेको छ ।

नेपालको कुल जनसङ्ख्याको करिब २० प्रतिशत बढी नागरिक वैदेशिक रोजगारीमा विभिन्न मुलुकमा गएको विभिन्न तथ्याङ्कहरूबाट देखिन्छ । यद्यपि यकिन तथ्याङ्क सरकारसँग पनि रहेको पाइदैन । राष्ट्रिय मानव अधिकार आयोग, आप्रवासमा रहेका कामदारको यकिन तथ्याङ्क सङ्कलन गरी उनीहरू र तिनका परिवारको मानव अधिकार संरक्षण गर्न नेपाल सरकारलाई आग्रह गर्दै आइरहेको छ । विदेशमा गई कठिन श्रमबाट कमाएर देशमा भित्र्याएको रेमिट्यान्स उनीहरूकै हितमा लगाई समग्र राष्ट्रको विकासमा टेवा पुऱ्याउनुपर्छ भन्ने विषयमा पनि आयोगले सरकारलाई सुझाव दिँदै आएको छ ।

छिमेकी मुलुक भारतबवाहेक अन्य मुलुकहरूमा करिब ४० लाख बढी रोजगारीको सिलसिलामा गएको पाइन्छ । यसर्थ, उनीहरूको अधिकारको संरक्षणका लागि नेपाल सरकारबाट केही प्रयास भए पनि कानुनी तथा नीतिगत रूपमा ती प्रयासहरू प्रयाप्त छैनन् भन्ने आयोगको ठहर छ । राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारको अधिकार संरक्षण गर्नका लागि पहिलो प्राथमिकता दिनुपर्छ भन्ने रणनीतिक उद्देश्यका साथ अभियान सुरु गरिरहेको छ । यस सिलसिलामा यही २०७४ श्रावण १६ र १७ गते विराटनगरमा प्रदेश नं. १ का १३ जिल्लाहरू (मोरङ, सुनसरी, झापा, इलाम, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु) का सरकारी कार्यालयहरू तथा गैरसरकारी निकाय प्रतिनिधिहरूलाई आमन्त्रण गरी क्षेत्रीय सम्मेलन कार्यक्रम सम्पन्न भएको छ । उक्त सम्मेलनबाट आप्रवासी कामदारहरूको वर्तमान अवस्था र उनीहरूको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि गहन छलफल र सुझावहरू प्राप्त भएका छन् । उक्त सम्मेलनबाट प्राप्त सुझाव सल्लाहका आधारमा अब गर्नुपर्ने कदमहरूका बारेमा नेपाल सरकार र सम्बन्धित क्षेत्रलाई सम्मेलनमार्फत निम्न सुझावहरू दिइएका छन् :

१. वैदेशिक रोजगारीमा रहेका आप्रवासी कामदारहरूको नेपालबाट जाने तथ्याङ्क र गन्तव्य मुलुकहरूमा उनीहरूको मानव अधिकार अवस्थाका बारेमा स्थानीय तहमा तथ्याङ्क यकिन गर्न कानुन निमार्ण गरी अनिवार्य रूपमा लागू गर्ने व्यवस्था गर्नुपर्ने ।

२. वैदेशिक रोजगारमा जानुअघि कम्तीमा गन्तव्य देशको भाषा, तालिम, सीप (Skill Test) परीक्षण पास गरी कानुनी प्रक्रिया पूरा गरी मात्र जाने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र बिमालगायत क्षतिपूर्तिसमेतको व्यवस्थालाई सहज बनाई अनिवार्य रूपमा लागू गर्नुपर्ने ।

३. आप्रवासी कामदारको परिवारको संरक्षण र तिनका परिवार विखण्डन हुनबाट जोगाउन आवश्यक पूर्वसतर्कताका उपायहरू अवलम्वन गर्न नीतिगत व्यवस्था गर्नुपर्ने साथै जेष्ठ नागरिक, आश्रित बालबालिका, महिला तथा अशक्त परिवारजनको संरक्षणको लागि सरकारले विशेष योजना ल्याउनुपर्ने ।

४. आप्रवासी कामदारहरू विभिन्न मुलुकमा विभिन्न झुट्ठा मुद्दामा सयौँ सङ्ख्यामा कैद, जन्मकैद र मृत्युदण्डको सजायसमेत पाएका विभिन्न माध्यमबाट बाहिर आइरहका छन् । सयौँ आप्रवासी कामदारहरू घाइते, अङ्गभङ्ग भइरहेको अवस्था देखिन्छ । कानुनी र कूटनीतिक तहबाट यथाशीघ्र उनीहरूको जीवनरक्षा र सुरक्षाको लागि आवश्यक पहल गर्नुपर्ने । श्रम सहचारीहरूको भूमिकालाई प्रभावकारी बनाउने ।

५. आप्रवासी कामदारहरूले भित्र्याएको रकम रेमिट्यान्सलाई राष्ट्रको विकास पूर्वाधारहरू, जस्तो : हाइड्रोपावर, ठूला पूर्वाधार परियोजना, उत्पादनशील क्षेत्र, ठूला सडक, उद्योग आदिमा लगानी प्रवर्द्धन गरी उनीहरूलाई विकास निमार्णमा लाग्न, स्वदेशमै रोजगारी सिर्जना गरी उनीहरूको अधिकार संरक्षण गर्नुपर्ने देखिन्छ । साथै यसका लागि नेपाल सरकारले अनिवार्य रूपमा उनीहरूले भित्र्याएको रकमको एक चौथाइ अनिवार्य बचतको व्यवस्था गर्न र उक्त बचतलाई सयमा गणना गरी केही प्रतिशत रकम सरकारबाट प्रोत्साहनस्वरूप थप गर्न र उनीहरूले लगानी गरेका अन्य उद्योगहरूमा निश्चित समयका लागि कर छुटको समेत नीतिगत रूपमा व्यवस्था गर्नुपर्ने ।

६. वैदेशिक रोजगारमा गएको कारण स्वदेशमा श्रमिकको अभाव हुन गई खेतीयोग्य जमिन वाँझो भई कृषि उत्पादनमा वर्षेनि ह्रास हुँदै गएकाले देशको समग्र जिडिपीमा कृषि क्षेत्रको योगदानमा ह्रास हुन आएकोले यसतर्फ सरकारले युवाहरूलाई कृषिजन्य कार्यमा प्रोत्साहन गर्न स्पष्ट नीति अवलम्बन गरी प्रक्रियागत रूपमा कार्यान्वयन गर्नुपर्ने । कार्यान्वयन नगर्ने निकाय तथा तिनका पदाधिकारीलाई कानुनबमोजिम कारबाहीको व्यवस्था गर्नुपर्ने ।

७. वैदेशिक रोजगारमा कुन देशमा कस्ता श्रमशक्ति भएको नागरिक जान चाहने हो नेपाल सरकार तथा सम्बन्धित निकायले पहिचान गरी अनिवार्य रूपमा स्थानीय तहबाटै पहिचान गर्ने गरी कानुनमै आवश्यक व्यवस्था गरी अनिवार्य रूपमा श्रम-सम्झौता गरी (जस्तै : दक्षिण कोरिया) सरकारलाई पठाउनुपर्ने ।

८. ५० हजारभन्दा बढी नेपाली श्रमिकहरू भएको देशमा राष्ट्रिय मानव अधिकार आयोगले वर्षमा दुईपटक अनुगमन गरी वास्तविक अवस्था सार्वजनिक गरी नेपाल सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गरी आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण गर्नुपर्ने देखिन्छ । र, आवश्यकताअनुसार आप्रवासी कामदार कार्यरत अन्य गन्तव्य मुलुकहरूमा अनुगमन टोली खटाई मानव अधिकार अवस्थाको बारेमा अनुगमन गरी सुधार गर्नुपर्ने कुरामा सम्बन्धित नियकायहरूको ध्यानाकर्षण गर्नुपर्ने ।

९. वैदेशिक रोजगारीमा लगाइदिने बहानामा विभिन्न प्रलोभनमा ठगी गर्ने, भ्रुक्यानमा पारी महिलाहरूलाई बेचबिखन गर्नेमाथि कडा कारबाही गर्न कानुनमा सामयिक सुधार गरी प्रहरी/प्रशासन तथा सम्बन्धित निकायलाई सरकारी मुद्धा सम्बन्धी ऐन तथा विशेष कार्यविधि ऐनअनुसार कारबाही गर्न सक्ने अधिकारको व्यवस्था गर्नुपर्ने ।

१०. स्थानीय निकायहरूमा (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासमेत) विषेश सूचना केन्द्र (हेल्प डेक्स) को लागि अनिवार्य रूपमा कर्मचारी दरबन्दीको कानुनमै आवश्यक व्यवस्था गर्नुपर्ने ।

११. वैदेशिक रोजगारमा रहेका आप्रवासी कामदारहरूलाई मानव अधिकारको सम्मान, मर्यादा र न्यायको मूल मन्त्रलाई आत्मसात गर्दै कानुनी रूपमा र कूटनीतिक रूपमा नेपाल सरकारले आवश्यक पहल गरी सम्बन्धित देशका नागरिकले गर्ने श्रमसरह समान काममा समान ज्यालाको लागि विशेष पहल गर्नुपर्ने ।

१२. वैदेशिक रोजगारमा रहेका सबै देशहरूसँग सरकारी तथा कूटनीतिक स्तरबाट आवश्यक समन्वय गरी यस विषयमा एकअर्का देशबीच बृहत् क्षेत्रीय, अन्तर्राष्ट्रिय स्तरको सम्मेलन छलफलबाट आप्रवासी कामदारहरूको समस्याहरू समाधान गर्न पहल गर्नुपर्ने ।

१३. वैदेशिक रोजगारीबाट भित्रिएका सीप, ज्ञान, प्रविधि तथा श्रमपुँजीलाई स्थानीयकरण गरी क्षेत्रगत रूपमा उत्पादनशील कार्यमा लगाउन नेपाल सरकारलाई नीतिगत सिफारिस गर्नुपर्ने ।

१४. वैदेशिक रोजगारीमा रहेका आप्रवासी कामदारहरूले कमाएको आम्दानी रकमलाई सहज रूपमा नेपालमा पठाउन र उक्त रकमको सही सदुपयोग गर्नका लागि बैङ्क तथा नेपालको आधिकारिक वित्तीय संस्थामार्फत सम्बन्धित व्यक्तिले प्राप्त गर्न सरकारीस्तरबाट सम्बन्धित देशमा कूटनीतिक रूपमा आवश्यक पहल गर्नुपर्ने ।

आप्रवासी कामदारको मानव अधिकार संरक्षणसम्बन्धी सम्मेलन

२०७४ जेष्ठ २९ -३०

जनकपुर

जनकपुर सम्मेलनको सुझावहरू

१. सुरक्षित वैदेशिक रोजगारका क्षेत्रहरूमा काम गर्ने नेपाल सरकारका निकायहरू, गैरसरकारी सङ्घसंस्थाहरू, विकासका साझेदारहरूबीच नियमित समन्वय र सहकार्य गर्ने गराउने ।

२. सञ्चार माध्यमहरूले वैदेशिक रोजगारसँग तथ्यगत, जानकारीमूलक समाचारहरू सम्प्रेषण गर्ने गराउने ।

३. आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी, वैदेशिक रोजगार जानुअघि पर्याप्त तयारी हुनुपर्ने भन्ने विषयहरूलाई जनस्तरमा व्यापक चेतना फैलाउने कार्यहरू गर्ने गराउने ।

४. पीडितहरूलाई स्वदेशमा आइपर्ने समस्या, गन्तव्य मुलुकमा आइपर्ने समस्याहरूलाई शीघ्र सम्बोधन गर्ने गराउने व्यवस्थाको लागि वैदेशिक रोजगार विभागले प्रदान गर्ने सेवालाई जिल्ला तथा स्थानीय तहसम्म पुऱ्याउने व्यवस्था गर्ने गराउने ।

५. वैदेशिक रोजगारमा गएका कामदारहरूबाट प्राप्त विप्रेषणलाई आयमूलक, उत्पादनमूलक ठूला उद्योगहरूमा लगानी गर्ने व्यवस्था गर्न गराउन ।

६. युवाहरूलाई दक्ष तथा योग्य बनाउन राज्यद्वारा एकीकृत तालिम परिषद्को गठन गरी वैदेशिक रोजगारमा जाने तथा स्वदेशमै रोजगारका लागि योग्य बनाउने प्रकारका तालिमहरू एकद्वार प्रणालीबाट गर्ने गराउने ।
७. वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले आय गरेका रकमहरूलाई स्वदेशमा सुरक्षित रूपमा बैङ्किङ पद्धतिमार्फत ल्याउने व्यवस्था गर्न गराउन
८. देशमा प्रत्येक वर्ष उत्पादन हुने श्रमशक्तिको प्रभावकारी उपयोगको लागि मानव संशाधन उपयोगको राष्ट्रिय, प्रादेशिक तथा स्थानीय योजना/कार्ययोजना बनाई कार्यन्वयन गर्ने गराउने ।
९. सुरक्षित वैदेशिक रोजगारका क्षेत्रमा कार्यरत नेपाल सरकारका निकायहरू, गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानव अधिकार आयोगलगायतका निकायहरूको जिल्ला तहमा कम्तीमा ६/६ महिनामा समन्वय बैठक तथा छलफल गर्ने/गराउने ।
१०. प्रत्येक निकाय तथा संस्थाहरूबीच विषयवस्तुका आधारमा प्रेषण (Referral) को व्यवस्था गर्ने/गराउने ।
११. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूलाई नेपाल सरकारले शून्य प्रतिशतमा ऋण उपलब्ध गराउने व्यवस्था गर्न/गराउन
१२ पीडितहरूलाई न्याय दिलाउने उद्देश्य सहित वैदेशिक रोजगार ऐन संशोधन गर्ने गराउने ।
१३. वैदेशिक रोजगारका क्रममा प्राप्त हुने विप्रेषणलगायतको रकम उनीहरूकै संरक्षण र संवर्द्धन गर्नका लागि राज्यद्वारा बजेट विनियोजन तथा प्राथमिकतामा राख्ने व्यवस्था गर्न गराउन ।

नेपालमा सुरक्षित वैदेशिक रोजगारको लागि सुधार गर्नुपर्ने नीतिगत विषयहरू "Policy Reform Issues on Safe Foreign Labor Migration in Nepal" विषयक राष्ट्रिय परामर्श छलफल कार्यक्रम

काठमाडौँबाट प्राप्त सुझावहरू

१. वैदेशिक रोजगार ऐनलाई शोषण, जबर्जस्ती श्रम, मानव बेचबिखन तथा मानव तस्करीजस्ता गतिविधिलाई कसुर घोषित गर्ने गरी संशोधन गरिनुपर्ने, नेपाल कानुनले स्थापित श्रम अधिकर तथा मानव अधिकारहरू सङ्कुचन हुने गरी कुनै व्यवस्था नगर्ने ।
२. पीडितहरूको उजुरी गर्ने निकायहरूमा सहज पहुँच तथा क्षतिपूर्ति प्रदान गर्ने संयन्त्रमा आप्रवासी श्रमिकहरूको सहभागिताको सुनिश्चित गर्ने ।
३. वैदेशिक रोजगारमा जान इच्छुक महिलाहरूले आप्रवासनको प्रक्रियामा विभेदपूर्ण बन्देज/व्यवहारहरूको सामना गर्न नपर्ने व्यवस्था सुनिश्चित गर्ने र उनीहरूलाई असुरक्षाको जोखिमबाट संरक्षण गर्न विशेष व्यवस्था गर्ने ।
४. "निःशुल्क भिसा निःशुल्क टिकट" नीतिलगायत कानुनले तोकेको सीमाभन्दा बढी शुल्क लिन नपाउने नियमलाई कडाइका साथ लागू गर्ने । श्रमिकले तिरेको शुल्कको शीर्षकगत विवरण खुलाएर रसिद दिने कुरा सुनिश्चित गर्ने र यो नियम उल्लङ्घन गर्नेलाई अनिवार्य कारावाहीको दायरामा ल्याउने ।
५. दोहोरो करार वा नक्कली करार दिने काम अन्त्य गर्ने र करारपत्रसहित वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रकारका कागजातहरू कम्तीमा सात दिनअगावै श्रमिकको हातमा पर्ने कुराको सुनिश्चितता गर्ने ।

६. सीपयुक्त कामदार पठाउने प्रभावकारी व्यवस्था गर्ने; जस्तै : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भूमिकालाई प्रभावकारी बनाउने ।

७. वैदेशिक रोजगारमा जाने व्यक्तिहरू उडान तालिका निश्चित भएको दिनको कम्तीमा सात दिनअगावै प्रवेशाज्ञा (Visa) को कागजातहरूको छानबिन गरी प्रवेशाज्ञा (Visa) उपलब्ध गराउने व्यवस्थाको सुनिश्चितता गर्ने ।

८. आप्रवासी श्रमिकहरूको अधिकार, क्षतिपूर्ति एवम् बीमा, सरकारी निकायहरू (विदेशस्थित नेपाली दूतावाससमेत) बाट प्राप्त हुने सहयोग, कल्याणकारी कोषबाट प्राप्त हुने क्षतिपूर्ति तथा समस्यामा पर्दा कहाँबाट कस्ता सहायता कसरी लिन सकिन्छ वा कसरी उजुरी गर्न सकिन्छ भन्नेजस्ता श्रमिकका अधिकार र सुरक्षासम्बन्धी जानकारीहरू हरेक आप्रवासी एवम् तिनका परिवारले पाउने कुराको सुनिश्चित गर्न विशेष कार्यक्रम लागू गर्ने ।

९. आप्रवासी श्रमिकहरूको वैदेशिक रोजगार गमन प्रक्रियामा सहजीकरण गर्ने र न्याय सम्पादन गर्ने निकायहरूमा कार्यरत कर्मचारीहरूलाई श्रमिक अधिकार, मानव अधिकार र श्रमिकमैत्री व्यवहारका बारेमा प्रशिक्षण दिने व्यवस्था मिलाउने एवम् त्यस्ता निकायमा कार्यरत कर्मचारीहरूबाट आर्थिकलगायतका भ्रष्टाचारहरू हुन नदिन प्रभावकारी उपाय अवलम्बन गर्ने ।

१०. आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण र उनीहरूको सुरक्षा अभिवृद्धि गर्न सुझाव दिन गठित विभिन्न कार्यदलका सुझाव, मन्त्री वा प्रधानमन्त्रीस्तरीय घोषणा र यस सम्बन्धमा संसदीय एवम् कार्यकारी निकायबाट भएका निर्णय एवम् अदालत तथा न्यायाधीकरणबाट भएका फैसलाहरू कार्यान्वयन गर्ने ।

११. काठमाडौँमा मात्रै केन्द्रीकृत वैदेशिक रोजगारसम्बन्धी निकायहरूको विकेन्द्रीकरण गरी श्रमिकहरूको सेवा र न्यायमा पहुँच सहज बनाउने । तत्कालका लागि जिल्ला प्रशासन कार्यालय वा प्रदेश कार्यालयबाटै यी नियकायका सेवाहरू उपलब्ध गराउने ।

१२. वैदेशिक रोजगार कम्पनी र एजेन्टहरूको नियमनका लागि प्रभावकारी अनुगमन, नियमन, पारदर्शिता र जवाफदेहितामा सुधार गर्ने ।

१३. प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई थप व्यावहारिक बनाउने र त्यस प्रशिक्षणमा श्रमिकका अधिकार एवम् कुनै समस्या आइपरेमा उपचार कसरी खोज्ने भन्ने विषयसमेत समावेश गर्ने ।

१४. खुल्ला सिमानाका कारण भारतमा रोजगारीका लागि जानेहरूको तथ्याङ्क राखिएको छैन । साथै वैदेशिक रोजगारीको व्याख्यामा समेत नसमेटिएको हुँदा यसमा तत्कालै नेपाल सरकार प्रस्ट हुनुपर्ने ।

१५. सरकारले श्रमिकहरूको सर्वसुलभ रूपमा स्वास्थ्य परीक्षणको सुनिश्चितता गर्नुपर्ने ।

१६. गन्तव्य मुलुकहरूसँग श्रमिकहरूको अधिकार सुनिश्चित हुने गरी श्रम-सम्झौता गर्ने । त्यहाँ कार्यरत रहँदा उनीहरूमाथि पर्न आउने समस्या समाधानका लागि विदेशस्थित कूटनीतिक नियोग तथा नेपाल सरकारले प्रभावकारी भूमिका खेल्नुपर्ने ।

१७. आप्रवासी श्रमिकहरूको मानव अधिकारसम्बन्धी महासन्धि तथा मानव बेचबिखनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रोटोकोललाई अनुमोदन गर्ने र नेपालको मानव बेचबिखनसम्बन्धी ऐनमा श्रम शोषणका लागि हुने मानव ओसारपसार एवम् बेचबिखनको विषयसमेत उल्लेख गर्ने ।

अनुसूची : दुई

सीयोल निर्देशिका (Seoul Guideline)

Seoul Guidelines on the Cooperation of NHRIs for the Promotion and Protection of Human Rights of Migrants in Asia, Seoul, Korea (2008).

International Conference on Human Rights of Migrants and Multicultural Society
Dignity and Justice for All Migrants

Seoul, Korea
10–12 November 2008

Seoul Guidelines

On the Cooperation of NHRIs for the Promotion and Protection of Human Rights of Migrants in Asia

Preamble

The International Conference on Human Rights of Migrants and Multicultural Society—Dignity and Justice for All Migrants held in Seoul, Korea on 10-12 November 2008,

Reaffirming the Universal Declaration of Human Rights which proclaims that all human beings are born free and equal in dignity and rights and that everyone is entitled to all the rights and freedoms set out therein, without distinction of any kind, in particular as to race, colour or national origin,

Recalling the universal instruments agreed upon by States to safeguard human rights and fundamental freedoms, including the Universal Declaration of Human Rights (UDHR), the International Covenant on Civil and Political Rights (ICCPR), the International Covenant on Economic, Social, and Cultural Rights (ICESCR), the International Convention on the Elimination of All Forms of Racial Discrimination (ICERD), the Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW), the Convention on the Rights of the Child (CRC), the Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT), the International Convention on the Protection of the Rights of All Migrant Workers and Members of their Families (ICRMW), the International Convention on Rights of Persons with Disabilities (ICRPD), relevant International Labour Organization conventions, and regional instruments,

Welcoming the entry into force of the International Convention on the Protection of the Rights of All Migrant Workers and Members of their Families (1 July 2003), reaffirming its importance as a baseline for migrant workers' rights, and recognizing the important work of the Committee on Migrant Workers,

Welcoming the UNESCO Convention on the Protection and Promotion of the Diversity of Cultural Expressions,

Recognizing that these instruments establish a framework for the protection of the rights and fundamental freedoms of all human beings,

Recognizing the important role played by the human rights organs of the United Nations, including the guidance and jurisprudence of the treaty bodies, the Human Rights Council, and special procedures including, notably, the Special Rapporteur for the promotion and protection of the human rights of migrants and his visits to Asian countries such as Indonesia, South Korea, and the Philippines,

Reaffirming the Durban Declaration and Programme of Action (DDPA), adopted at the World Conference against Racism, Racial Discrimination, Xenophobia and Related Intolerance (WCAR) in Durban, South Africa, September 2001, as a landmark document in global efforts to eradicate racism, racial discrimination, xenophobia and related intolerance,

Welcoming the convening of the Durban Review Conference (DRC) which is to take place in Geneva on 20-24 April 2009, and the establishment of the International Coordinating Committee (ICC) of National Institutions for the Promotion and Protection of Human Rights Working Group on the DRC at the 9th International Conference of National Institutions (ICNI) in Nairobi, Kenya, October 2008,

Recognizing the importance of a human rights-based approach to migration, as well as the full participation of NHRIs, in the Global Forum on Migration and Development process,

Welcoming the timely adoption on 5 November 2008 of General Recommendation No. 26 of the Committee on the Elimination of Discrimination Against Women (CEDAW) on Women Migrant Workers who may be at risk of abuse and discrimination,

Noting that migration can be a positive social force as migrants make valuable contributions to economic growth and development in both home and host countries, including poverty reduction, and as migrants contribute to the vitality of a diverse society and to more enlightened relations among peoples,

Noting also that the situation of migrant workers and their families has become a critical contemporary human rights issue worldwide, particularly in relation to exploitation by traffickers, people smugglers, recruitment agents, and corrupt officials; deaths and injury in transit; discrimination and xenophobia; various forms of exploitation including sexual abuse; subjection to forced labour, slavery, practices akin to slavery; and intolerable working conditions; and inhumane treatment in cases of arrest, detention and deportation,

Recognizing the unique role played by NHRIs in applying international human rights standards at the national level, thereby ensuring their independence and effectiveness in accordance with the Paris Principles, which enables them to contribute to the promotion and protection of migrant rights through dialogue between public authorities and civil society groups at the national level,

Urging therefore the continued enhancement of the role and participation of NHRIs in international human rights mechanisms, such as the Human Rights Council (Universal Periodic Review and Special Procedures) and Human Rights Treaty Bodies, as well as in regional human rights initiatives,

Reaffirming that NHRIs in the Asia-Pacific region should continuously play an active role in protecting and promoting human rights in the region, with special efforts to advocate for a human rights approach to migration and migration management, and to promote the establishment of NHRIs in countries where they are not yet established,

Welcoming the efforts and progress made by the Asia Pacific Forum of National Human Rights Institutions (APF) concerning migration issues, in particular, trafficking of women and children

Welcoming the efforts made by the ASEAN NHRI Forum to contribute to the development and establishment of an intergovernmental human rights body in accordance with the ASEAN Charter, and the contributions of the Civil Society Task-Force on ASEAN Migrant Workers to the ASEAN Declaration on the Protection and Promotion of the Rights of Migrant Workers (Cebu 2007),

Recalling the key concerns and issues identified by the Jakarta Process Review related to existing legal, institutional, and policy frameworks in the countries studied which are considered detrimental to the human rights of migrants in an irregular situation and migrant domestic workers,

Expressing solidarity with the Jakarta Process Review—Appeal to the Asia Pacific Forum in its Call for Regional Standard-setting on the Human Rights of Migrants in an Irregular Situation and Migrant Domestic Workers (Kuala Lumpur 2008),

Noting the importance of inter- and intra-regional relationships among NHRIs given the nature of migration and the capacity to share information and support when dealing with migrants and specific migration issues,

Reaffirming the need for increased cooperation and sharing of information and best practices, including the development of specific joint programs and mechanisms, among NHRIs at regional and international levels,

Noting with great interest similar calls for cooperation among NHRIs in other regions, including the creation of mechanisms for communication and coordination between human rights institutions, a call for NHRIs to engage in transnational cooperation and to make use of their networks to communicate on migration issues, and to make recommendations to strengthen cooperation between NHRIs to ensure the promotion and protection of all human rights of migrants,

Welcoming the outcome of the Seoul Conference on Human Rights of Migrants and Multicultural Society (Seoul, 10-12 Nov. 2008) which recognizes the urgent need to develop strategies and action-oriented guidelines to strengthen and promote cooperation among NHRIs in Asia in addressing challenges identified during the Conference,

Recalling the Seoul Commitment to "promote, where relevant, regional cooperation among NHRIs" in order to implement the Seoul Declaration of the 7th International Conference of National Institutions for the Promotion and Protection of Human Rights held in Seoul on 14-17 September 2004,

Welcoming the establishment of the Seoul Process as a framework for cooperation among NHRIs and other stakeholders,

adopts the following guidelines on the cooperation of NHRIs for the promotion and protection of the human rights of migrants in Asia.

SECTION I

Principal Areas of Action

NHRIs in Asia are encouraged to take action in the following areas for the purpose of promoting and protecting the human rights of migrants:

International Human Rights Mechanisms and Processes

1. Standard-setting on women migrant workers at the international and regional level,
2. Promoting universal ratification of the International Convention on the Protection of the Rights of All Migrant Workers and Members of their Families, particularly among destination countries in Asia,
3. Promoting universal ratification and implementation of all other international UN human rights treaties and ILO conventions relevant to migrant issues,
4. Promoting ratification of the 2nd Palermo Protocol to the UN Convention against Transnational Organized Crime,
5. Ensuring regular reporting on and implementation of the concluding observations and recommendations associated with the human rights treaties above,
6. Encouraging removal of reservations to ratified human rights treaties,
7. Strengthening of cooperation with the Special Rapporteur on the human rights of migrants and other Special Procedures established by the Human Rights Council (HRC)
8. Participating in the Universal Periodic Review (UPR) mechanism and ensuring implementation of its recommendations
9. Participating in the Global Forum on Migration and Development,
10. Enhancing cooperation with the Office of the High Commissioner for Human Rights (OHCHR), particularly with the National Institutions Unit (NIU) and Asia and the Pacific Unit
11. Enhancing cooperation with international organizations, in particular, International Labor Organisation (ILO), UN High Commissioner for Refugees (UNHCR) and International Organisation for Migration (IOM)
12. Institution-building related to the ASEAN Declaration on the Protection and Promotion of the Rights of Migrant Workers (January 2007),

National Implementation of International Human Rights Standards

13. Encouraging and supporting establishment of independent NHRIs in conformity with the Principles Relating to the Status and Functioning of National Institutions for Protection and Promotion of Human Rights (Paris Principles),

14. Strengthening of NHRI mandates with regard to the human rights of migrants,

15. Developing and implementing National Action Plans (NAP) that include the human rights of migrants, and ensuring the implementation of such NAPs,

16. Harmonizing national legislation and policies in conformity with international human rights standards,

17. Improving policy coordination among government agencies in addressing issues of migration based on human rights principles,

18. Enhancing cooperation and collaboration with relevant government agencies,

19. Enhancing cooperation with stakeholders such as NGOs, academia, media and other civil society actors,

20. Ensuring participation of migrants in the policy decision-making process and policy implementation,

Remedies and Services

